कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड

## Suryakunda Hydro Electric Limited

रजिष्टर्ड ठेगाना : काठमाडौं महानगरपालिका, वडा नं. ११, ट्रेडटावर, थापाथली, काठमाडौं, नेपाल
फोन नं. : ०१-५९११०९३
वेबसाइट: www.suryakundahydro.com.np इमेल: suryakundahydro@gmail.com

को

(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१), धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० को उपदफा (१) र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु. ६८,९६,७४,४००/- (अडसट्ठी करोड छयानब्बे लाख चौरत्तर हजार चार सय मात्र) को २०.००% अर्थात १३,७९,३५० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये यस विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु. ६,८९,६७,५००/- (छ करोड उनानब्बे लाख सड्सट्ठी हजार पाँच सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ६,८९,६७५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् नुवाकोट जिल्लाको दुप्चेश्वर गाँउपालिकाको सम्पूर्ण वडा बासी स्थानीय बासिन्दाहरुको लागी शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिनेछ । साथै, आयोजना प्रभावित क्षेत्र नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिकाको बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात् सर्वसाधारणलाई जारी पूँजीको १०% अर्थात रु. ६,८९,६७,५००/- रकम बराबरको रु. १००/- अंकित दरका ६,८९,६७५ कित्ता शेयर सार्वजनिक निष्काशन गरिनेछ । सो मध्ये ६८,९६७ कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई (१० प्रतिशत), १३,७९३ कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई र ३४,४८४ कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ५,७२,४३१ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

**दरखास्त साथ प्रति साधारण शेयर रु. १००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

| विवरण | वास्तविक | | | अपरिष्कृत असोज मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ | आ.व.२०८२/०८३ | आ.व.२०८३/०८४ | आ.व.२०८४/०८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९४.५६ | ९५.२१ | ९४.७७ | ९६.०४ | ९३.५२ | ९८.०४ | १०४.८२ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | -२२,३९२ | -२६,४५० | -२८,८५५.९३ | -२१,८४६.३८ | -४४,६९८.२६ | -१३,५४९.०६ | ३३,२१७.०६ |
| प्रति शेयर आम्दानी (रु.) | -०.०८ | -०.४४ | -०.३१ | ५.०८ | -२.३० | ४.५६ | ६.८५ |

*नोट : आ.व.२०८२/८३ असोज मसान्त सम्मको अपरिष्कृत वित्तीय विवरण श्री शिशिर बि. एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्टले प्रमाणित गर्नुभएको हो ।*

**आयोजनाको नाम :** माथिल्लो तादी खोला जलविद्युत आयोजना
**जडित क्षमता :** ११ मेगावाट
**आयोजनाको कूल लागत :** कुल लागत रु. २,३६,८४,४०,०००/- [{Interest during construction (IDC)} सहित रहेको छ ।]
**प्रति मेगावाट लागत सम्बन्धी विवरण :** आयोजनाको प्रति मेगावाट लागत रु. २१,५३,१२,७२७.२७/- रहेको छ ।
**खुद वर्तमान मुल्य (NPV) :** ४,७७,१८,१०,०००/-
**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि :** अनुमतिपत्र बहाल रहने अवधि मिति २०७२/०६/२२ देखि २१०७/०६/२१ सम्म रहेकोले २६ वर्ष बाँकी रहेको छ ।
**साधारण लगानी फिर्ता हुने अवधि (PBP) :** ७.७१ वर्ष **आन्तरिक प्रतिफल दर (IRR):** ११.७६%
**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted PBP):** १६.०० वर्ष
माथिल्लो तादी खोला जलविद्युत आयोजनाको व्यापारिक विद्युत उत्पादन मिति (COD) २०८२ श्रावण १२ गते निर्धारण गरिएको र उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्रि भईरहेको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग ८ (पृष्ठ नं. २२) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**संस्थापक तथा संचालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले समेत सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैन ।**

**नियमन निकायको जवादेहीता नरहने उद्घोषण:**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण पत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवार लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लि.बाट इस्युर रेटिङ्ग गराई सो को रेटिङ्ग **मिति २०८२/०८/०२ गते** [CARE-NP BB-( IS) {Double B Minus (Issuer)}" प्रमाणपत्र प्राप्त गरेको छ । जसले समयमै कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेका] (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैद्यता **मिति २०८३/११/०८** सम्म रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ। "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरुलाई जनाउँदछ । दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँदछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२(ट) पृष्ठ नं. ५१ मा उल्लेख गरिएको छ ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०८२/०८/०२ — रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८३/११/०८

***यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा कर्मचारीहरुलाई बिक्री वितरण गरेको शेयर सार्वजनिक निष्काशन भएको शेयरको बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । साथै, सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।***

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८२/०८/२५ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८२/०८/२८ |
| विद्युत नियमन आयोगबाट कम्पनीको शेयरको सार्वजनिक निष्काशनको लागि सहमति प्रदान गरिएको मिति: २०८१/०१/२४ | |

| | न्यूनतम | अधिकतम |
|---|---|---|
| आयोजना प्रभावित क्षेत्र (प्रत्यक्ष प्रभावित र अप्रत्यक्ष प्रभावित) जिल्लाका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणहरुको लागि निष्काशन गरिनेछ । | १० कित्ता | ५०,००० कित्ता |

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा : | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति : | २०८२/०९/०९ गते |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०८२/०९/२३ गते (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०८२/१०/०८ गते (बैंकिङ्ग समय पश्चात्) |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा : | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति : | २०८२/०९/०९ गते |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | २०८२/०९/१४ गते (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | २०८२/०९/२३ गते (बैंकिङ्ग समय पश्चात्) |

***आयोजना प्रभावित क्षेत्रका बासिन्दा लाई निष्काशन गरेको शेयर पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा बाँकी रहेको शेयर सर्वसाधारणको लागि थप गरी निष्काशन गरिने छ ।***

*धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ४(क) को ४ र दफा ४(ख) को (९) मा भएको व्यवस्था बमोजिम आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि छुट्याएको शेयरमा आवेदन दिएकोले सर्वसाधारणमा निष्काशन गरिएको शेयरमा लगानी गर्न पाउने छैन ।*

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future

**कुमारी क्यापिटल लिमिटेड**
नागपोखरी,नक्साल, काठमाडौं
फोन:९७७-१-५९७००८२
इमेल: info@kumaricapital.com. वेबसाइट:www.kumaricapital.com

**ख.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंलाई सम्झनु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, वण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा वण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरीद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेड, ट्रेडटावर, थापाथली, काठमाडौंलाई सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

च) "आयोजना" भन्नाले कम्पनीद्वारा निर्माणाधीन ११ मेगावाट जडित क्षमताको माथिल्लो तादी खोला जलविद्युत आयोजना सम्झनु पर्दछ ।

छ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेका शेयरधनी भन्ने सम्झनु पर्दछ ।

ज) "साधारण फिर्ता हुने अवधि" भन्नाले लगानीको लागत उठाउन लाग्ने समय बुझ्नुपर्दछ ।

झ) "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि" भन्नाले आयोजनाको भविष्यमा हुने नगद प्रवाहलाई Weighted Average Cost of Capital (WACC) को आधारबाट डिस्काउण्ट गरेर आजको लगानी लागतमा ल्याउन लाग्ने समय बुझ्नुपर्दछ । [The discounted payback period is the amount of time that it takes for the initial cost of a project to equal the discounted value of expected cash flows.]

ञ) "निष्काशन बैंक" भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंक वा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

ट) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्दछ ।

ठ) "संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन" भन्नाले सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ड) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ढ) "आयोजना प्रभावित क्षेत्र" भन्नाले आयोजना प्रभावित क्षेत्र नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका को सम्पूर्ण वडाबासी स्थायी बासिन्दाहरुलाई जनाउँदछ ।

ण) "प्रति शेयर नेटवर्थ" भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल सेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

त) "प्रति शेयर आम्दानी" भन्नाले कर पछिको नाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

थ) "खुद सम्पत्ति (नेट वर्थ)" भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्दछ ।

द) "वैदेशिक रोजगारीमा रहेका नेपाली" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँदछ ।

ध) "विप्रेषण (रेमिट्यान्स्) बचत खाता" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

**ख.२ विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

**विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना :**

| सि.नं. | विवरण–पत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेबसाइट www.kumaricapital.com |
| २. | सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेड, ट्रेडटावर, थापाथली, काठमाडौं र वेबसाइट :www.suryakundahydro.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको वेबसाइट : www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

<table>
<tr><th>सि.नं.</th><th>दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :</th></tr>
<tr><td>१</td><td>
आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः
<table>
<tr><th>क्र.स.</th><th>संकलन केन्द्रको नाम</th><th>सम्पर्क व्यक्तिको नाम</th><th>सम्पर्क नम्बर</th></tr>
<tr><td>१.</td><td>श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड, आयोजना स्थाल, दुप्चेश्वर गाउँपालिका (साबिकको घ्याङफेदी गा.वि.स.) नुवाकोट ।</td><td>नन्द कुमार मण्डल</td><td>९७४५३०६८२२</td></tr>
<tr><td>२.</td><td>श्री ज्योती विकास बैंक लिमिटेड, समुन्द्रटार शाखा</td><td>अन्जना वस्ती</td><td>९८०२३१४१९६</td></tr>
<tr><td>३.</td><td>श्री कृषि विकास बैंक लिमिटेड, खरानिटार शाखा</td><td>संगिता श्रेष्ठ</td><td>९८४१४३३१५५</td></tr>
<tr><td>४.</td><td>श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खरानिटार शाखा</td><td>आशिष रुपाखेती</td><td>९८५१२३७१६८</td></tr>
<tr><td>५.</td><td>श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड, रजिष्टर्ड कार्यालय, ट्रेडटावर थापाथली वडा नं. ११, काठमाडौं ।</td><td>भानु भारती</td><td>९८०११४७०७६</td></tr>
</table>
आयोजना प्रभावित क्षेत्र (प्रत्यक्ष प्रभावित र अप्रत्यक्ष प्रभावित) का स्थानीय बासिन्दाहरुले तोकिएको संकलन केन्द्र मार्फत भौतिक रुपमा शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।
</td></tr>
<tr><td>२</td><td>बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणको हकमा :<br>वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंकतथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।</td></tr>
<tr><td>३</td><td>सर्वसाधारणहरुको हकमाः<br>सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।</td></tr>
</table>

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौ । साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरण (पत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारका कार्यालयमा आ.व.२०८०/०८१ सम्मका पेश गर्नुपर्ने विवरणहरु पेश गरेको हुनाले यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको व्यहोरा कम्पनी रजिष्ट्रारको मिति २०८२/०२/२७ गतेको पत्रबाट प्राप्त भएको छ ।

**ग.२.घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीका सञ्चालक वा प्रमुख कार्यकारी कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा प्रमुख कार्यकारी रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी हुन अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क) संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेड (Suryakunda Hydro Electric Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**

यस सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०२/३० मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०८०/०३/२१ गते पब्लिक लिमिटेडको रुपमा परिणत भएको हो ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११, ट्रेड टावर, थापाथलीमा रहेको छ । आवश्यकता अनुसार कम्पनी ऐन, २०६३ बमोजिम रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :**

यस सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडको आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु नुवाकोट जिल्ला, दुप्चेश्वर गाउँपालिका (साबिकको घ्याङफेदी गा.विस.)मा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

१) जलविद्युत आयोजनाको विकास, निर्माण र संचालन गर्ने मुख्य उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०२/३० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक प्रा.ली कम्पनीको रुपमा दर्ता भई मिति २०८०/०३/२१ गते बाट सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडमा परिणत गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०३/२५ गते कारोबार सञ्चालन गर्ने अनुमति प्राप्त गरी कारोबार गर्दै आएको छ ।

२) कम्पनीमा हाल ६०९ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा क्षेत्र, सामाजिक कार्य/बैदेशिक रोजगार, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दख्खल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३) कम्पनीले स्थापना भएपश्चात् नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका (साविकको घ्याङफेदी गा.वि.स.)मा अवस्थित तादी खोलाको पानी उपयोग गरी ११ मेगावाट क्षमताको माथिल्लो तादी खोला जलविद्युत आयोजनाको सर्वेक्षण गर्नका लागि विद्युत ऐन, २०४९ बमोजिम विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी सो आयोजनाको निमार्ण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुसार मिति २०७२/०७/१८ मा नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.२०७२/७३ वि.उ. १४४) प्राप्त गरी मिति २०७५/०८/०१ देखि आयोजनाको निर्माण कार्य शुरु गरेको हो । उक्त अनुमतिपत्रको बहाल रहने अवधि मिति २०७२/०६/२२ देखि मिति २१०७/०६/२१ सम्म (३५ वर्ष) रहेको छ ।

४) कम्पनीले यस आयोजनाबाट उत्पादित विद्युत शक्ति बिक्री गर्ने प्रयोजनका लागि श्री नेपाल विद्युत प्राधिकरणसँग मिती २०६८/१२/०३ Take or Pay प्रावधानमा आधारित विद्युत खरिद बिक्री सम्झौता (PPA) सम्पन्न गरेको छ । उक्त सम्झौता सम्पन्न गर्दाको अवस्थामा यस आयोजनाको व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति २०७८/१२/१० गते रहेको थियो ।

५) कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्रि सम्झौता (PPA) अनुसार आयोजनाको व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति पाचौं संशोधन अनुसार (RCOD) २०८१/०२/०४ गतेसम्म रहेको थियो । PPA मा भएको पाचौं संसोधन अनुसार व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति भन्दा करिब १३ महिना ढिला गरी आयोजनाबाट विद्युत उत्पादन भई राष्ट्रिय प्रसारण लाईनमा विद्युत प्रवाह भईरहेको छ । नेपाल विद्युत प्राधिकरणको मिति २०८२/०५/१२ को पत्र मार्फत आयोजनाको व्यापारिक विद्युत उत्पादन मिति (COD) २०८२/०४/१२ गते निर्धारण गरिएको छ । कम्पनीले आयोजनाको सम्पूर्ण निर्माण सम्बन्धि कार्यका साथै Dry Test हरु समेत मिति २०८२/०३/२५ गते सम्पन्न गरी परिक्षण विद्युत उत्पादन शुरु गर्दै मिति २०८२/०४/१२ गतेबाट पूर्ण रुपमा व्यापारिक विद्युत उत्पादन गरी आयोजना संचालन गरिरहेको छ ।

६) यस आयोजनाबाट उत्पादन हुने विद्युतशक्ति ७ कि.मि. लामो ३३ के.भि. विद्युत प्रसारण लाइन मार्फत दुप्चेश्वर गा.पा. वडा नं. ६ मा अवस्थित नेपाल विद्युत प्राधिकरणको समुन्द्रटार सव-स्टेसनमा पुऱ्याई बिक्री गर्ने र प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति मिति २०६८/१२/०३ मा कम्पनी र प्राधिकरण बिच सम्पन्न विद्युत खरिद बिक्रि सम्झौता बमोजिम गरिरहेको छ ।

७) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| आयोजनाको नाम : | माथिल्लो तादी खोला जलविद्युत आयोजना |
| आयोजनाको स्थल : | दुप्चेश्वर गाउँपालिका वडा नं.१ (साबिकको घ्याङफेदी गा.वि.स.वडा नं. ३) |
| श्रोत नदी : | तादी खोला |
| आयोजनाको किसिम : | रन अफ रिभर |

| | |
|---|---|
| डिजाइन डिस्चार्ज : | ६.१४ घ.मि.प्रति सेकेण्ड |
| उत्पादन हुने इनर्जी : | ६१.३१९ (GWh) |
| आयोजनाको उत्पादन क्षमता : | ११ मे.वा. |
| ग्रस हेड : | २१० मि. |
| डाइभर्सन बाँध : | २५ मिटर लम्बाई ३ मिटर उचाई |
| पेनस्टक : | लम्बाई २४५९.४६ मिटर, व्यास ०१.१४ मिटर देखि १.८० मिटर सम्म आन्तरिक व्यास भएको तथा ८ एमएम देखि ३२ एमएम सम्मका पेनस्टक पाइप, |
| अपरोच क्यानल : | लम्बाई ७६ मिटर, चौडाई २.२ मिटर, उचाई २ मिटर |
| डिस्यान्डीङ्ग वेसिन : | ५० मिटर लम्बाई, ५.५ मिटर चौडाई ४.०० उचाईको २ वटा च्याम्बर |
| पावरहाउस : | लम्बाइ २८.१० मिटर, चौडाई १३.१ मिटर, उचाई १८.१ मिटर |
| टेलरेस : | ७२.३५ मिटर लम्बाई, १.७ मिटर चौडाई, १.५ मिटर उचाई |
| टर्वाइन : | Horizontal Axis Pelton 2 Unit, ५५०० किलोवाट |
| जेनेरेटर : | भोल्टेज ११ केभि, ५० हर्ज, ६४७० केभिए प्रति युनिट |
| ट्रान्सफर्मर : | १६ एमभिए X १ |
| ट्रासमिसन लाइन : | ३३ के.भी, ७ किलोमिटर |
| व्यापारिक उत्पादन शुरु मिति : | २०८२ श्रावण १२ गते |
| आयोजनाको कुल लागत : | रु. २,३६,८४,४०,०००/- (Interest during construction) सहित |

८) कम्पनीले विद्युत खरिद सम्झौता गर्दाको समयमा अनुमान गरिएको र आयोजना सम्पन्न हुँदा लागेको लागत सम्बन्धी विवरण :

| **विद्युत खरिद बिक्रि सम्झौता गर्दाको समयमा गरिएको अनुमानित लागत रकम (रु.)** | **आयोजना निर्माण सम्पन्न हुँदा लागेको लागत रकम (रु.)** | **आयोजनाको लागत बृद्धि हुनुको मुख्य कारणहरु** |
|---|---|---|
| १,५४,००,००,००० /- (वि.सं. २०६८ सालमा तयार गरिएको प्रतिवेदन बमोजिमको अनुमानित लागत) | २,३६,८४,४०,०००/- | (क) आयोजनास्थल सम्मको पहुँचको लागि यस आयोजनाको एक मात्र पहुँचमार्गमा नेपाल सरकार अन्तर्गतको कार्यालयले सडक स्तरोन्नत्ति कार्य गरेका कारण निर्माण सामाग्री आपूर्तिमा ढिलाई भई निमार्ण कार्यमा ढिलाई हुनु ।<br>(ख) आयोजनाबाट उत्पादित विद्युत शक्तिको Evacuation गर्ने सवस्टेशनहरुको निर्माणमा ढिलाई भई आयोजनाको निर्माणमा समेत असर परेको ।<br>(ग) आयोजना समयमा सम्पन्न हुन नसकेका समायावधि लम्बिएका कारण निर्माण अवधिमा देश तथा विदेशबाट यस आयोजनालाई आवश्यक सम्पूर्ण सामाग्री तथा जनशक्ति समेतको महंगाई एवम् सो निर्माण अवधिको ब्याजमा समेत बृद्धि भएको ।<br>(घ) बाढी पहिरोले गर्दा पहुँचमार्गमा क्षति भई पुनः मर्मत गर्नुपर्ने तथा लामो समय सम्म निर्माण सामाग्री आपूर्तिमा अवरोध भई निमार्ण कार्यमा ढिलाई हुनु ।<br>(ङ) कोभिडको कारणले गर्दा १ वर्ष भन्दा बढी आयोजनाको काम बन्द हुनु ।<br>(च) पश्चिमा देशमा भएको युद्धका कारण आयोजनाको लागि आवश्यक पर्ने मेशिनरी उपकरणहरु, निर्माण सामाग्रीहरु, पेट्रोलियम पदार्थको मूल्यमा बृद्धि तथा आयातमा समस्या हुनु ।<br>(छ) बैङ्क तथा वित्तिय क्षेत्रमा देखिएको वित्तिय तरलताको अभावका कारण मेशिनरी उपकरण खरिद, निर्माण सामाग्री आपूर्ति तथा निर्माण कार्यमा अवरोध भई निमार्ण कार्यमा ढिलाई हुनु ।<br>(ज) आयोजना निर्माणमा लागेको कूल लागत वमोजिम निर्धारण भएको लागतमा IFRIC 12 वमोजिमको लागत समेत जोडिएको कारण ।<br>(झ) निर्माणको अवधिमा बैंक ब्याजदरमा समेत बृद्धि हुनु । |

९) कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मूख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

(क) नेपालको विभिन्न भागमा रहेका नदी खोला नाला ताल तलैया आदीबाट जल विद्युत उत्पादन गरी प्रसारण तथा बिक्रि वितरण गर्ने गराउने ।

(ख) सरकारी, गैर सरकारी तथा निजी क्षेत्रमा संचालन भई रहेको अथवा जल विद्युत आयोजनाहरुमा लगानी गर्ने ।

(ग) विद्युत उर्जाको आवश्यकता अनुसार नेपालभर जलविद्युत बाहेक अन्य श्रोत जस्तै बायो ग्यास सौर्य शक्ति प्रकृतिक ग्यास आदि श्रोतबाट पनि निजि क्षेत्रमा विद्युत उर्जा उत्पादन गरी प्रसारण तथा बिक्री वितरण गर्ने गराउने ।

(घ) नेपाल विद्युत प्रधिकरणका विभिन्न आयोजनाहरु र अन्य संस्थाहरुबाट उत्पादन गैर सरकारी सघं संस्था लगायत व्यक्ति कम्पनी संगठित संस्थाहरुबाट उत्पादित बिजुली भाडामा लिई सर्वसाधरण जनता उद्योग यातायात कृषि लगायतका विभिन्न उपभोक्ताहरुलाई बिक्री वितरण गर्ने गराउने ।

(ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा विद्युत शक्तिको  खरिद विक्रि आयत निर्यात गराउने ।

(च) जलविद्युत शक्तिको उत्पादन र प्रसारण लागि यस कम्पनीलाई आवश्यक पर्ने सामान यन्त्र उपकरण स्वदेश तथा विदेश बाट आयत निर्यात गर्ने , विदेश बाट आयातित मागअनुसार सामग्रीहरु सप्लाई गर्ने गराउने ।

(छ) जलविद्युत र वातावरण विकास क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँ नयाँ आयोजनाहरुको सर्वेक्षण अन्वेषण अनुसन्धान तथा मूल्याङकन गर्ने गराउने ।

(ज) उत्पादित जलविद्युत तथा अन्य उर्जा शक्ति वितरण गर्न आवश्यक प्रसारण तथा वितरण लाईन निर्माण तथा संचालन गर्ने गराउने ।

(झ) बहुउद्धेश्य जलविद्युत आयोजना खानेपानी तथा सिचाई योजनाहरुको संचालन गर्ने गराउने ।

(ञ) विद्युत सप्लाई उत्पादन तथा निर्माण कार्यका लागि निर्माण ठेक्का लिने ।

(ट) जलविद्युत र उर्जा विकास गर्न सिलसिलामा वातावरणीय पक्षलाई मध्यनजर राखी वातावरण संरक्षणका लागि क्रियाशिल रहने ।

(ठ) साना मझौला तथा ठूला जल विद्युत आयेजनासँग समन्वयन गोष्ठी सेमिनार भ्रमण आदि गर्ने ।

(ड) नेपालका छिमेकी राष्ट्र लगायतका अन्य राष्ट्रहरुमा विद्युत निर्यात गर्नु आवश्यक पहल गर्ने गराउने साथै ठूला अन्तराष्ट्रिय प्रसारण लाईनका लागि नेटवर्क विस्तार गर्न सहभागी हुने ।

(ढ) स्वदेशी तथा विदेशी जलविद्युत लगानीकर्ताहरुलाई आवश्यक गर्ने वित्तिय व्यवस्थापन तथा सो सम्बन्धी परामर्श सेवा प्रदान गर्ने गराउने ।

(ण) जलविद्युत पूर्वाधार आर्थिक विकासका लागि जलविद्युत क्षेत्रमा शेयर लगानी गर्ने गराउने ।

(त) विद्युत आयोजनाहरुको व्यवस्थापन करारमा लिने, दिने ।

(थ) सरकारसँग पब्लिक प्राइभेट पार्टनरसिप (पि.पि.पि) अनुरुप प्राकृतिक श्रोत साधनहरु लिज वा भाडामा लिई विद्युत उत्पादन गर्ने गराउने ।

१०) नेपाल सरकार उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट माथिल्लो तादी खोला जलविद्युत आयोजना ३३ के.भी. विद्युत प्रसारण लाईन अनुमति (वि.वि.वि.०८१/८२, वि.प्र.स. ६५१) मिति २०८१/०४/२१ मा प्रदान गरिएको छ । यस आयोजनाबाट उत्पादन हुने विद्युतशक्ति ७ कि.मि. लामो ३३ के.भि. विद्युत प्रसारण लाइन मार्फत बागमती प्रदेश अन्तर्गतको नुवाकोट जिल्ला, दुप्चेश्वर गाँउपालीका मा अवस्थित नेपाल विद्युत प्राधिकरणको समुन्द्रटार सव-स्टेसनमा पुऱ्याई बिक्री गर्ने र प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति मिति २०६८/१२/०३ मा कम्पनी र प्राधिकरण बिच सम्पन्न विद्युत खरिद बिक्री सम्झौता बमोजिम गरिरहेको छ ।

११) यस आयोजना लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थीत रहेको र सोको लागि आवश्यक IEE स्वीकृती गरी कम्पनीले आयोजना निर्माण सम्पन्न गरी संचालन गरिरहेको छ ।

| | |
|---|---|
| आयोजनाको नाम : | माथिल्लो तादी खोला जलविद्युत आयोजना |
| आयोजनाको स्थल : | दुप्चेश्वर गाउँपालिका वडा नं.१ (साबिकको घ्याङफेदी गा.वि.स.वडा नं. ३) |
| श्रोत नदी : | तादी खोला |
| आयोजनाको किसिम : | रन अफ रिभर |
| डिजाइन डिस्चार्ज : | ६.१४ घ.मि.प्रति सेकेण्ड |
| उत्पादन हुने इनर्जी : | ६१.३१९ (GWh) |
| आयोजनाको उत्पादन क्षमता : | ११ मे.वा. |
| ग्रस हेड : | २१० मि. |
| डाइभर्सन बाँध : | २५ मिटर लम्बाई ३ मिटर उचाई |
| पेनस्टक : | लम्बाई २४५९.४६ मिटर, व्यास ०१.१४ मिटर देखि १.८० मिटर सम्म आन्तरिक ब्यास भएको तथा ८ एमएम देखि ३२ एमएम सम्मका पेनस्टक पाइप, |
| अपरोच क्यानल : | लम्बाई ७६ मिटर, चौडाई २.२ मिटर, उचाई २ मिटर |

| | |
|---|---|
| डिस्यान्डीङ्ग वेसिन : | ५० मिटर लम्बाई, ५.५ मिटर चौडाई ४.०० उचाईको २ वटा च्याम्बर |
| पावरहाउस : | लम्बाइ २८.१० मिटर, चौडाई १३.१ मिटर, उचाई १८.१ मिटर |
| टेलरेस : | ७२.३५ मिटर लम्बाई, १.७ मिटर चौडाई, १.५ मिटर उचाई |
| टर्वाइन : | Horizontal Axis Pelton 2 Unit, ५५०० किलोवाट |
| जेनेरेटर : | भोल्टेज ११ केभि, ५० हर्ज, ६४७० केभिए प्रति युनिट |
| ट्रान्सफर्मर : | १६ एमभिए X १ |
| ट्रासमिसन लाइन : | ३३ के.भी, ७ किलोमिटर |
| सव-स्टेसन | ने.वि.प्रा. समुन्द्रटार सव-स्टेसन |
| व्यापारिक उत्पादन शुरु मिति : | २०८२ श्रावण १२ गते |
| आयोजनाको कुल लागत : | रु. २,३६,८४,४०,०००/- (Interest during construction) सहित |

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

१. सुर्यकण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडले नेपालको नुवाकोट जिल्लाको दुप्चेश्वर गा.पा. भई बग्ने तादी खोलाको पानीलाई समेत सुख्खा याममा सदुपयोग गर्नेगरि जलविद्युत आयोजनाको लागि उपयुक्त स्थान पहिचान गरी मिति २०८१/०६/०८ गते नेपाल सरकार, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयबाट यस माथिल्लो तादी खोला जलविद्युत आयोजनाको वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरिएको थियो ।

२. यो आयोजना माथिल्लो तादि खोला जलविद्युत आयोजना लामटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको इन्द्रद्रेवी मध्यवर्ती उपभोक्ता समितीमा पर्दछ । मध्य उष्ण प्रदेशीय जलवायु क्षेत्रमा पर्दछ । यस आयोजनाको उचाई समुन्द्र सतह देखि १२७५ देखि १५०० सम्मको उचाईमा रहेको छ । समुन्द्री सतह देखिको उचाईको आधारमा प्रस्तावित आयोजना क्षेत्रमा उपोष्ण प्रकारको वन पाईने क्षेत्रमा पर्दछ । यस आयोजना क्षेत्रको वरिपरी रहेका मुख्य रुख प्रजातीहरुमा उत्तिस, चिलाउने, मलातो काफल, मौवा, पैयु, लप्सी, बिलाउने, आलु भलायो टुनी आदि रहेको छन् । त्यस्तै झार प्रजातिहरुमा वनमारा, तितेपाती, सिस्नु, उन्यू ऐसेलु, पानी अमला, मजिटो आदि पाइन्छन् ।

३. आयोजनाको लागि कुल जग्गा मध्ये २.६५९ हेक्टर राष्ट्रिय वन क्षेत्र आवश्यक रहेको छ जुन लामटाङ राष्ट्रिय निकुन्जको मध्यवर्ति क्षेत्र भित्र पर्ने इन्द्रेणी मध्यवर्ती उपभोक्ता समितिको स्वामित्वमा रहेको छ । आवश्यक भएको स्थायी तथा अस्थायी प्रयोजनका लागि प्रयोग हुने कूल २.६५९ हे. वन क्षेत्रको जग्गाबाट कुनै रुख तथा पोलहरु कटान गर्नु पर्ने रहेको छैन । आयोजनाको निर्माण कार्यको समयमा निर्माण सामग्रीको ओसारपसार, निर्माण जनशक्तिको आवतजावत र अन्य निर्माण कार्यले गर्दा नजिकको वन क्षेत्रमा बन्यजन्तुको बासस्थान तथा आवतजावतमा प्रभाव पर्न सक्ने देखिन्छ ।

४. प्रस्तावित आयोजना कार्यान्वयनका लागि ११ घरपरिवारको २.८४८ है. निजी जग्गा आवश्यक रहेको हुँदा यी जमिनमा प्रस्तावित आयोजनाका क्रियाकलापले क्षति पुग्ने देखिन्छ साथै आयोजना क्षेत्रमा खानेपानी तथा सरसफाई, व्यवसायजन्य मानवीय दुर्घटना, रितिरिवाज र साँस्कृतिक, स्थानीय शान्ति र सुरक्षा आदिमा प्रभाव पर्न सक्दछ ।

५. आयोजनाको लागि कूल २.६५९ हेक्टर वन क्षेत्रको जग्गा आवश्यक रहेको छ । बन नियमवाली २०७९ वमोजिम २.६५९ हेक्टर वन क्षेत्रको जग्गा प्रयोग गरे वापत सट्टाभर्ना स्वरूप जग्गा उपलब्ध गराइनेछ । प्रस्तावित आयोजना निर्माणका लागि २.६५९ हेक्टर लामटाङ राष्ट्रिय निकुन्जको मध्यवर्ती वन क्षेत्र प्रयोग गरे वापत प्रति हेक्टर १६०० विरुवाहरुको दरले ४२५५ विरुवा वृक्षारोपण गरी उक्त वोटविरुवाहरुलाई ५ वर्षको अवधि सम्म हेरचाह गरिनेछ । साथै, वन तथा वन्यजन्तु संरक्षण सम्वन्धी जनचेतना कार्यक्रम संचालन गरिनेछ । जैविक वातावरणमा पर्ने प्रभावको न्यूनीकरणको निम्ति रु. १६,८२,७५० रकम छुट्टाईएको छ ।

६. आयोजनाले आवश्यक पर्ने निजी जग्गा सम्वन्धित जग्गावालाहरुसँग आपसी छलफल गरी सहमतिमा स्थानीय तहको समन्वयमा लिईनेछ । व्यवसायिक स्वास्थ्य र सुरक्षा (OHS), लैङ्गिक मुद्दाहरू र बाल श्रम आदि जस्ता सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणमा नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

७. आयोजनाले स्थानीयहरुको लागि विभिन्न चरणमा तालिम प्रदान गर्नेछ । यस्ता सीप विकास तालिमले आयोजनाको निर्माण कार्य पश्चात पनि स्थानीयहरुलाइ अन्य कुनै सीप तथा काम गर्न सहजता तथा प्रोत्साहन गर्नेछ । आयोजनाले प्रभावित क्षेत्रका १० जना स्थानीयलाइ ड्राइभिङ्ग, १० जनालाइ प्लमविङ्ग र १० जनालाइ हाउस वायरीङ्ग सम्बन्धी तालिमको व्यवस्था गरिदिनेछ । स्थानीय निकायसँग समन्वय गरी सो क्षेत्रका निम्न आयस्रोत भएका र आयोजना प्रभावित परिवारलाई यस्ता तालिममा मुख्य प्राथमिकता दिइनेछ । जसका लागि आयोजनाले रु. ४,२२,०००/- रकम छुटाईएको छ ।

८. आयोजनावाट हुने प्रमुख सकारात्मक लाभमा प्रस्तावित आयोजना संचालन हुँदा राष्ट्रिय विद्युत प्रसारण लाईनमा ५९.९३८ गिगावाट घण्टा प्रति वर्ष विद्युत थप भई जलविद्युत विकासमा टेवा पुग्नेछ । आयोजनाले स्थानीय जनताहरुमा उनीहरुको

सीप तथा दक्षताको आधारमा रोजगारी सिर्जना र आयआर्जनका क्षेत्रमा विकास पुर्याउने छ। यसका साथै स्थानीय स्रोतको उपयोग वढ्नाले स्थानीय वासिन्दाहरुको आयआर्जनमा वृद्धि हुनेछ । विद्युत ऐन, २०४९ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम नेपाल सरकारलाई यस आयोजनाले रोयल्टी प्रदान गर्नेछ ।

१२) आयोजनाको हालको अवस्था :

आयोजनाको भौतिक प्रगतिको विवरण : मिति २०८२ भाद्र १२ गतेसम्मको विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | कार्य प्रगति | प्रगति % |
|---|---|---|---|
| **१.** | **आधारभुत निर्माण कार्य** | | |
| १.१ | प्रवेश मार्ग निर्माण | सम्पन्न | १००% |
| १.२ | कम्पनी तथा ठेकेदारको आधारभूत सिभिल संरचना निर्माण | सम्पन्न | १००% |
| **२.** | **सिभिल निर्माण कार्य** | | |
| २.१ | बांध, डिसेन्डर, अन्डरस्लुइस तथा इन्टेक गेट संरचनाहरु | सम्पन्न | १००% |
| २.२ | पेनस्टक पाइपको लागि सिभिल निर्माण कार्य | सम्पन्न | १००% |
| २.३ | विद्युत गृह, कन्ट्रोल रुम तथा टेलरेस | सम्पन्न | १००% |
| २.४ | स्विचयार्ड निर्माण कार्य (Sending end and Receiving end) | सम्पन्न | १००% |
| २.५ | विद्युत गृह संरक्षण कार्य | सम्पन्न | १००% |
| **३.** | **हाइड्रो मेकानिकल कार्य** | | |
| ३.१ | पेनस्टक पाइपको उपलब्धता तथा डेलिभरी | सम्पन्न | १००% |
| ३.२ | सम्पूर्ण गेटको उपलब्धता तथा डेलिभरी | सम्पन्न | १००% |
| ३.३ | वाइफर्केशन तथा एकपान्सन ज्वाइनको डेलिभरी | सम्पन्न | १००% |
| ३.४ | पेनस्टक पाइप जडान | सम्पन्न | १००% |
| ३.५ | गेट जडान | सम्पन्न | १००% |
| ३.६ | वाइफर्केशन तथा ज्वाइन्ट जडान | सम्पन्न | १००% |
| **४.** | **इलेक्ट्रोमेकानिकल कार्य** | | |
| ४.१ | मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी | सम्पन्न | १००% |
| ४.२ | विद्युत गृह-उपकरण जडान | सम्पन्न | १००% |
| **५.** | **प्रसारण लाइन कार्य** | | |
| ५.१ | सामान उपलब्धि तथा डेलिभरी | सम्पन्न | १००% |
| ५.२ | पोल जडान कार्य | सम्पन्न | १००% |
| ५.३ | पोलको लागि जग्गा प्राप्ती तथा प्रसारण लाइनको राइट अफ वे मा पर्ने जग्गाको क्षतिपूर्ती वितरण | सम्पन्न | १००% |
| ५.४ | प्रसारण लाइन तान्ने कार्य | सम्पन्न | १००% |
| **६.** | **जग्गा प्राप्ति** | सम्पन्न | १००% |
| **जम्मा भौतिक प्रगति** | | **सम्पन्न** | **१००%** |
| **व्यापारिक उत्पादन शुरु मिती** | | **मिती २०८२/०४/१२** | |

**विद्युत आयोजनाको नाम :** माथिल्लो तादी खोला जलविद्युत आयोजना

**आयोजना स्थल** : दुप्चेश्वर गाउँपालिका वडा नं.१ (साबिकको घ्याङफेदी गा.वि.स.वडा नं. ३)

**श्रोत नदी :** दुप्चेश्वर गाउँपालिकामा (साबिकको घ्याङफेदी गा.वि.स.) अवस्थित तादी खोला खोलाको पानी

**आयोजनाको किसिम :** रन अफ रिभर

**विद्युत उत्पादन अनुमति प्राप्त मिति :** २०७२/०६/२२

**विद्युत उत्पादन अनुमति बहाल रहने मिति :** २०७२/०६/२२ देखि २१०७/०६/२१

**जडित क्षमता :** ११ मेगावाट

**विद्युत खरिद बिक्रि सम्झौता मितिः** २०६८/१२/०३

**व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति(RCOD):** २०८१/०२/०४

**व्यापारिक उत्पादन शुरु मिति(COD):** २०८२/०४/१२

**आयोजनाको कूल लागत :** रु. २,३६,८४,४०,०००/-

**आयोजनाको प्रति मेगावाट लागतः** रु. २१,५३,१२,७२७.२७/-

**आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि :** ७.७१ वर्ष

**आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :** १६.०० वर्ष

**<u>Net Present Value (NPV), Internal Rate of Return (IRR)</u>तथा लगानी फिर्ता हुने अवधि गणना विधि तथा तरिका :**

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

   where,

   r = Discount rate

   t = Number of time periods

2. $\mathrm{IRR} = \frac{Ct - C0}{(1+r)t}$

   where,
   Ct = Net cash inflow during the period t
   C0= Total initial investment costs
   r = Discount rate
   t = Number of time periods

<u>आयोजनाको नगद प्रवाह सम्बन्धी तालिका</u>

| बर्ष | संचालन तथा मर्मत | हर्जाना | कर | रोयल्टि | वोनश | व्यवसायिक सामाजिक उत्तरदायित्व | जम्मा लागत | विद्युत बिक्रिबाट आम्दनी | सरकारी अनुदान | जम्मा लाभ | लगद प्रवाह | संचय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| - | | | | | | | २,३६८,४४० | | | - | (२,३६८,४४०) | (२,३६८,४४०) |
| १ | ३४,३०० | २०,५१३ | - | ७,४५६ | - | - | ६२,२६८ | ३१७,७७७ | - | ३१७,७७७ | २५५,५०९ | (२,११२,९३१) |
| २ | ३४,९२६ | | - | ७,९११ | ६६८ | ३२७ | ४३,८३२ | ३४०,५३५ | - | ३४०,५३५ | २९६,७०४ | (१,८१६,२२७) |
| ३ | ३५,५१५ | | - | ८,११४ | ९९० | ४८५ | ४५,१०३ | ३५०,७०० | - | ३५०,७०० | ३०५,५९७ | (१,५१०,६३१) |
| ४ | ३६,१६७ | | - | ८,३१२ | १,३१९ | ६४६ | ४६,४४५ | ३६०,६१२ | - | ३६०,६१२ | ३१४,१६७ | (१,१९६,४६४) |
| ५ | ३६,८३४ | | - | ८,५१६ | १,६७० | ८१८ | ४७,८३८ | ३७०,७७६ | - | ३७०,७७६ | ३२२,९३८ | (८७३,५२५) |
| ६ | ३७,५१६ | | - | ८,५३८ | १,८६१ | ९१२ | ४८,८२७ | ३७१,९१४ | - | ३७१,९१४ | ३२३,०८७ | (५५०,४३९) |
| ७ | ३८,२१२ | | - | ८,५३८ | २,०४९ | १,००४ | ४९,८०३ | ३७१,९१४ | - | ३७१,९१४ | ३२२,१११ | (२२८,३२८) |
| ८ | ३८,९२४ | | - | ८,५३८ | २,२५७ | १,१०६ | ५०,८२५ | ३७१,९१४ | - | ३७१,९१४ | ३२१,०८९ | ९२,७६० |
| ९ | ३९,६५२ | | - | ८,५३८ | २,४८८ | १,२१९ | ५१,८९७ | ३७१,९१४ | - | ३७१,९१४ | ३२०,०१७ | ४१२,७७७ |
| १० | ४०,३९५ | | - | ८,५३८ | २,७४४ | १,३४४ | ५३,०२२ | ३७१,९१४ | - | ३७१,९१४ | ३१८,८९२ | ७३१,६६९ |
| ११ | ४१,१५५ | | १४,८३५ | ८,५३८ | ३,०२७ | १,३३५ | ६८,८९१ | ३७१,९१४ | - | ३७१,९१४ | ३०३,०२३ | १,०३४,६९२ |
| १२ | ४१,९३२ | | १६,३७६ | ८,५३८ | ३,३४२ | १,४७४ | ७१,६६२ | ३७१,९१४ | - | ३७१,९१४ | ३००,२५२ | १,३३४,९४३ |
| १३ | ४२,७२६ | | १८,३६२ | ८,५३८ | ३,७४७ | १,६५३ | ७५,०२७ | ३७१,९१४ | - | ३७१,९१४ | २९६,८८७ | १,६३१,८३० |
| १४ | ४३,५३८ | | २०,५३१ | ८,५३८ | ४,१९० | १,८४८ | ७८,६४४ | ३७१,९१४ | - | ३७१,९१४ | २९३,२६९ | १,९२५,१०० |
| १५ | ४४,३६७ | | २२,०४० | ८,५३८ | ४,४९८ | १,९८४ | ८१,४२७ | ३७१,९१४ | - | ३७१,९१४ | २९०,४८७ | २,२१५,५८६ |
| १६ | ४५,२१५ | | १८,०७१ | ४८,१९१ | ३,६८८ | १,६२६ | ११६,७९१ | ३७१,९१४ | - | ३७१,९१४ | २५५,१२२ | २,४७०,७०९ |
| १७ | ४६,०८१ | | १७,९८६ | ४८,१९१ | ३,६७१ | १,६१९ | ११७,५४८ | ३७१,९१४ | - | ३७१,९१४ | २५४,३६६ | २,७२५,०७५ |
| १८ | ४६,९६६ | | १७,८९९ | ४८,१९१ | ३,६५३ | १,६११ | ११८,३२१ | ३७१,९१४ | - | ३७१,९१४ | २५३,५९३ | २,९७८,६६७ |
| १९ | ४७,८७२ | | १७,८११ | ४८,१९१ | ३,६३५ | १,६०३ | ११९,१११ | ३७१,९१४ | - | ३७१,९१४ | २५२,८०२ | ३,२३१,४७० |
| २० | ४८,७९७ | | १७,७२० | ४८,१९१ | ३,६१६ | १,५९५ | ११९,९१९ | ३७१,९१४ | - | ३७१,९१४ | २५१,९९५ | ३,४८३,४६५ |
| २१ | ४९,७४२ | | १७,६२७ | ४८,१९१ | ३,५९७ | १,५८६ | १२०,७४५ | ३७१,९१४ | - | ३७१,९१४ | २५१,१६९ | ३,७३४,६३४ |
| २२ | ५०,७०८ | | १७,५३३ | ४८,१९१ | ३,५७८ | १,५७८ | १२१,५८८ | ३७१,९१४ | - | ३७१,९१४ | २५०,३२५ | ३,९८४,९५९ |
| २३ | ५१,६९६ | | १७,४३६ | ४८,१९१ | ३,५५८ | १,५६९ | १२२,४५१ | ३७१,९१४ | - | ३७१,९१४ | २४९,४६३ | ४,२३४,४२२ |
| २४ | ५२,७०६ | | १७,३३७ | ४८,१९१ | ३,५३८ | १,५६० | १२३,३३२ | ३७१,९१४ | - | ३७१,९१४ | २४८,५८१ | ४,४८३,००३ |
| २५ | ५३,७३८ | | १७,२३६ | ४८,१९१ | ३,५१७ | १,५५१ | १२४,२३३ | ३७१,९१४ | - | ३७१,९१४ | २४७,६८० | ४,७३०,६८४ |
| २६ | ९,१३२ | | २,८५५ | ८,०३२ | ५८३ | २५७ | २०,८५९ | ६१,९८६ | - | ६१,९८६ | ४१,१२७ | ४,७७१,८१० |
| | | | | | | | **४,४६८,८५०** | | | **९,२४०,६६०** | | |

| | |
|---|---|
| IRR | ११.७६% |
| NPV (Nominal) | ४,७७१,८१० |
| NPV (Discounted) | ३१८,८६४ |
| Simple PBP in yrs (After Operation) | ७.७१ |
| Discounted PBP in yrs (After Operation) | १६.०० |
| Nominal B/C Ratio | २.०७ |
| Discounted B/C Ratio | १.११ |

१३) **कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :**

१) विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस वर्ष) वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।

२) कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्रि गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा "Take or Pay" प्रावधानमा आधारित भई गरिएको छ ।

३) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्टइनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षायाममा प्रति कि.वा. घण्टा रु. ४।८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु. ८।४० (आठ रुपैंया चालीस मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति ( Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ :

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी) | सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट) | वर्षायाम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिनादेखि १२औं महिनासम्म | ८।४० | ४।८० |
| १३औं महिनादेखि २४औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५औं महिनादेखि ३६औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७औं महिनादेखि ४८औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९औं महिनादेखि ६०औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१औं महिनादेखि ७२औं महिनासम्म | ९।६६ | ५।५२ |

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) प्राधिकरणको कारणले बाहेक ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्य बृद्धि दिईनेछ ।

क. RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

ख. RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

ग. RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

घ. RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

ङ. RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईनेछैन ।

प्राधिकरणले खरिद गरी लिने अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरीद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

आयोजनाहरुबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:

| विवरण | **माथिल्लो तादी खोला जलविद्युत आयोजना** |
|---|---|
| सुख्खा याम कूल इनर्जी (kWh) | १,०४,२५,९९९ |
| वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूल इनर्जी (kWh) | ५,०८,९३,१३३ |
| **जम्मा वार्षिक (kWh)** | **६,१३,१९,१३२** |

४) विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा :

कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकी व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।

साथै प्राधिकरणले पनि कम्पनीबाट आपूर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनु पर्ने कार्यहरु सोही समय भित्र पूरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन तोकिएको समयमा हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।

यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नुपर्ने हर्जाना निम्न सुत्र अनुसार हिसाव गरिनेछ :

(०.०५ X [कन्ट्र्याक ईनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बिचको दिन अन्तरको अवधिको उर्जा – चौघडा सबस्टेशनमा जडित इनर्जी मिटरको आधारमा कम्पनीले सो अबधीमा प्राधिकरणलाई उपलब्ध गराएको विद्युत ऊर्जा – Scheduled Outage वा नियमित मर्मत सम्भार या काबु बाहिरको परिस्थितीको कारण प्राधिकरणले सो अवधीमा लिन नसकेको विद्युत ऊर्जा] X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागु हुने खरीद दर । प्राधिकरणले लिनुपर्ने यस्तो हर्जाना रकम विद्युत खरीद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नुपर्ने रकमबाट कट्टा गरी लिन सकिनेछ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद वापत भुक्तानी गर्नुपर्ने रकमको ५० प्रतिशत भन्दा बढी नहुने गरी किस्ताबन्दीमा पहिलो बिलदेखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नुपर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दीमा भुक्तानी गरिनेछ । तर माथि उल्लेखित हर्जाना सम्बन्धी व्यवस्थालाई व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (RCOD) को समग्र परिस्थितिको मूल्याङ्कन गरी न्यायोचित व्यवस्था गर्न सकिनेछ ।

५) विद्युत खरिद बिक्री

विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्नेः

प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्र्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

कन्ट्र्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटि छ सो को ८० प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नुपर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

क्षतिपूर्ति रकम रु.[०.८ X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनुपर्ने बढीमा कन्ट्र्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर,

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ । क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन । यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ ।

(६) विद्युत शक्ति तथा उर्जा तालिका

तालिका १.

| | | | |
|---|---|---|---|
| स्थापित क्षमता (kw) | ११,००० | Rated Turbine Efficiency | ९१ प्रतिशत |

| | | | |
|---|---|---|---|
| डिजाइन डिस्चार्ज ($m^3/s$) | ६.१४ | Rated Generator Efficiency | ९७ प्रतिशत |
| न्यूनतम रिलीज ($m^3/s$) | ०.२०८ | Rated Transformer Efficiency | ९९ प्रतिशत |
| कुल Head (m) | २१० | Combined Efficiency | ८७.४ प्रतिशत |
| Outage+ Losses+Self Consumpation (%) | | | ४ प्रतिशत |

तालिका २.

| महिना | जम्मा दिन | नदि निकास- ($m^3/s$) | पावर जेनरेटरको लागि डिस्चाज ($m^3/s$) | नेट हेड- (m) | औसत शक्ति (KW) | अधिकतम मासिक पावर (KW) | आउटेज र हानि अघि मासिक उत्पादन (kwh) | घाटा सहित आउटेज - (kwh) | ऊर्जा सम्झौता (kwh) |
|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख | ३१ | २.९३ | २.७२ | २०३.३१ | ४,७४१ | ९,५५४ | ३,५२७,०११ | १४१,०८० | ३,३८५,९३० |
| ज्येष्ठ | ३१ | ५.४२ | ५.२२ | २०२.२५ | ९,०४४ | १०,६१६ | ६,७२८,७७४ | २६९,१५१ | ६,४५९,६२३ |
| आषाढ | ३२ | १६.२१ | ६.१४ | २०१.६८ | १०,६१६ | १०,६१६ | ८,१५२,९३३ | ३२६,११७ | ७,८२६,८१६ |
| श्रावण | ३१ | २५.४० | ६.१४ | २०१.६८ | १०,६१६ | १०,६१६ | ७,८९८,१५४ | ३१५,९२६ | ७,५८२,२२८ |
| भदौ | ३१ | २४.८७ | ६.१४ | २०१.६८ | १०,६१६ | १०,६१६ | ७,८९८,१५४ | ३१५,९२६ | ७,५८२,२२८ |
| आश्विन | ३१ | १५.३७ | ६.१४ | २०१.६८ | १०,६१६ | १०,६१६ | ७,८९८,१५४ | ३१५,९२६ | ७,५८२,२२८ |
| कात्तिक | ३० | ५.२८ | ५.०७ | २०२.३३ | ८,७९१ | १०,६१६ | ६,३२९,६९६ | २५३,१८८ | ६,०७६,५०८ |
| मंसिर | २९ | ३.९९ | ३.७८ | २०२.९४ | ६,५८२ | ९,३१९ | ४,५८०,८०३ | १८३,२३२ | ४३९७,५७१ |
| पौष | ३० | २.८५ | २.६४ | २०३.३४ | ४,५९८ | ७,२४९ | ३,३१०,५२२ | १३२,४२१ | ३,१७८,१०१ |
| माग | २९ | २.३४ | २.१३ | २०३.४७ | ३,७१४ | ६,३५६ | २,५८५,२८२ | १०३,४११ | २,४८१,८७० |
| फाल्गुन | ३० | २.१५ | १.९५ | २०३.५१ | ३,३९४ | ५,५६३ | २,४४३,३३६ | ९७,७३३ | २,३४५,६०३ |
| चैत्र | ३० | २.२२ | २०१ | २०३.४९ | ३,५०२ | ६,४४८ | २,५२१,२७७ | १००,८५१ | २,४२०,४२५ |
| **जम्मा** | ३६५ | ९.०९ | | | | | **६३,८७४,०९६** | **२,५५४,९६४** | **६१,३१९,१३२** |

नोटः १) यस टेबलमा दिईएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कुल कन्ट्रयाक्ट इनर्जीले महिनाको वास्तविक दिन संख्यालाई गुणा गरी सो महिनाको कन्ट्रयाक्ट इनर्जी निर्धारण गरिन्छ।

२) सम्झौता बुँदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन (COD) भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्रयाक्ट इनर्जी (Contract Energy) परिवर्तन गर्न सकिनेछ।

तालिका ३.

| | |
|---|---|
| सुख्खा यामको कूल इनर्जी (kwh) | १०,४२५,९९९ |
| बर्षा यामको कूल इनर्जी (kwh) | ५०,८९३,१३३ |
| जम्मा (kwh) | ६१,३१९,१३२ |

१४) कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच विद्युत खरिद बिक्रि सम्झौतामा व्यवस्था भएअनुसार आयोजनाको व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति **Required Commercial Operation Date (RCOD)** को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति **Commercial Operation Date (COD)** ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि पाईने व्यवस्था बमोजिम यस आयोजनाले जम्मा ४ वटा मात्र मूल्यबृद्धि प्राप्त गर्नेछ।

(च) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

(छ) **देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म)**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः** कम्पनीले देशमा विद्युत शक्तिको विकास गर्न स्वदेशी संघ-संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युत उत्पादन, वितरण, प्रसारणलाइन निर्माण तथा संभार गर्ने मुख्य उद्देश्य अनुरुपका सेवाहरुका साथै माथि उद्देश्यमा उल्लेखित सम्पूर्ण सेवाहरु प्रदान गर्दै आएको छ ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** Run of River प्रणालीबाट जलश्रोत उपयोग गरी विभिन्न भौतिक संरचना निर्माण तथा अत्याधुनिक विद्युत उत्पादन उपकरणहरु प्रविधिको प्रयोग गरिएको ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** कम्पनीको कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार सम्बन्धिको विवरण नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र** : आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** कम्पनीको उद्देश्यमा उल्लेखित आयोजनाको निर्माण तथा संचालनका अतिरिक्त अन्य जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न सक्ने भएकोले उपयुक्त लगानीको अवसर प्राप्त भएमा कम्पनीले नयाँ विद्युत आयोजनामा आफ्नो लगानी विस्तार गर्न सक्नेछ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणलाई उत्पादित विद्युत बिक्री वितरण गर्ने व्यवस्था रहेको र कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

(७) **उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थितिः** यस आयोजनाको उत्पादन क्षमता ११ मेगावाट रहेको र आयोजनाको सम्पूर्ण निर्माण कार्य २०८२ वैशाख सम्ममा सम्पन्न गरी मिति २०८२/०३/२५ गते देखि परिक्षण उत्पादन शुरु गरी २०८२/०४/१२ गतेबाट व्यापारिक उत्पादन शुरु गरी विद्युतको बिक्री वितरण समेत भईरहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धताः** नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका (साबिकको घ्याङफेदी गा.वि.स.) अवस्थित तादी खोलामा उपलब्ध प्राकृतिक श्रोतको पानीलाई अनुमती पत्रको अधिनमा रही उपयोग गर्ने ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्थाः** कम्पनीबाट गुण नियन्त्रणको लागि देहाय बमोजिमको व्यवस्था गरिएको :

- आयोजनाको डिजाईन कार्यहरु जलविद्युत क्षेत्रमा उच्चतम विशेषज्ञता हासिल गरि लामो समय देखि कार्यगत प्राविधिक ज्ञान र अनुभव भएको विशेषज्ञहरुद्वारा गरिएको ।
- सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि निर्माण क्षेत्रमा विशेषज्ञता र लामो अनुभव भएको कम्पनीलाई जिम्मा दिईएको ।
- सिभिल निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि निर्माण सामाग्री सम्बन्धी तथा निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि आयोजना स्थलमा प्रयोगशाला स्थापना गरि नियमित चेकजाँच गर्ने गरिनुका साथै आवश्यकता अनुसार काठमाडौंको विभिन्न प्रयोगशालामा Engineer/Specialist द्वारा चेकजाँच गर्ने व्यवस्था गरिएको छ ।
- Hydromechanical कार्यका लागि ख्याती प्राप्त भारतीय कम्पनीबाट अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको स्टील आयात गरि लामो अनुभव भएको कम्पनीद्वारा Fabrication तथा Erection को कार्य गरी जडान तथा निर्माण गरिएको छ ।
- Electromechanical कार्य अन्तर्गत ख्याती प्राप्त भारतीय कम्पनीबाट आवश्यक सम्पूर्ण उपकरणहरुको डिजाईन, निर्माण तथा जाँचगरी सो उपकरणहरुको खरिद तथा आयात गरि दक्ष अनुभवी जनशक्तिहरुको रहोवरमा उपकरणहरुको जडान कार्य गरिएको छ ।
- सिभिल, Hydromechanical तथा Electromechanical लगायतका कार्यहरु अन्तर्गत Quality Inspection को लागि गरिएको सम्झौताको प्रावधानहरुमा नै स्पष्ट रुपमा Third Party Inspection/Consultant नियुक्त गरी सोही अनुरुप अनुगमन तथा आवश्यक रुपमा गुणस्तर समेत Inspection भइरहेको छ ।

(१०) **अनुसन्धान तथा विकासः** कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार ११ मेगावाट क्षमताको माथिल्लो तादी खोला जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल सो आयोजनाको निर्माण कार्य सम्पन्न भई व्यापारिक विद्युत उत्पादन गर्दै संचालन भईरहेको छ । साथै नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान (कोभिड -१९ महामारीका कारण आयोजना संचालनमा परेको बाधा, व्यवधान): सो नभएको**

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** :सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

PPA अन्तर्गत नेपाल विद्युत प्राधिकरणले यस आयोजनाबाट उत्पादित विद्युत खरीदको प्रत्याभूति भएको हुँदा यस आयोजनाको लाइसेन्स अवधिभर बजार सुनिश्चित रहेको र अन्य समान उद्योगहरु बीच प्रतिस्पर्धा नरहेको ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण)**:कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच खरीद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

आयोजनाको निर्माण सम्पन्न गर्नका लागि मुख्य ठेकेदारहरु निम्न अनुसार रहेका छन्:

क) आयोजनाको परामर्श कार्यका लागि परामर्शदाता श्री अद्यान्त इन्जिनियरिङ्ग प्रा.लि. (M/s Adyanta Engineering (Pvt.) Ltd.) सँग मिती २०८०/०७/१२ मा सम्झौता भई कार्य सम्पादन गरिएको ।

ख) आयोजनाको सिभिल निर्माण कार्यका लागि पाइप अलाईनमेन्ट, पावरहाउस, टेलरेस, स्वीचयार्ड, सबस्टेसन, डाइवर्सन वेयर, Undersluice / Settling Basin का लागि सिभिल संरचना ठेकेदार कम्पनी श्री लाटिनाथ कन्सट्रकसन प्रा. लि. (M/s Lattinath Construction Pvt. Ltd.) / मकालु डेभलर्वस प्रा.ली.(M/s Lattinath Construction Pvt. Ltd.) सँग मिति २०८०/०९/०१ (१७ डिसेम्बर, २०२३)मा र इन्टेक, डयाम, डिसेन्डर सिभिल संरचना ठेकेदार कम्पनी श्री मकालु डेभलपर्स लिमिटेड (M/s Makalu Developers Limited)संग मिति २०८०/०९/०१ (१७ डिसेम्बर, २०२३), हाइड्रोमेकानिकल कार्यका लागि भारतबाट आवश्यक फलाम पाताहरु र गेटको Hoisting System तथा Expansion Joint श्री स्टिल क्राफट इंडिया, श्री सिमई इन्टरप्राईजेज इंडियाबाट आयात गरी Fabrication तथा Erection को कार्यका लागि ठेकेदार कम्पनी श्री अपि हाइड्रो मेकानिकल लि. (M/s Api Hydro Mechanical Limited) सँग मिति २०८०/०९/०१ (१७ डिसेम्बर, २०२३)मा, इलेक्ट्रोमेकानिकल कार्य ( सप्लाई तथा जडान) का लागि ठेकेदार श्री फोल्वेल इनर्जी प्रा.लि. इन्डिया (M/s Flovel Energy Pvt. Ltd., India) सँग मिति २०८०/०८/०७ (२३ नोबेम्बर, २०२३) मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य समेत सम्पन्न भईसकेको छ ।

ग) आयोजनाको प्रसारण लाइन (सप्लाई र इरेक्सन) का लागि श्री लाटिनाथ कन्सट्रकसन प्रा. लि.(नेपाल) (M/s Lattinath Construction Pvt. Ltd. (Nepal) सँग मिति २०८०/०९/०१ (१७ डिसेम्बर, २०२३) मा ठेक्का सम्झौता भई कार्य सम्पादन गरिएको छ ।

## ग.३.ख) सम्पत्तिको विवरण :

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था** : कम्पनीको स्वामित्वमा रहेको माथिल्लो तादी खोला जलविद्युत आयोजनाको आ.ब. २०८१/८२ मा लेखापरीक्षण भएको वित्तीय विवरण बमोजिम उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको छ :

| सि.नं. | सम्पत्तिको विवरण | खुद सम्पत्ति रकम २०८२ आषाढ मसान्त सम्म | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १ | कार्यालय उपकरण | ५,०४,५०४ | जलविद्युत उत्पादन केन्द्र नुवाकोट जिल्ला दुप्चेश्वर गाँउपालिका तथा कर्पोरेट कार्यालय, काठमाडौं जिल्ला वडा नं ११, थापाथली | आयोजनामा कार्यरत र मुख्य कार्यलयमा रहेका कर्मचारीहरुका लागि प्रयोग भईरहेको । |
| २ | प्रयोगशाला उपकरण | ४४९ | | आयेजना स्थलमा |
| ३ | फर्निचर र फिक्चर्स | १७,४७,६४२ | | आयोजनामा कार्यरत र मुख्य कार्यलयमा रहेका कर्मचारीहरुका लागि प्रयोग भईरहेको । |
| ४ | सवारी साधन | ४१,८०,५८६ | | आयोजना स्थल र कार्यलयमा रहेको |
| **जम्मा** | | **६४,३३,१८१** | | |

माथि उल्लेखित सम्पत्ती आ.व. २०८१/८२ को वित्तीय विवरण बमोजिम उल्लेख गरिएको हो ।

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :** उक्त बुँदामा उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै हो ।

कम्पनीले आयोजनाको लागि खरिद गरेको जग्गाको विवरण :

यस कम्पनीले नुवाकोट जिल्लामा रहेको आयोजना स्थलको हेडवर्क्स र पावरहाउस लगाएतका स्थानमा आयोजनाको स्थायी संरचना बनाउन कम्पनीको नाममा खरीद गरिएको जग्गाको विवरण निम्न अनुसार रहेको छ :

| S.N. | VDC/Municipality | | Ward No | | Kitta No. | Land Area | | Land Type |
|---|---|---|---|---|---|---|---|---|
| | Previous | Current | Previous | Current | | R-A-P-D | sq.m | |
| 1 | | | 3 | | 15 | 0-8-3-1 | 280.16 | Bhir/pakho/bari |
| 2 | | | 3 | | 18 | 0-14-1-1 | 455 | Bhir/pakho/bari |
| 3 | | | 3 | | 19 | 3-11-3-3 | 1905.73 | Bhir/pakho/bari |
| 4 | | | 7 | | 379 | 7-4-2-3 | 3710.21 | Bhir/pakho/bari |
| 5 | | | 7 | | 381 | 6-10-3-3 | 3400.16 | Bhir/pakho/bari |
| 6 | | | 7 | | 383 | 4-0-2-2 | 2054.84 | Bhir/pakho/bari |
| 7 | | | 3 | | 5 | 3-7-1-2 | 1760.68 | Bhir/pakho/bari |
| 8 | | | 3 | | 213 | 1-15-1-0 | 993.54 | Bhir/pakho/bari |
| 9 | | | 3 | | 236 | 0-11-0-2 | 353.67 | Bhir/pakho/bari |
| 10 | | | 3 | | 237 | 0-11-0-1 | 351.68 | Bhir/pakho/bari |
| 11 | | | 3 | | 238 | 1-11-0-1 | 860.42 | Bhir/pakho/bari |
| 12 | | | 3 | | 239 | 1-11-0-1 | 860.42 | Bhir/pakho/bari |
| 13 | Gyangphedi | Dupcheshor | 7 | 1 | 380 | 5-4-3-0 | 2694.71 | Bhir/pakho/bari |
| 14 | | | 7 | | 384 | 3-14-3-0 | 1995.13 | Bhir/pakho/bari |
| 15 | | | 3 | | 432 | 0-9-0-0 | 286.11 | Residental |
| 16 | | | 3 | | 434 | 0-6-0-0 | 190.74 | Residental |
| 17 | | | 3 | | 430 | 1-8-0-0 | 763.06 | Residental |
| 18 | | | 3 | | 266 | 0-8-0-1 | 256.31 | Residental |
| 19 | | | 3 | | 267 | 0-7-3-3 | 252.35 | Residental |
| 20 | | | 3 | | 265 | 0-8-0-0 | 254.32 | Residental |
| 21 | | | 3 | | 438 | 1-3-2-0 | 620.01 | Residental |
| 22 | | | 3 | | 436 | 0-4-2-0 | 143.06 | Residental |
| 23 | | | 3 | | 7,8 | 3-0-0-0 | 1526.2 | Bhir/Pakho/bari |
| 24 | | | 3 | | 267 | 0-7-3-3 | 252.38 | Bhir/Pakho/bari |
| 25 | | | 3 | | 265 | 0-8-0-0 | 254.37 | Bhir/Pakho/bari |
| TOTAL | | | | | | | 26,475.26 | |

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** कम्पनीको स्वामित्वमा रहेको जग्गाहरु आयोजना संचालन तथा निर्माणको लागि लिएको कर्जाको लागि अगुवा बैंक श्री कुमारी बैंक लिमिटेड तथा सदस्य बैंक श्री नेपाल एसबिआई बैंक लिमिटेडको नाममा धितो रहेको छ । साथै आयोजना समेत अगुवा बैंक र सदस्य बैंकमा धितो रहेको छ ।

(घ) **आर्थिक वर्ष समाप्त भए पश्चात विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक समायोजन वा मूल्यांकन गरिएको भए सो को विवरण :** कम्पनीको सम्पत्तीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण**: कम्पनीको सम्पूर्ण सम्पत्तिहरु वास्तवीक लागतको आधारमा मुल्याङ्कन गरिएको छ ।

## ग.३.ग) भावी योजना तथा रणनीति :

(क) **व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति**: कम्पनीले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति निम्नानुसार छन्:

- कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु प्राप्तिका लागि व्यावसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।
- कम्पनीको मुख्य उद्देश्य जलविद्युत आयोजनाहरुको अध्ययन, आयोजना निर्माण, विद्युत वितरण, व्यवसायिक रुपमा सम्भाव्य देखिएका अन्य जलविद्युत आयोजनाहरुमा लगानी गरि नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।

- कम्पनीको उद्देश्य माथिल्लो तादी जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण कार्य सम्पन्न गरी मिति २०८२/०३/२५ गते देखि परिक्षण उत्पादन शुरु गरी २०८२/०४/१२ गतेबाट व्यापारिक उत्पादन शुरु गरेर यस आयोजनालाई सुचारु रुपमा सञ्चालन गर्ने र आयोजना निर्माणको क्रममा लिएका ऋण सुविधाहरु भुक्तानी गर्ने रहेको छ ।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने ।
- कम्पनीको दक्षता अभिवृद्धि गर्दै भविष्यमा लगानीकर्ताहरु लाई ३ वर्षपछि आर्कषक लाभांस वितरण गर्ने ।
- नयाँ आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्दै लगानी गरी निर्माण तथा संचालन गर्ने ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य** :
देशमा माग भए बमोजिम विद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको देखिन्छ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्रमा विद्युतको व्यापारको सम्भावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्य राम्रो रहेको छ । विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ । आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०८२/०३/२५ गते देखि परिक्षण उत्पादन शुरु गर्ने र मिति २०८२ श्रावण १२ गतेबाट व्यापारिक उत्पादन शुरु गर्ने लक्ष्य सहित अगाडी बढिरहेको हुँदा विद्युत उत्पादन नियमित रुपमा भएमा कम्पनीको आर्थिक स्थिति पनि मजबुत हुँदै जाने विश्वास लिएको छ । यस आयोजनाबाट उत्पादित ११ मेगावाट विद्युत राष्ट्रिय प्रशारण लाईनमा जोडी आपूर्ति हुने भएकाले प्रशारण लाईनको समस्या नरहेको तथा भविष्यमा समेत सो समस्या नहुने देखिएकोले यस आयोजनाको भविष्य उज्ज्वल रहेको मान्न सकिन्छ । यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन । नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको छ ।

**ग.३.घ)संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

**संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था** :यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना संचालक समिति देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| संस्थापक समूहका शेयरधनीहरुबाट मनोनित/निर्वाचित ("क" समूहबाट) | ३ (तिन) जना* |
| सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित ("ख" समूहबाट) | १ (एक) जना |
| स्वतन्त्र संचालक | १ (एक) जना |

* हाल यस कम्पनीमा ३ जना (सर्वसाधारण समूह तथा स्वतन्त्र समूहबाट प्रतिनिधित्व नभएसम्मका लागि) संचालक रहनु भएको छ । स्वतन्त्र सञ्चालकको हकमा सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचन गर्दा संगै स्वतन्त्र सञ्चालक पनि नियुक्ती गरिने भएको हाललाई स्वतन्त्र संचालक नियुक्त नगरिएको ।

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा निम्न बमोजिमको शेयर लिएको हुनु पर्नेछ : "क र ख" समुहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी :**कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी :**कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ६८,९६,७४,४००/- (अक्षरेपी अडसठ्ठी करोड छयानब्बे लाख चौहत्तर हजार चार सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- दरका ६८,९६,७४४ ( अड्सठ्ठी लाख छयानब्बे हजार सात सय चौवालिस) थान शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** हाल कम्पनीको संस्थापकहरुबाट चुक्ता पूँजी रु. ५५,१७,३९,४००/- (पचपन्न करोड सत्र लाख उनान्चालसि हजार चार सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- दरका ५५,१७,३९४ (पचपन्न लाख सत्र हजार तीन सय चौरानब्बे) थान शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत रु. ६,८९,६७,५००/- (अक्षरेपी छ करोड उनानब्बे लाख सडसठ्ठी हजार पाँच सय मात्र) बराबरको ६,८९,६७५ कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दालाई निष्काशन गरे पश्चात्

कम्पनीको चुक्ता पूँजी रु. ६२,०७,०६,९००/- हुनेछ। साथै, आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई शेयर निष्काशन गरे पश्चात् रु. ६८,९६,७००/- बराबरको ६८,९६७ कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीलाई, रु. ३४,४८,४००/- बराबरको ३४,४८४ कित्ता म्युचुयल फण्ड, रु. १,३७,९३,००/- बराबरको १३,७९३ कित्ता कर्मचारी तथा बाँकी सर्वसाधारणलाई निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ६८,९६,७४,४००/- (अक्षरेपी अडसठ्ठी करोड छयानब्बे लाख चौहत्तर हजार चार सय मात्र) हुनेछ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भै आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**
यस कम्पनीको स्थापना पश्चात् पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

| क्र.सं. | मिति | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) |
|---|---|---|---|---|
| १ | २०८०/०३/२१ | ६०,००,००,०००/- | ६०,००,००,०००/- | ४१,१५,००,०००/- |
| २ | २०८०/१०/२१ | १,००,००,००,०००/- | ६८,९६,७४,४००/- | ५५,१७,३९,४००/- |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप :**
साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजी प्रतिशत (%)* | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ५५,१७,३९४ | ८०.०० | ५५,१७,३९,४००/- | शत प्रतिशत भुक्तानी भएको |
| ख | सर्वसाधारण शेयरधनीहरु (आयोजनाको प्रभावित क्षेत्रका बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारीहरु र सामूहिक लगानी कोष सहित) | १३,७९,३५० | २०.०० | १३,७९,३५,०००/- | निष्काशन पश्चात् शत प्रतिशत भुक्तानी हुने |
| जम्मा | | ६८,९६,७४४ | १००% | ६८,९६,७४,४००/- | |

*संस्थापक तथा सर्वसाधारण समूहको शेयर अनुपात प्रतिशतलाई दशमलब पछिको निकटतम २ अंकमा राखिएको छ।

*नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ। यसरी थप गर्दा वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु तथा सामूहिक लगानी कोष योजनालाई निष्काशन गरिने धितोपत्र तथा सर्वसाधारणलाई निष्काशन गरिने धितोपत्रको संख्यामा समेत सोही बमोजिम हेरफेर हुनेछ र नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई आव्हानपत्र प्रकाशित गर्दा सोही बमोजिम संशोधन गरी प्रकाशित गरिनेछ।*

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)** : निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### ग.५.क) संस्थापक/सञ्चालकको पृष्ठभूमि :

**(क)आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

- **आधारभूत शेयरधनीको विवरण :**

| क्र.सं. | नाम, थर /ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शेयर प्रतिशत | शैक्षिक योग्यता | कार्य अनुभव (सम्बन्धित वा अन्य) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अनुभव | प्रस्तावित व्यापार/व्यवसाय सम्बन्धि |
| १ | अपि पावर कम्पनी लिमिटेड ठेगानाः- का.म.न.पा - ११, थापाथली | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | ३२,९२,००० | ५९.६७ | लागु नहुने | लागु नहुने | लागु नहुने |
| २ | देव बहादुर जुहार्चन ठेगानाः- भिमाद - १, तनहुँ | संस्थापक शेयरधनी | ४५ बर्ष | नेपाली | ३,००,००० | ५.४४ | एस.एल.सी | नभएको | -निमार्ण व्यवसायमा आवद्ध रहेको। -कृषी क्षेत्रमा आवद्ध भई उत्पादन सम्बन्धी व्यवसाय गरिरहेको |
| ३ | ईडवा गोर्खा इन्भेष्टमेण्ट कम्पनी लिमिटेड ठेगानाः-का.म.न.पा वडा | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | १,४०,००० | २.५४ | लागु नहुने | लागु नहुने | लागु नहुने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नं १४, काठमाडौं | | | | | | | |
| ४ | चुडामणि निरौला, वाकु ०१, सोलुखुम्बु | संस्थापक शेयरधनी | ६८ वर्ष | नेपाली | ७०,००० | १.२७ | स्नातक हाइड्रोपावर इन्जिनियर | कालिगण्डकी जलविद्युत आयोजना, माथिल्लो तामाकोशी जलविद्युत आयोजना, मिस्त्री खोला जलविद्युत आयोजना जस्ता जलविद्युत आयोजनाहरु निर्माण तथा संचालनमा विभिन्न पदमा रहि विगत ३५ वर्षदेखि कार्यरत | नभएको |
| ५ | सुमित्रा देवी न्यौपाने, का.म.न.पा. ३४, काठमाडौं | संस्थापक शेयरधनी | ६७ | नेपाली | १,००,००० | १.८१ | स्नातक | ईडवा हाईड्रोपावर लिमिटेडमा २०७८ साल माघ देखि हाल सम्म संचालक पदमा कार्यरत | ट्रेड टावर विजनेस सेन्टर प्रा.लि. मा संचालक । |
| ६ | अपि होल्डिडस कम्पनी लिमिटेड | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | ९२,५०० | १.६७ | लागु नहुने | लागु नहुने | लागु नहुने |

- **सञ्चालकहरुको विवरण :**

| क्र.सं. | सञ्चालकहरुको नाम,थर/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता | नियुक्ती मिति | शैक्षिक योग्यता | कार्य अनुभव (सम्बन्धित वा अन्य) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अनुभव | प्रस्तावित व्यापार/व्यवसाय सम्बन्धि |
| १ | श्री संजिव न्यौपाने का.म.न.पा.३१, काठमाडौं (प्रतिनिधि) अपि पावर कम्पनी लिमिटेड | अध्यक्ष | ४४ वर्ष | नेपाली | १०,००० | २०८०/०७/०३ | स्नात्तोतर | • जनता बैंक लि. मा २०७४ साल देखि २०७६ सम्म संचालक रही कार्य गरेको अनुभव ।<br>• मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंक लि.मा २०६६ देखि २०६९ सम्म कार्यकारी अध्यक्ष पदमा रही कार्य गरेको अनुभव । | • रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडमा २०६० सालदेखि २०६२ सम्म प्रमुख वित्त अधिकृत रही कार्य गरेको अनुभव ।<br>• रिडी पावर लिमिटेड कम्पनीमा अपि पावर कम्पनी कम्पनीको प्रतिनिधित्व गर्दै अध्यक्ष पदमा रहि २०७९ फाल्गुण देखि कार्यरत ।<br>• अपि पावर कम्पनी लिमिटेड मा २०७० सालदेखि हाल सम्म कार्यकारी संचालक पदमा कार्यरत ।<br>• ईडवा हाइड्रोपावर लिमिटेडमा अपि पावर कम्पनी लिमिटेडको प्रतिनिधित्व गर्दै संचालक पदमा रही २०७८ साल पौष देखि कार्यरत ।<br>• सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लि. मा मिति २०८०/०७/०३ देखि अध्यक्षको पदमा कार्यरत रहेको । |
| २ | श्री मधुसुदन कोइराला का.म.न.पा.६, काठमाडौं (प्रतिनिधि) अपि पावर कम्पनी लिमिटेड | कार्यकारी सञ्चालक | ३५ वर्ष | नेपाली | - | २०८२/०५/२० | स्नातक | • अन्य क्षेत्रमा कार्यअनुभव नरहेको । | • अपि पावर कम्पनी लिमिटेडमा २०७० भाद्र देखि २०८१ जेष्ठ सम्म प्रशासन प्रमुख तथा कम्पनी सचिव पदमा कार्य गरेको, हाल अपि पावर कम्पनी लिमिटेडको २०८१ आषाढ देखि संचालक पदमा रहि कार्य गरिरहेको ।<br>• सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लि. मा मिति २०८२/०५/२० देखि कार्यकारी सञ्चालकको पदमा कार्यरत रहेको । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | श्रीमती सिर्जना खड्का, का.म.न.पा.३१, काठमाडौं (प्रतिनिधि) अपि पावर कम्पनी लिमिटेड | सञ्चालक | ३१ वर्ष | नेपाली | ४०,००० | २०८० /०७/ ०३ | स्नातक | • अन्य क्षेत्रमा कार्यअनुभव नरहेको । | • अपि पावर कम्पनी लि. मा २०७६ सालदेखि हाल सम्म संचालक पदमा कार्यरत ।<br>• सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लि. मा मिति २०८०/०७/०३ देखि सञ्चालकको पदमा कार्यरत रहेको । |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र. सं. | नाम/ठेगाना | संक्षिप्त विवरण | सञ्चालकको नाम, ठेगाना | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|---|
| १ | अपि पावर कम्पनी लिमिटेड<br>ठेगाना : का.म.न.पा , वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं | यस कम्पनी प्राईभेट लिमिटेडको रुपमा २०६० आषाढ ५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७० साल श्रावण ६ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो । कम्पनीले दार्चुला जिल्लामा बहने नौगड गाढ खोलामा ८.५ मेगावाट क्षमताको नौगड साना जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी २०७२ भाद्र २ गते देखि राष्ट्रिय ग्रीडमा विद्युत आपूर्ति गरिरहेको छ । कम्पनीले दार्चुला जिल्लामा दोश्रो परियोजना ८.० मेगावाट क्षमताको अप्पर नौगड गाढ जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी २०७६ असोजमा सम्पन्न भई २०७६ कार्तिक १३ गतेदेखि राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह भईरहेको छ । कम्पनीले दार्चुला जिल्लामा तेश्रो जलविद्युत आयोजना ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी मिति २०८०/०४/२८ गतेबाट विद्युत उत्पादन गरी राष्ट्रिय ग्रिडमा विद्युत प्रवाह गरिरहेको छ ।<br>कम्पनीले आफ्नो प्रथम सौर्य आयोजनाको रुपमा रौतहट जिल्लाको, चन्द्रपुर नगरपालिकामा ४ मेगावाट क्षमताको ग्रिडमा आवद्ध चन्द्रनिगाहपुर सौर्य विद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७८ साल भाद्र ०६ गतेबाट व्यवसायिक विद्युत उत्पादन गरिरहेको छ । कम्पनीले धनुषा जिल्ला, मिथिला नगरपालिकामा १ मेगावाट क्षमताको ग्रिडमा आवद्ध ढल्केबर सौर्य विद्युत आयोजनाको निर्माण सम्पन्न गरी मिति २०७८ साल माघ ०२ गतेबाट व्यवसायिक विद्युत उत्पादन गरिरहेको छ । कम्पनीले पर्सा जिल्ला, जितपुर सिमरा उपमहानगरपालिकामा १ मेगावाट क्षमताको ग्रिडमा आवद्ध सिमरा सौर्य विद्युत आयोजनाको निर्माण सम्पन्न गरी मिति २०७९ साल श्रावण ८ गतेबाट व्यवसायिक विद्युत उत्पादन गरिरहेको छ ।<br>कम्पनीको अधिकृत पूँजी रु. ६,००,००,००,०००/– (अक्षरेपी छ अर्ब मात्र) रहेको, जारी पूँजी रु.५,७८,६५,९७,९१२ (अक्षरुपी पाँच अर्ब अठ्त्तर करोड पैंसाठ्ठी लाख सन्तानब्बे हजार नौ सय बाह्र रुपैया मात्र) रहेको र चुक्ता पूँजी रु. रु.५,७८,६५,९७,९१२ (अक्षरुपी पाँच अर्ब अठ्त्तर करोड पैंसाठ्ठी लाख सन्तानब्बे हजार नौ सय बाह्र रुपैया मात्र) रहेको छ । | अध्यक्ष - सिर्जना खड्का, का.म.न.पा.३१, काठमाडौं<br>कार्यकारी सञ्चालक - संजिव न्यौपाने, का.म.न.पा.३१, काठमाडौं<br>सञ्चालक - द्वारिका प्रसाद न्यौपाने, रामरोसन ०३, अछाम<br>सञ्चालक - मिलन खड्का, ल.म.न.पा. १२, ललितपुर<br>सञ्चालक - मधुसुदन कोइराला, का.म.न.पा. ६ काठमाडौं | ३२,९२,००० |
| २ | ईडवा गोर्खा इन्भेष्टमेण्ट कम्पनी लिमिटेड ठेगानाः-ल.म.न.पा वडा नं १४, ललितपुर | यस कम्पनी पब्लिक लिमिटेडको रुपमा २०६९ असोज २३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कारोबार गर्दै आईरहेको कम्पनी हो । यस कम्पनीले व्यापार, उत्पादन, सेवा मुलक व्यवसाय संचालक गर्दै आएको छ । यस कम्पनीको मुख्य उद्देश्यहरुमा नेपालमा जलविद्युत तथा ऊर्जा विकासका लागि स्थापित संगठित संस्थामा लगानी गर्ने, सिमेन्ट उत्पादनमा लगानी गर्ने, बैंक तथा वित्तिय संस्था स्थापना गर्नमा लगानी गर्ने, पर्यटन हेटल एवम् रिसोर्टमा लगानी गर्ने, कृषि उद्योग तथा प्रसोधन कारखानामा लगानी गर्ने रहेको छ ।<br>कम्पनीको अधिकृत पूँजी रु ३०,००,००,०००/- (अक्षरेपी तीस करोड मात्र) रहेको, जारी पूँजी ३०,००,००,०००/- | अध्यक्षः भिम ब. लिम्बु, ल.म.न.पा. १४, ललितपूर<br>संचालक : चिज माया यङ्या, ल.म.न.पा. १४, ललितपूर<br>संचालकः वजिर बहादुर लिम्बु, ओयम ५, पाँचथर<br>संचालकः सुशील कुमार वेघा, ल.म.न.पा १४, ललितपूर<br>संचालकः हिमाल राई, ल.म.न.पा. १४, ललितपुर<br>संचालकः लैन बहादुर लिम्बु, ल.म.न.पा. १४, ललितपूर<br>संचालकः जोगमाया वेघा, च्याङथापु २, पाँचथर<br>संचालकः राम बहादुर लिम्बु, ल.म.न.पा. १४, ललितपूर<br>संचालकः मकर ध्वज बनेम, ल.म.न.पा. १४, ललितपूर<br>संचालकः इन्द्रकला राई, तोपगाँछी ५, झापा<br>संचालकः दिल बहादुर राना, रणसिन २, बागलुङ्ग<br>संचालकः चन्द्रकला वेघा, कलैचा ६, पाँचथर<br>संचालकः लाल बहादुर घिसिङ्ग, ल.म.न.पा. ०३, ललितपूर | १,४०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | (अक्षरेपी तीस करोड मात्र) रहेका र चुक्ता पूँजी रु २,४०,००,०००/- (दुई करोड चालिस लाख मात्र) रहेको छ। | | |
| ३ | अपि होल्डिङ्गस लिमिटेड | वि.सं. २०८२/०३/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता कायम भई कारोबार भईरहेको छ । यस कम्पनीमा शतप्रतिशत अपि पावर कम्पनी लिमिटेडको लगानी रहेको छ । शेयर कारोबार तथा अन्य मुनाफादायी आयोजना तथा कम्पनीमा लगानी गर्ने उद्देश्यका साथ यस कम्पनीको स्थापन भएको हो ।<br><br>कम्पनीको अधिकृत पूँजी रु २५,००,००,०००/- (अक्षरुपी पचिस करोड मात्र) रहेको, जारी पूँजी २५,००,००,०००/-(पचिस करोड मात्र) रहेको र चुक्ता पूँजी रु १,४०,००,०००/-(एक करोड चालिस लाख मात्र) रहेको छ। | अध्यक्ष : सन्जिव न्यौपाने, का.म.न.पा.३१, काठमाडौं<br>सञ्चालक : शाश्वत चालिसे, का.म.न.पा.१४, काठमाडौं<br>सञ्चालक : मिलन खड्का, ल.म.न.पा. १२, ललितपुर | ९२,५०० |
| ४ | इङ्गवा हाइड्रोपावर लिमिटेड | वि.सं. २०६६/०३/०९ गते प्राईभेट कम्पनीको रुपमा स्थापित यो कम्पनी मिति २०७१/०५/०९ गते पब्लिक लिमिटेडमा परिणत भई विद्युत विकासको काममा संलग्न कम्पनी रहेको हो । यस कम्पनीले पाँचथर र ताप्लेजुङ्ग जिल्लामा भई बहने इङवा नदीको पानी उपयोग गरी ९.७ मेगावाट क्षमताको माथिल्लो इङवा खोला जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी मिति २०८०/१२/२८ गतेदेखि व्यवसायिक विद्युत उत्पादन गर्दै संचालनमा रहेको छ ।<br><br>कम्पनीको अधिकृत पूँजी रु ९७,००,००,०००/- (अक्षरेपी सन्तानब्बे करोड मात्र) रहेको, जारी पूँजी ६०,००,००,०००/- (अक्षरेपी साठी करोड मात्र) रहेको र चुक्ता पूँजी रु ६०,००,००,०००/- (साठी करोड मात्र) रहेको छ। | अध्यक्ष - सुमित्रा देवी न्यौपाने, का.म.न.पा. ३१, काठमाडौं<br>कार्यकारी सञ्चालक - सतिस न्यौपाने, का.म.न.पा. ३१, काठमाडौं<br>सञ्चालक - सौरभ तिमिल्सीना, का.म.न.पा. ३१, काठमाडौं<br>सञ्चालक - महेन्द्र न्यौपाने, भद्रपुर ११, झापा<br>सञ्चालक - भेज प्रसाद तिमिल्सीना, नमोबुद्ध १०, काभ्रेपलाञ्चोक | १,००० |

**(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

कम्पनीका संचालकहरु आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय अनुसार छ :

| क्र.सं. | नाम | संचालकहरु आबद्ध रहेका कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण |
|---|---|---|
| १ | संजिव न्यौपाने | ● सञ्चालक - अपि पावर कम्पनी लिमिटेड |
| २ | मधुसुदन कोइराला | ● सञ्चालक - अपि पावर कम्पनी लिमिटेड |
| ३ | सिर्जना खड्का | ● अध्यक्ष - अपि पावर कम्पनी लिमिटेड |

*सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको उद्घोषण गर्दछौं । साथै, कम्पनीका संचालकहरु (प्रबन्ध संचालक बाहेकको हकमा) अन्य समान उद्देश्य भएका कम्पनीमा संचालक रहेको भएतापनि निजहरुले कुनै पनि कम्पनीबाट कुनै प्रकारको आर्थिक सुविधा भएको छैन ।*

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

१) कम्पनीको प्रबन्धपत्र/नियमावलीमा भएको व्यवस्था बमोजिम कम्पनीका संस्थापक/संचालकहरुको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ ।

- कम्पनी ऐन शेयर खरिद वा हस्तान्तरण गर्न वा धितो बन्धक राख्न संचालक समितिको पूर्व स्वीकृति लिनु पर्नेछ । स्वीकृति विना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।
- कम्पनीको शेयर चल सम्पती सरह मानिएको छ । कुनै शेयरवालाको आफ्नो शेयर अरु कुनै पनि व्यक्तिलाई धितो बन्धक तथा हक हस्तान्तरण गर्न सक्नेछ । यसरी कुनै शेयरवालाको शेयर कुनै व्यक्तिलाई धितो बन्धक वा हस्तान्तरण गर्नु अघि कम्पनीको संचालक समितिको पूर्व स्वीकृति लिई गर्नु पर्नेछ ।

२) कम्पनीको कुनै शेयरधनीले संचालक समितिको पुर्व स्वीकृति नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

२) आफ्नो नाममा रहेका शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीहरुले संचालक समितिमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर बिक्री गर्न लागेको भए आफुले बिक्री गर्न चाहेको शेयरको मुल्य

र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितो वापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति खुलाउनु पर्नेछ ।

३) कुनै पनि शेयरधनीले उपनियम (२) बमोजिम शेयर बिक्री गर्नको निमित्त जानकारी गराएमा संचालक समितिले सो जानकारी पाएको ७ दिन भित्र अन्य शेयरधनीलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

४) कुनै पनि शेयरधनीले यसरी बिक्री हुन लागेको शेयर खरिद गर्न चाहेमा उपनियम (३) बमोजिम जानकारी पाएको ३५ दिन भित्र सो कुराको जानकारी संचालक समितिलाई दिनु पर्नेछ ।

५) शेयर खरिद गर्न चाहनेले उपनियम (४) बमोजिम जानकारी दिने शेयरधनीले त्यसरी जानकारी दिएको तीन महिना भित्र त्यस्तो शेयर खरिद गुर्नपर्नेछ । एक भन्दा बढी शेयरधनीले उपनियम (४) बमोजिम जानकारी दिएकोमा शेयरको अनुपातमा सम्बन्धित शेयरधनीले शेयर खरिद गर्न पाउने छ ।

६) उपनियम (४) बमोजिम ३५ दिन भित्र कुनै पनि शेयरधनीले शेयर खरिद गर्न चाहेको जानकारी संचालक समितिलाई नदिएको खण्डमा संचालक समितिले उपनियम (२) बमोजिम जानकारी दिने शेयरधनीलाई बाहेक अन्य व्यक्तिलाई शेयर बिक्री गर्न स्वीकृति दिने छ र त्यस्तो स्वीकृति १ (एक) वर्षसम्म कायम रहनेछ ।

७) कुनै शेयरधनीले शेयर कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई धितोबन्धक राख्न स्वीकृति दिने वा नदिने सम्बन्धमा निर्णय गरी सो को जानकारी शेयरधनीलाई दिनु पर्नेछ । स्वीकृति नदिने भए सो को कारण समेत दिनु पर्नेछ ।

८) शेयर बिक्री वा धितोबन्धक, दाखिल खारेज र अन्य व्यवस्था ऐन बमोजिम हुनेछ ।

"धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन । सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

**ग.५.ख) संस्थापक/सञ्चालकसँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण**: यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्य सम्म मात्र सिमित रहनेछ । तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७. क)संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने :**

| क्र.सं. | कर्मचारीको नाम | पद | शैक्षिक योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १ | विनय उप्रती | आयोजना प्रमुख | स्नातक | २०८० पौष १ | अपि पावर कम्पनीमा २०७७ आषाढ देखि २०८० मंसिर सम्म कार्य गरेको | १००० |
| २ | नन्द कुमार मण्डल | आयोजना प्रबन्धक | स्नातक | २०८१ चैत्र १ | इङ्वा हाइड्रोपावर लिमिटेडमा २०७७ चैत्र देखि २०८१ माघ सम्म कार्य गरेको | ३००० |
| ३ | सिद्धार्थ शर्मा | प्रमुख वित्त अधिकृत | स्नातक | २०८० माघ १ | नेपाल चिया विकास निगम लि.मा २०७५ माघ देखि २०८० पौष २९ सम्म वित्त अधिकृत | ५०० |

**संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारी अन्य कुनै सूचिकृत संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम :** सो नभएको ।

(ख) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण :** सो नभएको।

(ग) **कर्मचारीको संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :** यस आयोजनाको आयोजना स्थल, अन्य भौतिक पूर्वाधार स्थल र कम्पनीको रजिष्टर्ड कार्यालयमा गरी देहाय बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :

| क्र.सं. | कुल कर्मचारी संख्या | स्थायी | तालिमे/परीक्षण काल/अस्थायी | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| १ | २६ | २६ | - | - | - | - |

**ग.७. ख)संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

(क) **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधाः** कम्पनीको नियमावली अनुसार संचालकको बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सम्बन्धमा बार्षिक साधारण सभाले निर्णय नगरेको अवस्थामा संचालक समिति स्वयमले तोके बमोजिम हुने व्यवस्था भएकोमा संचालक समितिको मिति २०८०/११/१० गतेको निर्णयानुसार देहाय बमोजिमको भत्ता तथा अन्य सुविधा प्रदान गर्ने निर्णय भएको छ ।

| क्र.सं. | पद | बैठक भत्ता | मासिक पत्रपत्रिका तथा सञ्चार सुविधा वापत खर्च |
|---|---|---|---|
| १. | अध्यक्ष | ५०००/- | १५०००/- |
| २. | संचालक | ४५००/- | १५०००/- |

संचालक समितिबाट संचालकको बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा तोकेको भएतापनि हालसम्म कुनै भत्ता प्रदान गरिएको छैन । आगामी बस्ने बार्षिक साधारण सभाबाट अनुमोदन तथा निर्णय भएपश्चात् मात्र सो सुविधा प्रदान गरिनेछ ।

(ख) **संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :** एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :

| क्र.सं. | कर्मचारीको नाम | पद | पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (आ.व.२०८१/०८२) |
|---|---|---|---|
| १ | मधुसुदन कोइराला | प्रमुख कार्यकारी अधिकृत | १७,७६,०४७ /- |
| २ | विनय उप्रेति | आयोजना प्रमुख | ८,९९,३५३/- |
| ३ | सिद्धार्थ शर्मा | प्रमुख वित्त अधिकृत | ७,५३,८९६/- |

ग) **कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**ग.८.अन्तर्निहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नुपर्ने ।**

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिमः**
माथिल्लो तादी खोला जलविद्युत आयोजनामा संस्थापक शेयरको रकम पूर्ण रुपमा चुक्ता भई बैंकसंग ऋण सम्झौता सम्पन्न गरी बैंक ऋण प्रवाह भई आयोजनाको निर्माण सम्पन्न भई विद्युत उत्पादन गर्दै संचालन भईसकेको हुँदा वित्तीय साधनको अभावको जोखिम नरहेको छ ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिमः** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः** नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्रि सम्झौता सम्पन्न भई सम्झौता अनुरुप उत्पादित विद्युत बिक्री भईरहेको हुनाले बजारको जोखिम नरहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिमः** माथिल्लो तादी खोला जलविद्युत आयोजनाको कुल लागत रु. २,३६,८४,४०,०००/- मा निर्माण सम्पन्न भई विद्युत उत्पादन गर्दै संचालन भईसकेको हुँदा निर्माणको लागि थप लागतको आवश्यक नरहेको र मूल्य अभिबृद्धिको जोखिम नरहेको ।

(ङ) **विदेशी विनिमयको जोखिमः** आयोजनाको इलेक्ट्रोमेकानिकल उपकरणहरु प्रतितपत्र मार्फत आयात गरी भारतीय मुद्रामा भुक्तानी गरिएकोले विदेशी विनिमयको जोखिम नरहेको ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरुः** कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी माथिल्लो तादी खोला जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको हुँदा यस किसिमको जोखिम नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभावः** यस कम्पनीले कम्पनीको स्थापना कालदेखि नै परिपक्व तथा संचालकहरु व्यवसायिक प्राज्ञिक पृष्ठ भूमिका रहनु भएको र कम्पनीमा कार्यरत कर्मचारीहरु समेत अनुभवी रहनु भएको हुँदा यस कम्पनीमा सञ्चालन अनुभव अभावबाट हुने जोखिम नभएको ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**
- जलविद्युत आयोजना निर्माणका लागि आवश्यक टर्वाइन, स्पेयर पार्ट्स, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।
- जलविद्युत बाहेक अन्य श्रोतबाट भविष्यमा कम लागतमा विद्युत उत्पादन भएमा केही हदसम्म यस व्यवसायमा असर पर्ने जोखिम रहेको ।

(ट) **अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।
- आयोजनामा प्राकृतिक प्रकोपका कारणले हुने क्षतिको जोखिमहरु ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**
जलश्रोतको हिसाबले नेपाल विश्वकै धनी देशहरु मध्येमा पर्ने कुरा सर्वविदितै हुँदा हुँदै पनि नेपालमा उर्जा शक्तिको अत्याधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुन नसेकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ । तसर्थ उर्जाकालागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको भन्नेमा व्यवस्थापनको धारणा रहेको छ । उर्जा प्राप्त गर्ने विभिन्न श्रोतहरु भएतापनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । तथापि, आयोजनामा हुनसक्ने भौतिक क्षतिको जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरेको छ र सो विवरण देहाय बमोजिम रहेको छ :

बीमाले बहन गर्ने जोखिम : यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरुको बीमाले बहन गर्ने तल तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | बीमालेखको प्रकार | बीमालेख शुरु मिति | बीमालेख समाप्ति मिति | बीमा गरिएको रकम (रु.) | प्रिमियम भुक्तानी गरिएको रकम ( रु.) | बीमा कम्पनीको नाम |
|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति बिमालेख | सन् २०२५ जुलाई १३ | सन् २०२६ जुलाई १२ | १,८६,५५,९८,१४२.१३ | ४२,१६,२७१.८० | आईजिआई प्रुडेन्सीयल |

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु. १००/- प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ग.९. वित्तीय विवरण :

## ग.९.क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.व. २०८१/८२ को वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ :

**वासलात (२०८२ आषाढ मसान्त)**

| विवरण | वास्तविक रु.मा अषाढ मसान्त आ.ब. २०८१/८२ |
|---|---|
| **सम्पत्ती** | |
| **गैर चालू सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट र उपकरण | ६,४३३,१८१ |
| परियोजनाको काम प्रगतिमा छ | २,०४६,७६२,०४२ |
| अन्य गैर चालु सम्पत्ती | १६१,००० |
| **जम्मा गैर चालु सम्पत्ती** | **२,०५३,३५६,२२५** |
| **चालू सम्पत्ती** | - |
| नगद र बैंक मौज्दात | १,७२०,६५० |
| वित्तीय सम्पत्ती | ६,४२५,६२६ |
| चालु कर सम्पत्ती (खुद) | १४,४९९ |
| अन्य चालु सम्पत्ती | ३०२,२२५,५६४ |
| **जम्मा चालु सम्पत्ती** | **३१०,३८६,३३८** |
| **कुल सम्पत्ती** | **२,३६३,७४२,५६२** |
| **इक्वीटी र दायित्वहरु** | - |
| **इक्वीटी** | - |
| शेयर पुँजी | ५५१,७३९,४०० |
| अन्य इक्वीटी | (२८,८५५,९२९) |
| **कुल इक्वीटी** | **५२२,८८३,४७१** |
| **दायित्व** | **-** |
| गैर चालू दायित्व | - |
| गैर चालु सापट | १,७१६,७९९,३०५ |
| अन्य गैर चालु दायित्व | - |
| **कुल गैर चालू दायित्व** | **१,७१६,७९९,३०५** |
| **चालू दायित्व** | - |
| वित्तीय दायित्व | ९०,२८०,१७५ |
| अन्य चालू दायित्व | ३३,७७९,६११ |
| चालु सापट | - |
| **कूल चालू दायित्व** | **१२४,०५९,७८६** |
| **कूल चालू दायित्व र इक्वीटी** | **१,८४०,८५९,०९१** |
| **जम्मा इक्वीटी र दायित्व** | **२,३६३,७४२,५६२** |

**नाफा-नोक्सान हिसाब**

| विवरण | वास्तविक रु.मा अषाढ मसान्त आ.ब. २०८१/८२ |
|---|---|
| विद्युत बिक्री बाट आय | - |
| बिक्री लागत | - |
| **कुल आय** | - |
| अन्य आम्दानी | - |
| प्रशासनीक खर्च | (१,०८७,९६९) |

| | |
|---|---|
| ह्रासकट्टी र परिशोधन खर्च | (७०४,८२०) |
| **अञ्चालनबाट आम्दानी** | **(१,७९२,७८८)** |
| वित्तीय आम्दानी | ९६,६५८ |
| वित्तीय लागत | - |
| **बोनस र कर अघि नाफा** | **(१,६९६,१३१)** |
| कर्मचारी बोनस | - |
| **कर अघिको नाफा** | **(१,६९६,१३१)** |
| आय कर | - |
| **कर पछिको नाफा** | **(१,६९६,१३१)** |
| अन्य Comprehensive Income | - |
| **नाफा वा नोक्सानमा पुनः वर्गीकृत नहुने** | **-** |
| (क) परिभाषित लाभ योजनाहरूको पुनः मापन | - |
| (ख) FVTOCI मा वर्गीकृत इक्विटी उपकरणहरू | - |
| माथिका उल्लेखितहरूसँग सम्बन्धित आयकर | - |
| अन्य व्यापक आय (करको खुद) | - |
| **वर्षको लागि कुल व्यापक आय** | **(१,६९६,१३१)** |
| प्रति शेयर आम्दानी | |
| प्रति शेयर आधारभूत आम्दानी | (०.३१) |
| प्रति शेयर डाइलुटेड आम्दानी | (०.३१) |

## नगद-प्रवाहको विवरण

| विवरण | वास्तविक रु.मा<br>अषाढ मसान्त आ.ब. २०८१/८२ |
|---|---|
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| **बर्षको लागि नाफा** | (१,६९६,१३१) |
| **समायोजन** | - |
| **वित्तीय लागत** | - |
| गैर चालु सम्पत्तीमा मूल्यह्रास तथा परिशोधन | १,७४९,९६७ |
| **कार्यशील पूँजीमा परिवर्तन** | - |
| कारोबार र अन्य प्राप्तीहरुमा (बृद्धि)/कमी | - |
| अन्य वित्तीय सम्पत्तीहरुमा (बृद्धि)/कमी | ३८,८४७,६४१ |
| अन्य सम्पत्तीहरुमा (बृद्धि)/कमी | ५२७,७८०,८८५ |
| अन्य वित्तयि दायित्वहरुमा (बृद्धि)/कमी | ९०,२८०,१७५ |
| चालु कर सम्पत्ती दायित्व भएको (बृद्धि)/कमी | (१४,४९९) |
| अन्य चालु दायित्व भएको (बृद्धि)/कमी | ११,६२०,९१९ |
| **१.सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **६६८,५६८,९५७** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | - |
| लगानीहरुको बिक्री | - |
| लगानीहरुको खरिद | - |
| कार्यशिल पूँजीमा भएको (बृद्धि)/कमी | (१,२८२,७१७,९८३) |
| स्थिर सम्पत्तीको खरिद | (४१२,०००) |
| अमुर्त सम्पत्तीको खरिद | - |
| **२.लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(१,२८३,१२९,९८३)** |

| | |
|---|---|
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | - |
| सापटमा भएको बृद्धि/(कमी) | ६११,३९५,००७ |
| शेयर पूँजीमा बृद्धि/(कमी) | - |
| शेयर निष्काशन खर्च | (८०३,०७५) |
| शेयर प्रिमियम | - |
| इक्वीटी शेयरधनीहरुलाई लाभांश भुक्तानी | - |
| वित्तीय खर्च | - |
| **३. वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **६१०,५९१,९३२** |
| **नगद र नगद बराबरमा खुद बृद्धि/(कमी) (१+२+३)** | (३,९६९,०९३) |
| बर्षको सुरुमा नगद तथा नगद बराबर | ५,६८९,७४३ |
| विनिमयर दरमा आएको परिवर्तनले नगद तथा नगद बराबरमा भएको प्रभाव | - |
| **बर्षको अन्त्यमा नगद तथा नगद बराबर** | **१,७२०,६५०** |
| **नगद र नगद बराबरको निर्धारण** | - |
| नगद | ८२,८०५ |
| चेक | - |
| बैकमा रहेको मौज्दात | १,६३७,८४५ |

**इक्वीटीमा भएको परिवर्तन**

| ईक्विटीमा भएको परिवर्तन | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शेयर पुंजी** | **शेयर आवेदन** | **शेयर प्रिमियम** | **संचित मुनाफा** | **जम्मा** |
| **मौज्दात श्रावण १ २०८०** | **४११,५००,०००** | **-** | **-** | **(२२,३९२,१५५)** | **३८९,१०७,८४५** |
| बर्षको लागि नाफा/नोक्सान | - | - | - | (२,४०८,०३९) | (२,४०८,०३९) |
| थप शेयर निष्काशन | १४०,२३९,४०० | - | - | - | १४०,२३९,४०० |
| बर्षको लागि नाफा कर शुद्धको खुद Other Comprehensive Income | - | - | - | - | - |
| अ. FVOCI ऋण उपकरणहरूको उचित मूल्यमा परिवर्तनहरू | - | - | - | - | - |
| आ. पोस्ट-रोजगारी लाभ दायित्वहरूको पुन: मापन | - | - | - | - | - |
| सहायक कम्पनीहरूमा लगानीमा उचित मूल्य परिवर्तनहरू | - | - | - | - | - |
| NFRS १६ अपनाउनुको प्रभाव | - | - | - | - | - |
| जगेडा कोषमा सारिएको | - | - | - | - | - |
| CSR खर्च | - | - | - | - | - |
| शेयर निष्काशन खर्च | - | - | - | (१,६४९,८४५) | (१,६४९,८४५) |
| कम्पनीका ऋणीहरूलाई योगदान/वितरण | - | - | - | - | - |
| बोनस शेयर निष्काशन | - | - | - | - | - |
| हकप्रद निष्काशन | - | - | - | - | - |
| नगद लाभांश | - | - | - | - | - |
| लाभांश वितरण कर | - | - | - | - | - |
| अन्य | - | - | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| **मौज्दात आषाढ मसान्त २०८१** | **५५१,७३९,४००** | **-** | **-** | (२६,४५०,०३९) | **५२५,२८९,३६१** |
| अघिल्लो बर्षको समायोजन | - | - | - | ९३,३१६ | ९३,३१६ |
| **मौज्दात श्रावण १ २०८१** | **५५१,७३९,४००** | **-** | **-** | **(२६,३५६,७२३)** | **५२५,३८२,६७७** |
| बर्षको लागि नाफा/नोक्सान | - | - | - | (१,६९६,१३१) | (१,६९६,१३१) |
| थप शेयर निष्काशन | - | - | - | - | - |
| बर्षको लागि नाफा कर शुद्धको खुद Other Comprehensive Income | - | - | - | - | - |
| अ. FVOCI ऋण उपकरणहरूको उचित मूल्यमा परिवर्तनहरू | - | - | - | - | - |
| आ. पोस्ट-रोजगारी लाभ दायित्वहरूको पुनः मापन | - | - | - | - | - |
| Write back of CSR Liability | - | - | - | - | - |
| CSR खर्च | - | - | - | - | - |
| शेयर निष्काशन खर्च | - | - | - | (८०३,०७५) | (८०३,०७५) |
| कम्पनीका ऋणीहरूलाई योगदान/वितरण | - | - | - | - | - |
| बोनस शेयर निष्काशन | - | - | - | - | - |
| हकप्रद निष्काशन | - | - | - | - | - |
| नगद लाभांश | - | - | - | - | - |
| लाभांश वितरण कर | - | - | - | - | - |
| अन्य | - | - | - | - | - |
| **मौज्दात आषाढ मसान्त २०८२** | **५५१,७३९,४००** | **-** | **-** | (२८,८५५,९२९) | **५२२,८८३,४७१** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तिन वर्षको र तिन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण(सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

यस कम्पनीको लेखा परिक्षण भएको तीन आ.व. २०७९/८० ,२०८०/८१ र २०८१/८२ को वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

| विवरण | वास्तविक रु.मा | | |
|---|---|---|---|
| | आ. व. २०७९/८० | आ. व. २०८०/८१ | आ.ब. २०८१/८२ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| प्रपर्टी प्लान्ट तथा उपकरण | १,७०९ | ७,६७७,८३२ | ६,४३३,१८१ |
| परियोजनाको पूँजीगत कार्य प्रगति | १३०,०६३,६५० | ७६४,०४४,०५९ | २,०४६,७६२,०४२ |
| अवधि निक्षेप | १५०,००० | १५०,००० | १६१,००० |
| **जम्मा गैर चालु सम्पत्ति** | **१३०,२१५,३५९** | **७७१,८७१,८९२** | **२,०५३,३५६,२२४** |
| **चालु सम्पत्ति** | | | - |
| नगद र नगद बराबर | १८२,४१४ | ५,६८९,७४३ | १,७२०,६५० |
| वित्तीय सम्पत्ति | ९८,४९१,००६ | ८३१,००९,५९३ | ६,४२५,६२६ |
| अन्य चालु सम्पत्ति | १७०,७४८,८५८ | ४४,२८१,१२३ | १४,४९९ |
| जम्मा चालु सम्पत्त | २६९,४२२,२७८ | ८८०,९८०,४५९ | ३०२,२२५,५६४ |
| **जम्मा चालु सम्पत्ति** | **५३८,८४४,५५६** | **१,७६१,९६०,९१८** | **३१०,३८६,३३८** |
| **जम्मा सम्पत्ति** | **३९९,६३७,६३७** | **१,६५२,८५२,३५१** | **२,३६३,७४२,५६२** |
| **इक्विटी तथा दायित्व** | | | - |

| | | | |
|---|---|---|---|
| **इक्विटी** | | | - |
| शेयर पूँजी | ४११,५००,००० | ५५१,७३९,४०० | ५५१,७३९,४०० |
| अन्य पूँजी | -२२,३९२,१५५ | -२६,४५०,०३९ | (२८,८५५,९२९) |
| **जम्मा पूँजी** | **३८९,१०७,८४५** | **५२५,२८९,३६१** | **५२२,८८३,४७१** |
| **दायित्व** | | | **-** |
| **गैर चालु दायित्व** | | | - |
| गैर चालु सापट | - | १,१०५,४०४,२९८ | १,७१६,७९९,३०५ |
| अन्य गैर चालु दायित्व | २५०,२३५ | २५०,२३५ | - |
| **जम्मा गैर चालु दायित्व** | **२५०,२३५** | **१,१०५,६५४,५३३** | **१,७१६,७९९,३०५** |
| **चालु दायित्व** | | | - |
| वित्तीय दायित्व | ७२६,९२५ | - | ९०,२८०,१७५ |
| अन्य चालु दायित्व | ९,५५२,६३२ | २१,९०८,४५७ | ३३,७७९,६११ |
| खुद चालु कर दायित्व | - | - | - |
| **जम्मा चालु दायित्व** | **१०,२७९,५५७** | **२१,९०८,४५७** | **१२४,०५९,७८६** |
| **जम्मा दायित्व** | **१०,५२९,७९२** | **१,१२७,५६२,९९०** | **१,८४०,८५९,०९१** |
| **जम्मा इक्विटी तथा दायित्व** | **३९९,६३७,६३७** | **१,६५२,८५२,३५१** | **२,३६३,७४२,५६२** |

## नाफा-नोक्सान हिसाब

| विवरण | वास्तविक रु. मा | | |
|---|---|---|---|
| | आ. व. २०७९/८० | आ. व. २०८०/८१ | आ.ब. २०८१/८२ |
| सञ्चालनबाट आम्दानी | - | - | - |
| बिक्री लागत | - | - | - |
| **कुल नाफा** | - | - | - |
| अन्य आम्दानी | - | - | - |
| प्रशासनीक खर्च | (३९३,५००) | (१,६४८,१८५) | (१,०८७,९६९) |
| मूल्यह्रास तथा परिशोधन | (५७०) | (७५९,८५४) | (७०४,८२०) |
| **सञ्चालनबाट नाफा** | (३९४,०७०) | (२,४०८,०३९) | (१,७९२,७८८) |
| वित्तीय आम्दानी | - | - | ९६,६५८ |
| वित्तीय लागत | - | - | - |
| **कर्मचारी बोनस र कर अघिको नाफा** | (३९४,०७०) | (२,४०८,०३९) | (१,६९६,१३१) |
| कर्मचारी बोनस | - | - | - |
| **करअघिको नाफा** | (३९४,०७०) | (२,४०८,०३९) | (१,६९६,१३१) |
| आयकर | - | - | - |
| **यस बर्षको नाफा** | -३९४,०७० | -२,४०८,०३९ | (१,६९६,१३१) |

## नगद प्रवाहको विवरण

| विवरण | वास्तविक रु.मा | | |
|---|---|---|---|
| | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ | आ.ब. २०८१/८२ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| **बर्षको लागि नाफा** | -३९४,०७० | -२,४०८,०३९ | (१,६९६,१३१) |
| **समायोजन** | - | - | - |
| **वित्तीय लागत** | - | - | - |

| | | | |
|---|---|---|---|
| गैर चालु सम्पत्तीमा मूल्यह्रास तथा परिशोधन | ५७० | ७५९,८५४ | १,७४९,९६७ |
| **कार्यशील पूँजीमा परिवर्तन** | | | - |
| कारोबार र अन्य प्राप्तीहरुमा (बृद्धि)/कमी | - | - | - |
| अन्य वित्तीय सम्पत्तीहरुमा (बृद्धि)/कमी | - | **-७३२,५१८,५८७** | **३८,८४७,६४१** |
| अन्य सम्पत्तीहरुमा (बृद्धि)/कमी | - | **१२६,४६७,७३५** | **५२७,७८०,८८५** |
| अन्य वित्तयि दायित्वहरुमा (बृद्धि)/कमी | - | **-७२६,९२५** | **९०,२८०,१७५** |
| चालु कर/सम्पत्तिमा भएको (बृद्धि)/कमी | - | - | **(१४,४९९)** |
| अन्य दायित्वमा भएको (बृद्धि)/कमी | **२,१६७,६९४** | **१२,३५५,८२५** | **११,६२०,९१९** |
| **१.सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **१,७७४,१९४** | **-५९६,०७०,१३७** | **६६८,५६८,९५७** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | - |
| लगानीहरुको बिक्री | - | - | - |
| लगानीहरुको खरिद | -१,७७१,७१० | - | - |
| कार्यशिल पूँजीमा भएको (बृद्धि)/कमी | - | -६३३,९८०,४०९ | (१,२८२,७१७,९८३) |
| स्थिर सम्पत्तीको खरिद | - | -८,४३५,९७७ | (४१२,०००) |
| अमुर्त सम्पत्तीको खरिद | - | - | - |
| **२.लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **-१,७७१,७१०** | **-६४२,४१६,३८७** | **(१,२८३,१२९,९८३)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | - |
| सापटमा भएको बृद्धि/(कमी) | - | १,१०५,४०४,२९८ | ६११,३९५,००७ |
| शेयर पूँजीमा बृद्धि/(कमी) | - | १४०,२३९,४०० | - |
| शेयर निष्काशन खर्च | - | -१,६४९,८४५ | (८०३,०७५) |
| शेयर प्रिमियम | - | - | - |
| शेयरधनीको लागि लाभांश भुक्तानी | - | - | - |
| वित्तीय खर्च | - | - | - |
| **३. वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **-** | **१,२४३,९९३,८५३** | **६१०,५९१,९३२** |
| **नगद र नगद बराबरमा खुद बृद्धि/(कमी) ( १+२+३)** | २,४८४ | ५,५०७,३२९ | (३,९६९,०९३) |
| बर्षको सुरुमा नगद तथा नगद बराबर | १७९,९३० | १८२,४१४ | ५,६८९,७४३ |
| विनिमयर दरमा आएको परिवर्तनले नगद तथा नगद बराबरमा भएको प्रभाव | - | - | - |
| **बर्षको अन्त्यमा नगद तथा नगद बराबर** | **१८२,४१४** | **५,६८९,७४३** | **१,७२०,६५०** |
| **नगद र नगद बराबरको निर्धारण** | | | - |
| नगद | १५,००० | १,३०४ | ८२,८०५ |
| चेक | - | २,०००,००० | - |
| **बैकमा रहेको मौज्दात** | **१६७,४१४** | **३,६८८,४३९** | **१,६३७,८४५** |

१. **विगत ३ आ.व. मा संस्थाले अवलम्बन गरेको नयाँ लेखा नीति, सो नीति अवलम्ब गर्नुको औचित्य तथा कारण र सोको वित्तीय प्रभाव सम्बन्धी विवरण** : आ.वा २०७९/८० को वितिय विवरण प्रथम पटक नेपाल लेखा प्रतिवेदनमान अनुरुप तयार गरेको थियो । प्रथम पटक नेपाल लेखा पर्षतिकेदनमान अवलम्बन गर्दाको वितिय प्रभाव सम्बन्धि अनुसूची संलग्न गरिएको छ ।

२. **आयोजना/परियोजना भएको अवस्थामा व्याजको पूँजीकरण सम्बन्धी विवरण** : आयोजनाको निर्माण सम्पन हुने मितिसम्मको ब्याजलाई आयोजनाको निर्माण खर्च मै समावेश गरि पुँजीकरण गरिएको छ ।आयोजना निर्माण सम्पन हुने मितिसम्म रु १५,००,००,०००/- (पन्ध्र करोड मात्र) ब्याज पुँजीकरण गरिने प्रक्षेपण गरिएको छ ।

३. **अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवारको विस्तृत विवरण** : सो नभएको ।

४. **संभावित दायित्व तथा सोबाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धी विवरण :** सो नभएको ।

५. **लेखापरीक्षण भएको वित्तीय विवरण, अपरिष्कृत वित्तीय विवरण र प्रक्षेपित वित्तीय विवरण बमोजिम विभिन्न वित्तीय अनुपातहरु जस्तै आम्दानीमा वृद्धि/घटि, खर्चमा वृद्धि/घटि, नाफा नोक्सानमा वृद्धि/घटि, सम्पत्तिमा वृद्धि/घटि लगायतका विवरण तथा सोको कारणहरु समेत तुलनात्मक तालिकामा आ. व. सहित प्रस्तुत गर्नुपर्ने र सो विवरण विज्ञवाट प्रमाणित गराई बोर्डमा पेश गर्नुपर्ने** : विज्ञको प्रतिवेदन संलग्न गरिएको छ ।

६. **निष्काशनकर्ता संस्थाबाट प्रवर्जित आयोजनाको विद्युत खरिद विक्री सम्झौता (Power Purchase Agreement, PPA) मा उल्लेखित व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति (Required Commercial Operation Date, RCOD) को तुलनामा ढिला उत्पादन हुन गएमा PPA मा उल्लेख भए अनुसारको वार्षिक मूल्यवृद्धिको सख्यामा हुने कटौति (Price Escalation) बाट कम्पनीमा पर्न जाने प्रभावलाई समेत आधारमा लिई तयार गरिएको प्रक्षेपित वित्तीय विवरण र अन्य वित्तीय परिसूचकहरु लेखापरीक्षकबाट प्रमाणित गरी पेश गर्नुपर्ने** : सो अनुरुप प्रक्षेपित वितिय विवरण र अन्य वितिय परिसूचकहरु विज्ञबाट प्रमाणित गरि संलग्न गरिएको छ ।

ग) **आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :** लागु नहुने

(घ) **आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** सो नभएको ।

(च) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी:**
आ.व.२०८२/८३ को व्यवस्थापन तथा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित असोज मसान्तको अपरिष्कृत वित्तीय विवरण तल देहाय बमोजिम रहेको छ ।

**वासालात**

| विवरण | अपरिष्कृत रु.मा |
|---|---|
| | असोज मसान्त आ.ब. २०८२/८३ |
| **सम्पत्ती** | |
| **गैर चालू सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट र उपकरण | ५,९८८,७९८ |
| अमुर्त सम्पत्ति | २,१६१,८७३,८४५ |
| परियोजनाको काम प्रगतिमा छ | - |
| अन्य गैर चालु सम्पत्ती | २३३,००० |
| **जम्मा गैर चालु सम्पत्ती** | **२,१६८,०९५,६४३** |
| **चालू सम्पत्ती** | |
| नगद र बैंक मौज्दात | ५,७४९,४५२ |
| वित्तीय सम्पत्ती | ६०,६३५,४७७ |
| चालु कर सम्पत्ती (खुद) | १४,४९९ |
| अन्य चालु सम्पत्ती | २१४,१४८,२७८ |
| **जम्मा चालु सम्पत्ती** | **२८०,५४७,७०५** |
| **कुल सम्पत्ती** | **२,४४८,६४३,३४९** |
| **इक्वीटी र दायित्वहरु** | |
| **इक्वीटी** | |
| शेयर पुँजी | ५५१,७३९,४०० |
| अन्य इक्वीटी | (२१,८४६,३८२) |
| **कुल इक्वीटी** | **५२९,८९३,०१८** |
| **दायित्व** | |
| गैर चालू दायित्व | |
| गैर चालु सापट | १,७९७,३३३,१०२ |
| अन्य गैर चालु दायित्व | - |
| **कुल गैर चालू दायित्व** | **१,७९७,३३३,१०२** |
| **चालू दायित्व** | |
| चालु सापट | |
| वित्तीय दायित्व | ७७,१८८,७३० |
| अन्य चालू दायित्व | ४४,२२८,४९९ |

| | |
|---|---|
| **कूल चालू दायित्व** | **१२१,४१७,२२९** |
| **कूल चालू दायित्व र इक्वीटी** | **१,९१८,७५०,३३१** |
| **जम्मा इक्वीटी र दायित्व** | **२,४४८,६४३,३४९** |

## नाफा नोक्सान

| विवरण | अपरिष्कृत रु.मा |
|---|---|
| | **असोज मसान्त आ.ब. २०८२/८३** |
| विद्युत बिक्री बाट आय | ७०,६५५,२३४ |
| बिक्री लागत | (१५,४८९,८६०) |
| **कुल आय** | **५५,१६५,३७४** |
| अन्य आम्दानी | - |
| प्रशासनीक खर्च | (१,०८४,८५५) |
| ह्रासकट्टी र परिशोधन खर्च | (२२,२४२,५२४) |
| **अञ्चालनबाट आम्दानी** | **३१,८३७,९९६** |
| वित्तीय आम्दानी | - |
| वित्तीय लागत | (२४,६८१,६८२) |
| **बोनस र कर अघि नाफा** | **७,१५६,३१४** |
| कर्मचारी बोनस | (१४३,१२६) |
| **कर अघिको नाफा** | **७,०१३,१८७** |
| आय कर | - |
| **कर पछिको नाफा** | **७,०१३,१८७** |
| अन्य Comprehensive Income | |
| **नाफा वा नोक्सानमा पुनः वर्गीकृत नहुने** | |
| (क) परिभाषित लाभ योजनाहरूको पुनः मापन | - |
| (ख) FVTOCI मा वर्गीकृत इक्विटी उपकरणहरू | - |
| माथिका उल्लेखितहरूसँग सम्वन्धित आयकर | |
| अन्य व्यापक आय (करको खुद) | - |
| वर्षको लागि कुल व्यापक आय | **७,०१३,१८७** |
| प्रति शेयर आम्दानी | |
| प्रति शेयर आधारभूत आम्दानी | ५.०८ |
| प्रति शेयर डाइलुटेड आम्दानी | ५.०८ |

## नगद प्रवाह विवरण

| विवरण | अपरिष्कृत रु.मा |
|---|---|
| | **असोज मसान्त आ.ब. २०८२/८३** |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| **बर्षको लागि नाफा** | **७,०१३,१८७** |
| **समायोजन** | |
| **वित्तीय लागत** | २४,६८१,६८२ |
| गैर चालु सम्पत्तीमा मूल्यह्रास तथा परिशोधन | २२,२४२,५२४ |
| **कार्यशील पूँजीमा परिवर्तन** | |
| कारोबार र अन्य प्राप्तीहरुमा (बृद्धि)/कमी | - |
| अन्य वित्तीय सम्पत्तीहरुमा (बृद्धि)/कमी | (५४,२०९,८५०) |
| अन्य सम्पत्तीहरुमा (बृद्धि)/कमी | ८८,००५,२८६ |
| अन्य वित्तयि दायित्वहरुमा (बृद्धि)/कमी | (१३,०९१,४४५) |

| | |
|---|---|
| चालु कर सम्पत्ती दायित्व भएको (बृद्धि)/कमी | (०) |
| अन्य चालु दायित्व भएको (बृद्धि)/कमी | १०,४४८,८८८ |
| **१.सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **८५,०९०,२७१** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| लगानीहरुको बिक्री | - |
| लगानीहरुको खरिद | - |
| कार्यशिल पूँजीमा भएको (बृद्धि)/कमी | २,०४६,७६२,०४२ |
| स्थिर सम्पत्तीको खरिद | (२,१८३,६७१,९८५) |
| अमुर्त सम्पत्तीको खरिद | |
| **२.लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(१३६,९०९,९४३)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| सापटमा भएको बृद्धि/(कमी) | ८०,५३३,७९७ |
| शेयर पूँजीमा बृद्धि/(कमी) | - |
| शेयर निष्काशन खर्च | (३,६४०) |
| शेयर प्रिमियम | - |
| इक्वीटी शेयरधनीहरुलाई लाभांश भुक्तानी | - |
| वित्तीय खर्च | (२४,६८१,६८२) |
| **३. वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **५५,८४८,४७५** |
| **नगद र नगद बराबरमा खुद बृद्धि/(कमी) (१+२+३)** | **४,०२८,८०३** |
| बर्षको सुरुमा नगद तथा नगद बराबर | १,७२०,६५० |
| विनिमयर दरमा आएको परिवर्तनले नगद तथा नगद बराबरमा भएको प्रभाव | - |
| **बर्षको अन्त्यमा नगद तथा नगद बराबर** | **५,७४९,४५२** |
| **नगद र नगद बराबरको निर्धारण** | |
| नगद | १,५९९,२२५ |
| चेक | - |
| **बैकमा रहेको मौज्दात** | **४,१५०,२२७** |

**(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| इक्वीटी र दायित्वहरु | | | |
| इक्वीटी | | | |
| चुक्ता पुँजी | ६८९,६७४ | ६८९,६७४ | ६८९,६७४ |
| संचित र जगेडा कोष | (४४,६९८) | (१३,५४९) | ३३,२१७ |
| **कुल इक्वीटी** | **६४४,९७६** | **६७६,१२५** | **७२२,८९१** |
| गैर चालू दायित्व | | | |
| दीर्घकालीन परियोजना ऋण | १,६१७,८७० | १,५४६,४९९ | १,४६७,७१९ |
| अन्य दीर्घकालीन ऋण | - | - | - |
| **कुल गैर चालू दायित्व** | **१,६१७,८७०** | **१,५४६,४९९** | **१,४६७,७१९** |

| | | | |
|---|---|---|---|
| चालू दायित्व | | | |
| कर्मचारी बोनस र CSR प्रावधान | – | ६४२ | ९६४ |
| प्रक्षेपण ऋणको वर्तमान भाग | ६४,६५९ | ७१,३७१ | ७८,७८० |
| कार्यशील पूँजी ऋण | ३०,००० | ३०,००० | ३०,००० |
| ब्रिज ग्याप लोन | – | – | - |
| अन्य चालू दायित्व | – | – | – |
| **कूल चालू दायित्व** | **९४,६५९** | **१०२,०१३** | **१०९,७४४** |
| **कूल चालू दायित्व र इक्वीटी** | **२,३५७,५०५** | **२,३२४,६३८** | **२,३००,३५५** |
| सम्पत्ती | | | |
| गैर चालू सम्पत्ति | | | |
| सम्पत्ति, प्लान्ट र उपकरण | **५,१४७** | **३,८६०** | **२,५७३** |
| Gross Block | ८,८७० | ८,८७० | ८,८७० |
| संचित ह्रास (घटाउने) | (३,७२४) | (५,०१०) | (६,२९७) |
| परियोजना कार्य प्रगतिमा | – | – | – |
| सेवा छुट व्यवस्था | **२,२७४,३३०** | **२,१८०,२२०** | **२,०८६,१०९** |
| SCA- Upper Tadi HEP | २,३६८,४४० | २,३६८,४४० | २,३६८,४४० |
| संचित परिशोधन (घटाउने) | (९४,११०) | (१८८,२२०) | (२८२,३३१) |
| अन्य गैर चालु सम्पत्ती | – | – | – |
| **कुल गैर चालू सम्पत्ती** | **२,२७९,४७६** | **२,१८४,०८०** | **२,०८८,६८३** |
| चालू सम्पत्ती | | | |
| NEA बाट प्राप्ति योग्य | ६८,५७५ | ७०,५७५ | ७२,७१८ |
| नगद र बैंक मौज्दात | ९,४५४ | ६९,९८३ | १३८,९५४ |
| अग्रिम ऋण | – | – | – |
| **कुल चालू सम्पत्ती** | **७८,०२९** | **१४०,५५८** | **२११,६७२** |
| **कुल सम्पत्ती** | **२,३५७,५०५** | **२,३२४,६३८** | **२,३००,३५५** |

## नाफा-नोक्सान हिसाव

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | २०८२-८३ | २०८३-८४ | २०८४-८५ |
| विद्युत बिक्री बाट आय | ३१७,७७७ | ३४०,५३५ | ३५०,७०० |
| अन्य आय | – | – | – |
| **कुल आय** | **३१७,७७७** | **३४०,५३५** | **३५०,७००** |
| संचालन र मर्मत सम्भार खर्च | ३४,३०० | ३४,९२६ | ३५,५१५ |
| रोयल्टी | ७,४५६ | ७,९११ | ८,११४ |
| जरिवाना | २०,५३८ | – | – |
| ऋणमा ब्याज | १७४,२४७ | १६८,५७८ | १६१,९२६ |
| एजेन्सी शुल्क | १,६८३ | १,६१८ | १,५४६ |
| ह्रास- PPE | १,२८७ | १,२८७ | १,२८७ |
| परिशोधन SCA | ९४,११० | ९४,११० | ९४,११० |
| **कुल खर्च** | **३३३,६१९** | **३०८,४२९** | **३०२,४९८** |
| **बोनस र कर अघि नाफा** | **(१५,८४२)** | **३२,१०६** | **४८,२०३** |
| कर्मचारी बोनस | – | ६४२ | ९६४ |
| **कर अधिको नाफा** | **(१५,८४२)** | **३१,४६४** | **४७,२३९** |
| आय कर | – | – | – |
| **कर पछिको नाफा** | **(१५,८४२)** | **३१,४६४** | **४७,२३९** |
| CSR | – | ३१५ | ४७२ |

| | | | |
|---|---|---|---|
| शेयरधनीहरूलाई वितरण योग्य नाफा | (१५,८४२) | ३१,१४९ | ४६,७६६ |

**नगद-प्रवाहको विवरण**

| विवरण | प्रक्षेपित रु.हजारमा | | |
|---|---|---|---|
| | आ.ब. २०८२/८३ | आ.ब. २०८३/८४ | आ.ब. २०८४/८५ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| **बर्षको लागि नाफा** | (१५,८४२) | ३१,४६४ | ४७,२३९ |
| **समायोजन** | | | |
| वित्तीय लागत | १७४,२४७ | १६८,५७८ | १६१,९२६ |
| गैर चालु सम्पत्तीमा मूल्यह्रास तथा परिशोधन | ९५,३९७ | ९५,३९७ | ९५,३९७ |
| CSR सम्बन्धी खर्च | - | (३१५) | (४७२) |
| **कार्यशील पूँजीमा परिवर्तन** | | | |
| कारोबार र अन्य प्राप्तीहरुमा (बृद्धि)/कमी | २४०,२५२ | (२,०००) | (२,१४३) |
| चालु दायित्वमा भएको (बृद्धि)/कमी | (१२४,०६०) | ६४२ | ३२२ |
| **१.सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **३६९,९९३** | **२९३,७६६** | **३०२,२६८** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| कार्यशिल पूँजीमा भएको (बृद्धि)/कमी | २,०४६,७६२ | - | - |
| स्थिर सम्पत्तीमा (बृद्धि)/कमी | (२,३६८,४४०) | - | - |
| लगानी भएको (बृद्धि)/कमी | - | - | - |
| **२.लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(३२१,६७८)** | **-** | **-** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | |
| सापटमा भएको बृद्धि/(कमी) | (४,२७०) | (६४,६५९) | (७१,३७१) |
| शेयर पूँजीमा बृद्धि/(कमी) | १३७,९३५ | - | - |
| शेयर निष्काशन खर्च | - | - | - |
| वित्तीय खर्च | (१७४,२४७) | (१६८,५७८) | (१६१,९२६) |
| **३. वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(४०,५८२)** | **(२३३,२३७)** | **(२३३,२९७)** |
| **नगद र नगद बराबरमा खुद बृद्धि/(कमी) (१+२+३)** | **७,७३३** | **६०,५२९** | **६८,९७१** |
| बर्षको सुरुमा नगद तथा नगद बराबर | १,७२१ | ९,४५४ | ६९,९८३ |
| विनिमयर दरमा आएको परिवर्तनले नगद तथा नगद बराबरमा भएको प्रभाव | - | - | - |
| **बर्षको अन्त्यमा नगद तथा नगद बराबर** | **९,४५४** | **६९,९८३** | **१३८,९५४** |

**इक्वीटीमा भएको परिवर्तन**

| ईक्विटीमा भएको परिवर्तन | | | | | |
|---|---|---|---|---|---|
| विवरण | शेयर पुँजी | संचित मुनाफा | CSR जगेडा | पुनर्मूल्यांकन रिजर्व | जम्मा |
| **मौज्दात श्रावण १ २०८०** | **४११,५००** | **(२२,३९२)** | **-** | **-** | **३८९,१०८** |
| शेयर निष्काशन | १४०,२३९ | - | - | - | १४०,२३९ |
| बर्षको लागि नाफा | - | (२,४०८) | - | - | (२,४०८) |
| शेयर निष्काशन खर्च | | (१,६५०) | - | - | (१,६५०) |
| अन्य समायोजन | - | - | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| **मौज्दात अषाढ ३१ २०८१** | **५५१,७३९** | **(२६,४५०)** | **-** | **-** | **५२५,२८९** |
| शेयर निष्काशन | - | | - | - | - |
| बर्षको लागि नाफा | - | (१,६९६) | - | - | (१,६९६) |
| शेयर निष्काशन खर्च | - | (८०३) | - | - | (८०३) |
| अन्य समायोजन | - | ९३ | - | - | ९३ |
| **मौज्दात अषाढ ३२ २०८२** | **५५१,७३९** | **(२८,८५६)** | **-** | **-** | **५२२,८८३** |
| शेयर निष्काशन | १३७,९३५ | - | - | - | १३७,९३५ |
| बर्षको लागि नाफा | - | (१५,८४२) | - | - | (१५,८४२) |
| अन्य समायोजन | - | - | - | - | - |
| **मौज्दात अषाढ ३१ २०८३** | **६८९,६७४** | **(४४,६९८)** | **-** | **-** | **६४४,९७६** |
| शेयर निष्काशन | - | - | - | - | - |
| बर्षको लागि नाफा | - | ३१,१४९ | - | - | ३१,१४९ |
| अन्य समायोजन | - | - | - | - | - |
| **मौज्दात अषाढ ३१ २०८४** | **६८९,६७४** | **(१३,५४९)** | **-** | **-** | **६७६,१२५** |
| शेयर निष्काशन | - | - | - | - | - |
| बर्षको लागि नाफा | - | ४६,७६६ | - | - | ४६,७६६ |
| अन्य समायोजन | - | - | - | - | - |
| **मौज्दात अषाढ ३१ २०८५** | **६८९,६७४** | **३३,२१७** | **-** | **-** | **७२२,८९२** |

*** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी श्री शिशिर बि. एण्ड एसोसियट्स चार्टड एकाउन्टेन्टबाट प्रमाणित गरिएको छ ।*

**वित्तीय विवरणको अनुमानहरुको धारणा :**

**१. सम्पत्ति, प्लान्ट र उपकरण**

सम्पत्ति, प्लान्ट र उपकरणले कार्यालय उपकरण र अन्य कर्पोरेट सम्पत्तिहरू समावेश गर्दछ र आगामी पाँच वर्षमा पूर्ण रूपमा मूल्यह्रास हुने अनुमान गरिएको छ ।

**२. परियोजनाको प्रगति**

आयोजनाहरूको निर्माणसँग सम्बन्धित सबै प्रत्यक्ष र अप्रत्यक्ष खर्चहरू निर्माणाधीन परियोजनाको रूपमा लेखाङकन गरिएको छ । परियोजनाको निर्माण सम्पन्न भएपछि निर्माणाधीन आयोजनाको कुल मूल्य सेवा सहुलियत व्यवस्थामा हस्तान्तरण गरिन्छ । आर्थिक वर्ष ८०/८१ र ८१/८२ मा सञ्चालन सुरु हुनु अघि सबै प्रमुख सञ्चालन र प्रशासनिक लागत परियोजना प्रगतिमा पूंजीकरण गरिएको छ ।

**३ सेवा सहुलियत व्यवस्था**

क. कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग माथिल्लो क्षेत्रका लागि विद्युत् खरिद सम्झौता गरेको छ । ११ मेगावाट क्षमताको माथिल्लो तादी खोला जलविद्युत आयोजना (UTKHPP) आयोजनाको निर्माण २०८२ अषाढ २५ मा सम्पन्न भई २०८२ श्रावण १२ गतेबाट व्यापारीक उत्पादन सुरु हुने अपेक्षा गरिएको छ ।

ख. UTKHPP को परियोजना लागत IFRIC १२ अनुसार सेवा सहुलियत व्यवस्थामा समावेश गरिएको छ र बाँकी परियोजना जीवनको लागि परिशोधन गरिएको छ.।

**४. शेयर पूँजी संकलन**

शेयर पूँजीबाट प्राप्त आम्दानी कम्पनीले आ.व. २०८२/०८३ मा प्रारम्भिक सार्वजनिक प्रस्ताव मार्फत रु. १३.७९३५ करोड उठाउने योजना बनाएको छ र निम्न उद्देश्यका लागि लागू गरिनेछ ।

| विवरण | रकम |
|---|---|
| माथिल्लो तादी खोलाको जलविद्युत् परियोजना (११ मेगावाट) को निर्माण लागत र आईपीओ विरुद्ध निकालिएको ब्रिज ग्याप ऋणको भुक्तानी | १३,७९,३५,००० |
| **जम्मा** | **१३,७९,३५,०००** |

५. कम्पनीले कमाएको आम्दानीको आधारमा नगद र नगद बराबरको अनुमान गरिएको छ ।

६. अन्य अग्रिम, निक्षेप र प्राप्यहरू विगतको प्रवृत्ति र प्रत्येक आर्थिक वर्षको अन्तिम २ महिनाको लागि प्राधिकरणबाट प्राप्त हुने विद्युत बिक्रीबाट हुने आम्दानीको आधारमा अनुमान गरिन्छ ।

७. आर्थिक वर्षको लागि कुनै लाभांश वितरण हुने अपेक्षा गरिएको छैन ।

**८. दीर्घकालीन उधारो**

कन्सोर्टियम अवधि ऋण (माथिल्लो तादीखोला जलविद्युत परियोजना)

कम्पनी र बैंकहरू बीचको वित्तीय सम्झौता अनुसार माथिल्लो तादीखोला जलविद्युत परियोजनाको निर्माणको लागि वित्तपोषण गर्न कम्पनीले कुमारी बैंक लिमिटेड र नेपाल एसबीआई बैंक लिमिटेडको कन्सोर्टियमबाट नेरु १७२.७० करोड ऋण लिने अनुमान गरिएको छ ।

परियोजनाको व्यावसायिक सञ्चालन सुरु भएको १४ वर्षको अवधिमा समान त्रैमासिक किस्तामा ऋण चुक्ता गरिने अनुमान गरिएको छ । COD को अर्को त्रैमासिक अर्थात् पौष, २०८२ मा समाप्त हुने अनुमान गरिएको छ ।

**९. चालु कर्जा पूँजी**

जलविद्युत परियोजनाको दैनिक व्यवसाय सञ्चालन सुचारु गर्न कम्पनीले आर्थिक वर्ष २०८२/८३ मा कुमारी बैंक लिमिटेडबाट नेरु ३ करोडको कार्यशील पूँजी ऋण लिने अनुमान गरिएको छ ।

**१०. आईपीओ लागि ब्रिज ग्याप ऋण**

कम्पनीले आईपीओको आम्दानी प्राप्त नभएसम्म निर्माण लागतको लागि कुमारी बैंक लिमिटेडबाट रु. १० करोडको ब्रिज ग्याप ऋण लिएको छ । यस्तो ऋण आ.ब. २०८२/८३ मा सार्वजनिक निष्कासनबाट प्राप्त रकमबाट भुक्तानी गरिनेछ ।

**११. अन्य चालु दायित्व**

कम्पनीसँग हाल ठेकेदारहरूसँग सम्बन्धित वर्तमान दायित्वहरू छन् जुन आर्थिक वर्ष २०८२/८३ मा पूर्ण रूपमा भुक्तानी गरिनेछ ।

**१२. विद्युत बिक्रीबाट आम्दानी**

कम्पनीले देहायका आयोजनाहरूबाट विद्युत बिक्रीबाट आम्दानी आर्जन गर्ने अनुमान गरिएको छ

| क्र.सं. | परियोजना | व्यावसायिक सञ्चालन मिति (वास्तविक/अपेक्षित) |
|---|---|---|
| १. | माथिल्लो तादी खोला जलविद्युत आयोजना (११ मे.वा.) | २०८२/०४/१२ |

निम्न उत्पादनको आधारमा आय अनुमान गरिएको छ

| क्र.सं. | परियोजना | आ.व ८२/८३ | आ.व ८३/८४ | आ.व ८४/८५ |
|---|---|---|---|---|
| १. | कुल उपलब्ध विद्युतशक्ति (kWh) | ५८,३८४,०७५ | ६१,३१९,१३१ | ६१,३१९,१३१ |

**१३. विद्युत बिक्री दरहरू**

आयोजनाहरुबाट उत्पादित उर्जाको बिजुली बिक्री दरहरु निम्नानुसार रहेको छ ।

| क्र.सं. | परियोजना | दर (NPR/kWh) |
|---|---|---|
| १. | माथिल्लो तादी खोला जलविद्युत आयोजना (११ मे.वा.) | ४.८ (वैशाख - मंसिर) |
| | | ८.४ (पुस-चैत्र) |

PPA को दफा १२.१ अनुसार, परियोजनामा अधिकतम ५ वटा दर संशोधन हुन सक्छ । यसबाहेक, यदि परियोजनाको COD RCOD बाट ६ महिना देखि १८ महिनाको अवधिमा ढिलो भयो भने सोही दफा अनुसार दर संशोधन ४ वटामा सीमित गरिएको छ । PPA को पाँचौं संशोधन अनुसार, परियोजनाको RCOD जेठ ४, २०८१ मा सहमत भएको छ । तदनुसार, परियोजनाको COD श्रावण १२, २०८२ RCOD बाट १४ महिना ढिलो भएकोले, परियोजनाले केवल ४ वटा दर संशोधन पाउनेछ । विद्युत खरिद सम्झौता (PPA) अनुसार व्यावसायिक सञ्चालनको अर्को ४ वर्षमा दरहरू प्रारम्भिक दरको ३% ले वृद्धि हुनेछ । त्यसपछि दरहरू NPR ५.३८KWH (बैशाख - मंसिर) र NPR ९.४1KWH (पौष - चैत्र) मा स्थिर रहनेछन् । तदनुसार निम्न दरहरू लागू गरिएका छ

| आ.ब. | Rate (NPR/KWh) | | |
|---|---|---|---|
| | श्रावण | सुख्खायाम पौष देखि चैत्र | बर्षायाम भाद्र देखि मंसिर र बैशाख देखि अषाढ सम्म |
| २०८२/८३ | ४.८० | ८.४० | ४.८० |
| २०८३/८४ | ४.८० | ८.६५ | ४.९४ |
| २०८४/८५ | ४.९४ | ८.९० | ५.०९ |
| २०८५/८६ | ५.०९ | ९.१६ | ५.२३ |

| | | | |
|---|---|---|---|
| २०८६/८७ | ५.२३ | ९.४१ | ५.३८ |
| २०८७/८८ भन्दा माथि | ५.३८ | ९.४१ | ५.३८ |

## १४. अन्य स्रोतबाट आम्दानी

कम्पनीले नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री बाहेक अरु कुनै आम्दानी नगर्ने अनुमान गरिएको छ।

## १५. रोयल्टी

कम्पनीले विद्युत बिक्रीमा निम्न प्रचलित दर अनुसार रोयल्टी तिर्नुपर्ने धारणा राखिएको छ।

| क्र.सं. | विवरण | क्षमता रोयल्टी | दर (NPR/kWh) |
|---|---|---|---|
| १. | जलविद्युत आयोजना (पहिलो १५ वर्ष) | रु.१,००,०००/मे.वा. | राजस्व रकमको २% |
| २. | जलविद्युत आयोजना (पछिल्लो १५ वर्ष) | रु.१०,००,०००/मे.वा. | राजस्व रकमको १०% |

## १६. परियोजना सञ्चालन खर्च

आयोजना सञ्चालन खर्च उद्योगको औसतको आधारमा प्रक्षेपण गरिएको छ र प्रत्येक वर्ष २ प्रतिशतले वृद्धि भइरहेको छ।

## १७. जरिवाना र COD मा ढिलाई

परियोजनाले आषाढ २५,२०८२ मा परीक्षण र सञ्चालन आवश्यकता पूरा गऱ्यो र सोही मितिबाट यसको परीक्षण उत्पादन सुरु गऱ्यो। प्लान्टले आषाढ २५,२०८२ देखि श्रावण १२,२०८२ सम्म NEA लाई परीक्षण गैर-व्यावसायिक ऊर्जा सफलतापूर्वक पुऱ्यायो। NEA ले श्रावण १२, २०८२ (जुलाई २८, २०२५) को मध्याह्नलाई परियोजनाको व्यावसायिक सञ्चालन मिति घोषणा गरेको छ। जेठ ४, २०८१ देखि श्रावण १२, २०८२ सम्म RCOD बाट परियोजनाको COD मा ढिलाइको जरिवाना PPA को खण्ड ४ (घ) अनुसार गणना गरिएको छ र आर्थिक वर्ष २०८२-८३ मा लागू गरिएको छ जसमा बिल विरुद्ध NEA लाई यस्तो जरिवाना तिर्नुपर्ने अपेक्षा गरिएको छ।

जरिवाना = ०.०५ x (सम्झौता अनुसार वास्तविक COD र RCOD बीचको ढिलाइ भएका दिनहरूको लागि ऊर्जा) x वास्तविक COD को समयमा खरिद दर

जरिवाना निम्न बमोजिम गणना गरिएको छ :

| बर्ष | महिना | PPA दिन | PPA सम्झौता इनर्जी | वस्तविक दिन | समानुपातिक ऊर्जा | दर | Lost Revenue | जरिवान @ 5% |
|---|---|---|---|---|---|---|---|---|
| २०८१ | जेठ | ३१ | ६,४५९,६२३ | २८ | ५,८३४,४९८ | ४.८ | २८,००५,५९१ | १,४००,२८० |
| २०८१ | आषाढ | ३२ | ७,८२६,८१६ | ३१ | ७,५८२,२२८ | ४.८ | ३६,३९४,६९४ | १,८१९,७३५ |
| २०८१ | श्रावण | ३१ | ७,५८२,२२८ | ३२ | ७,८२६,८१६ | ४.८ | ३७,५६८,७१७ | १,८७८,४३६ |
| २०८१ | भाद्र | ३१ | ७,५८२,२२८ | ३१ | ७,५८२,२२८ | ४.८ | ३६,३९४,६९४ | १,८१९,७३५ |
| २०८१ | अश्विन | ३१ | ७,५८२,२२८ | ३० | ७,३३७,६४० | ४.८ | ३५,२२०,६७२ | १,७६१,०३४ |
| २०८१ | कार्तिक | ३० | ६,०७६,५०८ | ३० | ६,०७६,५०८ | ४.८ | २९,१६७,२३८ | १,४५८,३६२ |
| २०८१ | मङ्सिर | २९ | ४,३९७,५७१ | ३० | ४,५४९,२११ | ४.८ | २१,८३६,२१५ | १,०९१,८११ |
| २०८१ | पुस | ३० | ३,१७८,१०१ | २९ | ३,०७२,१६४ | ८.४ | २५,८०६,१८० | १,२९०,३०९ |
| २०८१ | माघ | २९ | २,४८१,८७० | ३० | २,५६७,४५२ | ८.४ | २१,५६६,५९४ | १,०७८,३३० |
| २०८१ | फाल्गुन | ३० | २,३४५,६०३ | २९ | २,२६७,४१६ | ८.४ | १९,०४६,२९६ | ९५२,३१५ |
| २०८१ | चैत्र | ३१ | २,४२०,४२५ | ३१ | २,४२०,४२५ | ८.४ | २०,३३१,५७० | १,०१६,५७९ |
| २०८२ | बैशाख | ३१ | ३,३८५,९३० | ३१ | ३,३८५,९३० | ४.८ | १६,२५२,४६४ | ८१२,६२३ |
| २०८२ | जेठ | ३१ | ६,४५९,६२३ | ३१ | ६,४५९,६२३ | ४.८ | ३१,००६,१९० | १,५५०,३१० |
| २०८२ | आषाढ | ३२ | ७,८२६,८१६ | ३२ | ७,८२६,८१६ | ४.८ | ३७,५६८,७१७ | १,८७८,४३६ |
| २०८२ | श्रावण | ३१ | ७,५८२,२२८ | १२ | २,९३५,०५६ | ४.८ | १४,०८८,२६९ | ७०४,४१३ |
| | **जम्मा** | | | ४३७ | | | ४१०,२५४,१०३ | २०,५१२,७०५ |

## १८. सञ्चालन र मर्मत खर्च

परियोजनाको सञ्चालन र मर्मतसम्भार लागत समान परियोजनाहरूको लागतको आधारमा अनुमान गरिएको छ र प्रत्येक वर्ष २% ले बढाइएको छ। सञ्चालन र मर्मत लागतको विस्तृत विभाजन निम्नानुसार छ:

| S. No. | Items | NRs. (000') | % |
|---|---|---|---|
| 1 | Insurance of the Project | 5,500 | 16.03% |

| | | | |
|---|---|---|---|
| 2 | Repair & Maintenance of Project | 12,000 | 34.99% |
| 3 | Staff Salary & Allowances | 10,000 | 29.15% |
| 4 | Board Meeting /AGM etc. | 1,200 | 3.50% |
| 5 | House Rent | 1,200 | 3.50% |
| 6 | Travel Expenses | 2,000 | 5.83% |
| 7 | Telephone/Electricity/Postage | 300 | 0.87% |
| 8 | Site Office Expenses | 600 | 1.75% |
| 9 | Miscellaneous Cost | 1,500 | 4.37% |
| | **Total** | **34,300** | **100.00%** |

**१९. वित्तीय खर्चहरु**

आयोजना ऋण र कार्यशील पूँजी ऋणको ब्याज देहायका आधारमा अनुमान गरिएको छ।

| क.सं. | ऋण | ब्याज दर (p.a) |
|---|---|---|
| १. | कुमारी बैंक लिमिटेडको अगुवाईमा नेपाल एसबिआई बैंक लिमिटेड साझेदारी रहेको सहवित्तियकरणबाट परियोजना ऋण | १०% |
| २. | कुमारी बैंक लिमिटेडबाट कार्यशील पुँजी ऋण | १०% |

व्यावसायिक सञ्चालन सुरु नभएसम्मको ब्याजलाई परियोजना लागतको अंशको रूपमा मानिएको छ र पूँजीकृत गरिएको छ। व्यावसायिक सञ्चालन सुरु भएपछिको अवधिको ब्याज आय विवरणमा लगाइएको छ।

**२०. डिस्काउन्ट दर**

भविष्यको आम्दानी र खर्चमा प्रतिवर्ष १०% छुट दरले छुट दिइएको छ।

**२१. मूल्यह्रास / परिशोधन**

निम्न नीतिहरू अनुसार मूल्यह्रास / परिशोधन प्रदान गरिएको छ।

**क. सेवा सहुलियत व्यवस्था / जलविद्युत परियोजना**

जलविद्युत निर्माणमा प्रत्यक्ष रूपमा लाग्ने खर्चहरू विद्युत खरिद सम्झौताको वैधता अवधि वा उत्पादन इजाजतपत्रको वैधता अवधि, जुन पहिले समाप्त हुन्छ, स्टेट लाईन विधिमा परिशोधन गरिएको छ। उत्पादन इजाजतपत्रको वैधता २०५० अक्टोबर ८ सम्म छ भने पीपीएको वैधता २०५५ जुलाई २८ सम्म छ। त्यसैले एससीएलाई सीओडीबाट २०५० अक्टोबर ८ सम्म स्टेट लाईन विधिमा कुल ३०२ महिनाको अवधिको लागि परिशोधन गरिएको छ।

**ख. सम्पत्ति, प्लान्ट र उपकरण**

अन्य सम्पत्तिहरू अर्को ५ वर्षमा मूल्यह्रास भएको छ।

**२२. कर्मचारी बोनस**

विद्युत बिक्रीबाट हुने आम्दानीमा प्रत्येक वर्ष खुद आम्दानीको २ प्रतिशत कर्मचारी बोनस प्रक्षेपण गरिएको छ।

**२३. व्यवसायीक सामाजिक उत्तरदायित्व (CSR)**

कर पछिको नाफाको १ प्रतिशत बराबरको रकम प्रचलित कानून बमोजिम संस्थागत सामाजिक उत्तरदायित्वको लागि छुट्याइएको छ।

**२४. आयकर**

व्यावसायिक सञ्चालनको पहिलो १० वर्षको लागि जलविद्युतमा १००% आयकर छुट दिने प्रचलित नीति अनुसार, जलविद्युत परियोजनाहरूबाट प्राप्त हुने नाफामा COD बाट १० वर्षसम्मको अनुमानित अवधिको लागि आयकरको कुनै व्यवस्था गरिएको छैन। त्यसपछि, अर्को ५ वर्षको लागि सामान्य दरको ५०% र त्यसपछि पूर्ण दरमा कर लागू गरिएको छ।

*नोट : माथि उल्लेखित वित्तीय विवरणहरुको अनुमान व्यवस्थापन निर्णय र आयोजना संचालनमा पूर्व अनुभवको आधारमा गरिएको छ।*

*माथि उल्लेख गरिए बमोजिमको प्रक्षेपित वित्तीय विवरण निष्काशन कम्पनीले तयार पारी सो वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु कम्पनीको आ.व. २०८१/०८२ सम्मको लेखापरिक्षण भैसकेका वित्तीय विवरणहरु र नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरीद - बिक्री सम्झौता, आयोजनाको समाप्तिको अवधि तथा त्यस अवस्थासम्मको लागतको अनुमान, हालको विदेशी मुद्रा विनिमय दर र सो को प्रक्षेपण एवं राज्यको अनुमानित वित्तीय तथा मौद्रिक स्थिति साथै निष्काशन कम्पनीको हालको दक्षता र निष्काशन कम्पनीले प्राप्त गरेको हालसम्मको कार्यप्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी श्री शिशिर बि. एण्ड एसोसियट्सबाट प्रमाणित गरिएको छ।*

**ग.९. ख) वित्तीय अनुपात सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल निम्नानुसार छ :**

कम्पनीको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम छ :

**नेटवर्थ**

| विवरण | वास्तविक (रु. हजारमा) | | | अपरिष्कृत असोज मसान्त | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७९/०८० | आ.ब. ०८०/०८१ | आ.ब. ०८१/०८२ | आ.ब. ०८२/०८३ | आ.ब. ०८२/०८३ | आ.ब. ०८३/०८४ | आ.ब. ०८४/०८५ |
| चुक्ता पुंजी | ४११,५०० | (१५,८४२) | ५५१,७३९ | ५५१,७३९.४० | ६८९,६७४ | ६८९,६७४ | ६८९,६७४ |
| जगेडा तथा कोषहरु | (२२,३९२) | (२६,४५०) | (२८,८५६) | (२१,८४६.३८) | (४४,६९८) | (१३,५४९) | ३३,२१७ |
| **कुल** | **३८९,१०८** | **५२५,२८९** | **५२२,८८३** | **५२९,८९३** | **६४४,९७६** | **६७६,१२५** | **७२२,८९१** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **३८९,१०८** | **५२५,२८९** | **५२२,८८३** | **५२९,८९३** | **६४४,९७६** | **६७६,१२५** | **७२२,८९१** |
| शेयर संख्या (हजारमा) | ४,११५ | ५,५१७ | ५,५१७ | ५,५१७.३९ | ६,८९७ | ६,८९७ | ६,८९७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९४.५६ | ९५.२१ | ९४.७७ | ९६.०४ | ९३.५२ | ९८.०४ | १०४.८२ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | (०.०८) | (०.४६) | (०.३२) | ५.२९% | (२.४६) | ४.६५ | ६.५३ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | | -०.३३% |

उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनी श्री शिशर बि.एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्टले प्रमाणित गर्नुभएको हो ।

**(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : -०.२९ %**

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क) धितोपत्र जारी गर्नुको उद्देश्य :** यस कम्पनीको धितोपत्र जारी गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छ :

क. यस कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम जारी पूँजीको २० प्रतिशत अर्थात रु. १३,७९,३५,०००/- रकम बराबरको रु. १००/- अंकित दरका १३,७९,३५० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि, वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि र सर्वसाधारणहरुको लागि बिक्री वितरण गरी कम्पनीको जारी पूँजी रु.६८,९६,७४,४००/- (अडसठ्ठी करोड छयानब्बे लाख चौहत्तर हजार चार सय) पुर्याउन ।

ख. कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

ग. प्रबन्धपत्रमा तोकिए बमोजिमको पूँजी संरचना कायम गर्न ।

घ. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन तथा कम्पनीले आयोजना निर्माण गर्नका लागि भुक्तान गर्न बाँकि अन्य दायित्व भुक्तान गर्न ।

**ग.१०.ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण:** निष्काशनबाट प्राप्त हुने पूँजी रकमलाई देहाय बमोजिम प्रयोग गरिने छ :

| क्र. सं. | निष्काशनबाट प्राप्त रकमको उपयोगको विवरण | रकम रु. |
|---|---|---|
| १. | ऋण प्रदायक बैंक तथा वित्तीय संस्थाहरु (लिड बैंक कुमारी बैंक लिमिटेड र को लिड बैंक नेपाल एसबिआई बैंक लिमिटेड) सँग भएको सम्झौता बमोजिम लिएको ऋण रकमको साँवा भुक्तानी गर्न उपयोग गरिनेछ । | १३,७९,३५,००० |
| | **जम्मा** | **१३,७९,३५,०००** |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था:** पछिल्लो समयमा सर्वसाधारणमा धितोपत्र निष्काशन गरेका सोही प्रकारका अन्य कम्पनीहरुको सर्वसाधारणमा धितोपत्र निष्काशन गर्दा माग भन्दा बढी धितोपत्रको लागि दरखास्त परेको पाईएकोले यस कम्पनीको समेत धितोपत्र खरीदका लागि माग भन्दा बढी आवेदन आउने विश्वास कम्पनीले लिएको छ । आयोजना प्रभावित क्षेत्रका स्थानीयका लागि निष्काशन गरिएको धितोपत्र भन्दा कम धितोपत्र खरीदका लागि माग भएमा माग भएजति धितोपत्र शतप्रतिशत बाँडफाँड गरी बाँकी रहने धितोपत्र सर्वसाधारण समूहलाई छुट्याएको धितोपत्रमा थप गरी बिक्री वितरण गरिनेछ । कथंकदाचित सर्वसाधारणको लागि

निष्काशन गरिने धितोपत्रपूर्ण रुपमा बिक्री नभई बाँकी रहन गएमा श्री मुक्तिनाथ क्यापिटल लिमिटेडले निष्काशन रकम बराबरको शेयर आफैंले खरीद गर्ने प्रत्याभूति सम्झौता गरिएको छ ।

(ग) **आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण**: यस कम्पनीद्वारा संचालित आयोजना नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका (साबिकको घ्याङफेदी गा.वि.स.) मा पर्दछ । यो जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य, सिभिल कार्य, हाइड्रोमेकानीकल कार्य, इलेक्ट्रोमेकालिकल निर्माण कार्य, र विद्युत प्रसारण लाइन निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारहरुको छनौट भई सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भएको छ ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति**: यस कम्पनीद्वारा संचालित माथिल्लो तादी खोला जलविद्युत आयोजनाका लागि आवश्यक पर्ने जग्गा खरीदको कार्य, भवन तथा प्रवेशमार्ग जस्ता पूर्वाधारहरुको निर्माण कार्य १००% (शत प्रतिशत) सम्पन्न भैसकेको छ । यस आयोजनाको ड्याम, पाइप एलाइनमेण्ट तथा विद्युतगृहको निर्माण समग्रमा १००% सम्पन्न भैसकेको छ । नेपाल विद्युत प्राधिकरण संग सम्पन्न भएको विद्युत खरिद बिक्री सम्झौता अनुसार आयोजनाको व्यापारीक उत्पादन शुरु हुने मिति २०८१/०२/०४ भएतापनि विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रभाव र त्यस पश्चात्को बैंक तरलता अभाव तथा बाढी पहिरोका कारण आयोजनाको पहुँचमार्गमा क्षति पुगी निर्माण सामाग्रीहरु समयमानै आयोजना स्थलमा पुग्न नसकेको अवस्थाले गर्दा आयोजानको निर्माणमा १३ महिना ढिलाई भई मिति २०८२ असाढ २५ गतेबाट परीक्षण विद्युत उत्पादन शुरु गरी २०८२ श्रावण १२ गते बाट आयोजनाले व्यापारिक विद्युत उत्पादन गरिरहेको छ ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बुँदाहरुः**

संगठित संस्थाले उपकरण खरिद गरेको उपकरणको मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता तल उल्लेखित छन ।

| क्र.सं. | विवरण | सप्लायर्सको नाम | सम्झौता मिति | सम्झौताको मुख्य बुँदा | रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | इलेक्ट्रोमेकानिकल (सप्लाई र इरेक्सन) कार्य | Flovel Energy Pvt. Ltd., India | २०८०/०८/०७ | इलेक्ट्रोमेकानिकल कार्य अन्तर्गत Turbine, Generator, Transformer, Sub-station equipment लगायतका उपकरणहरु को Design, Manufacture, Supply, Installation, Testing and Commissioning कार्य गर्ने । | ४६,४४,३५,०००.०० |
| २ | हाइड्रोमेकानिकल (सप्लाई र इरेक्सन) कार्य | Steel Craft India तथा CME Enterprises, India | २०८०/१२/३० २०८०/०८/१३ | हाइड्रोमेकानिकल कार्य अन्तर्गत आवश्यक फलाम पाता तथा गेटको Hoisting निर्माण तथा सप्लाई कार्य गर्ने । | २३,४८,६९,२५८.८८ |
| | | Api Hydromechanical Limited | २०८०/०९/०१ | हाइड्रोमेकानिकल कार्य अन्तर्गत पेनस्टक पाइप, गेटहरु तथा अन्य उपकरणहरुको Fabrication,Erection,Testing & Commissioning कार्य गर्ने । | १४,७७,७८,६१०.७१ |
| ३ | प्रसारण लाईन (सप्लाई र इरेक्सन) कार्य | Latinath Construction Pvt. Ltd | २०८०/०९/०१ | प्रसारण लाईन अन्तर्गत पोल, कन्डक्टर र सो सम्बन्धि अन्य सामानहरुको Supply Erection, Testing and Commissioning कार्य गर्ने । | ६,००,००,०००.०० |
| ४ | सिभिल कार्य | Makalu developers Pvt.Ltd. | २०८०/०९/०१ | सिभिल अन्तर्गत हेडवर्क्स, पावरहाउस, एङ्कर ब्लक, पहुँच मार्ग, क्याम्प हाउस | ३२,५८,६५,५९३.५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लगायतका निमार्ण कार्य गर्ने । | |
| | | Latinath construction Pvt.Ltd. | २०८०/०९/०१ | | ५३,६१,९४,४०६.४९ |
| ५ | Infrastructure | Latinath construction Pvt.Ltd. | २०८०/०९/०१ | Owners Camp & Camp Facilities, Construction Power | ७,११,९०,०००.०० |

(च) **कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण:** सो नभएको।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

**आयोजनाको प्रकृती :** जलविद्युत आयोजना

**प्रयोगकर्ता :** आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन माफर्त सर्वसाधारणहरुले प्रयोग गर्ने रहेको ।

**प्रतिस्पर्धा :** हाल प्रतिस्पर्धा नरहेको ।

**लक्षित समूह :** नेपाल विद्युत प्राधिकरणका ग्राहकहरु ।

**उत्पादन क्षमता :** यस जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ११ मेगावाट रहेको छ ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत:** तादी खोलाको पानी ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** तादी खोला जलविद्युत आयोजना ११ मे.वा.को लागी ६.३ घ.मि.प्रति सेकेन्ड पानी आवश्यक रहेको छ ।

(ञ) **सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण :**

(अ) **निष्काशन तथा बिक्री प्रबन्धक** : यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई तथा सर्वसाधारणलाई बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्यका लागि रु.२,००,०००/- निष्काशन तथा बिक्री प्रबन्धक श्री कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंलाई सेवा शुल्कको रुपमा दिइनेछ ।

(आ) **ट्रष्टि (डिवेञ्चर/वण्ड निष्काशनको हकमा) :** सो नभएको।

(इ) **प्रत्याभूतिकर्ता :** यस विवरणपत्र मार्फत आयोजनाको प्रभावित क्षेत्रका बासिन्दाहरु तथा सर्वसाधारणमा निष्काशन गर्न लागेको साधारण शेयर वापतको रु.१३,७९,३५,०००/- को शत प्रतिशत अर्थात् रु.१०० अंकित दरका १३,७९,३५० कित्ता शेयरको लागि श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंद्धारा प्रत्याभूति सेवा प्रदान गरिएको छ र सो वापत निजलाई रु. ४,१३,८५०/- (अक्षेरेपी छ लाख उनान्नब्बे हजार छ सय पचहत्तर मात्र) शुल्क प्रदान गरिएको छ ।

(ई) **विज्ञहरु :** कम्पनीको वित्तीय प्रक्षेपणका विवरणहरु यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री शिशिर बि. एण्ड एसोसिएट्स चार्टड एकाउन्टेन्टले गर्नुभएको र सो कार्य गरे वापत निजलाई कर सहित रु ३३,९००/- (अक्षरेपी तेत्तीस हजार नौ सय रुपैंया मात्र) शुल्क भुक्तानी गरिएको छ ।

(उ) **लेखापरीक्षक**: यस कम्पनीको आ.व. ०८१/८२ को लेखापरिक्षण सम्बन्धी कार्य श्री मिलन एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्टले गर्नु भएको हो । उक्त लेखापरिक्षणको कार्य गर्नका लागि सेवा शुल्क वापत कर सहित रु. १,१३,०००/- ( अक्षरेपी एक लाख तेह्र हजार रुपैया मात्र) प्रदान गरेको छ ।

(ऊ) **विद्युत नियमन आयोगबाट स्वीकृतिको लागि सेवा शुल्क :** रु. ४,००,०००/ (अक्षरुपी चार लाख मात्र)

(ऋ) **रेटिङ्ग शुल्क :** रु.१,१३,०००/ (अक्षरुपी एक लाख तेह्र हजार मात्र) कर सहित भुक्तानी गरिएको ।

(ए) **अन्य :**

**आयोजना प्रभावित क्षेत्रका लागि**: निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्रलाई आवेदन फाराम सहित रकम संकलन गरे वापत छुट्टै सम्झौता गरी सम्झौतामा उल्लेख भए वमोजिम शुल्क भुक्तानी गरिनेछ । सि- आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन लिने सदस्य संस्थाहरुलाई संकलित रकममा कुनै शुल्क प्रदान गरिने छैन । निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्रमार्फत संकलित रकम जम्मा गर्नका लागि आवश्यकता अनुसार निष्काशन बैंकमा खाता खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराईने छ ।

**सर्वसाधारणका लागि:** सि-आस्बा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनका लागि संकलन केन्द्रको रुपमा रहनेछन् ।

सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई निष्काशन कम्पनीबाट कुनै शुल्क भुक्तान गर्नुपर्ने छैन ।

**ग.१०.ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको।

**ग.१०.घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्यः** यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर प्रिमियम मूल्यमा नभई शेयरको अंकित मूल्य रु. १००/- मा निष्काशन गरिने छ ।

**ग.१०.ङ) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(क) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्तहुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

**आयोजनाको प्रभावित क्षेत्रका स्थानीयहरुको सम्बन्धमाः** आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि छुट्याइएको जारी पूँजीको १० प्रतिशतले हुन आउने ६,८९,६७,५००/-बराबरको ६,८९,६७५ कित्ता शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् नुवाकोट जिल्लाको दुप्चेश्वर गाँउपालिकाको सम्पूर्ण वडाबासी स्थानीय बासिन्दाहरु बाट अत्याधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था बमोजिम साधारण शेयरहरु बाँडफाँड गरिनेछ । तर यदि माथि उल्लेखित स्थानीयहरुबाट न्यून माग भई आएको अवस्थामा न्यून माग भइ आएका क्षेत्रका स्थानीयलाई बाँडफाँड हुन बाँकी धितोपत्रलाई सर्वसाधारणमा निष्काशित/जारी गरिएको धितोपत्रमा थप गरी बाँडफाँड गरिनेछ ।

आयोजना प्रभावित क्षेत्रका लागि छुट्याएको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ ।

**<u>वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको सम्बन्धमा</u> :** नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने ६,८९,६७५ कित्ता धितोपत्रको १० प्रतिशत हुन आउने ६८,९६७ कित्ता साधारण शेयरका लागि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौ संशोधन २०७९) मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (नवौं संशोधन सहित) को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समुहमा थप गरी जारी गरिनेछ ।

**<u>सर्वसाधारण शेयरधनीहरुको सम्बन्धमा</u>**ः यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदका लागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ ।

नोटः आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिने ६,८९,६७५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात नुवाकोट जिल्लाको दुप्चेश्वर गाँउपालिकाको सम्पूर्ण वडाबासी स्थानीय बासिन्दाहरुको लागी र सर्वसाधारणमा निष्काशन गरिने ६,८९,६७५ कित्ता धितोपत्रको १० प्रतिशत अर्थात ६८,९६७ कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीलाई निष्काशन गरिनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई खरीद गर्न आव्हान गरेको शेयर पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ र यसरी थप गरी निष्काशन गर्दा वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु, सामुहिक लगानी कोषका लागि र सर्वसाधारणमा बिक्री गरिने शेयर संख्या परिवर्तन हुन सक्नेछ । त्यसैगरी, वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु, सामुहिक लगानी कोषका लागि सुरक्षित गरिएको शेयरहरु पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा बिक्री गरिने शेयरहरुमा थप गरी बिक्री वितरण गरिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था**ः शेयर विक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा २९ मा व्यवस्था भएको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ । कथम्कदाचित उक्त समय अवधिभित्र बाँडफाँड गर्न नसकेमा आवेदकलाइ दरखास्त वापत जम्मा गरेको रकम फिर्ता भुक्तानी गर्नु पर्नेछ । आस्बा अनिवार्य भएको अवस्थामा "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :** संकलन केन्द्रमार्फत संकलित रकममध्ये बाँडफाँडमा नपरेको रकम फिर्ता भुक्तानीमा ढिलाई भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था बमोजिम धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज वापतको रकम सहित फिर्ता भुक्तानी गरिनेछ ।
सि-आस्बा मार्फत आवेदन दिने आवेदकहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन ।

**वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारण शेयरधनीको हकमा:** वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारणहरुबाट सि-आस्बा मार्फत आवेदन प्राप्त हुने हुँदा निजहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन ।

(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा:** यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र (प्रत्यक्ष प्रभावित र अप्रत्यक्ष प्रभावित) का वासिन्दाहरुका लागि जारी गरिने ६,८९,६७५ कित्ता साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी बिक्री प्रबन्धकको वेबसाइट मार्फत सो को जानकारी गराइनेछ । बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई प्रमाणपत्र जारी नगरी बाँडफाँडमा परेको शेयर निजहरुले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइनेछ । हितग्राही खाता नभई भौतिक आवेदन फाराम मार्फत आवेदन दिई बाँडफाँडमा परेका आवेदनकर्ताहरुलाई निजहरुले हितग्राही खाता उपलब्ध गराए पश्चात् क्रमश: निजहरुले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई बाँडफाँड गरिएको शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले ३ वर्षसम्म बिक्री वितरण गर्न नपाईने गरी हितग्राही खातामा जम्मा गरिनेछ ।

**वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारण शेयरधनीको हकमा:** यस विवरणपत्र मार्फत वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारणको लागि जारी गरिने ६८,९६७ कित्ता साधारण शेयरहरुको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात् आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

(ङ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण:** निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भैसकेको छैन।

(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण:** निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनी आफै वा कम्पनीबाट नियुक्त शेयर रजिष्ट्रार मार्फत सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई बाँडफाँडमा परेका आवेदकहरुको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर जम्मा गरी शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ ।

## ग.१०.च) प्रत्याभूति सम्बन्धी विवरण :

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम:** यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणमा निष्काशन गर्न लागेको रु. १३,७९,३५,०००/- मूल्य बराबरको रु. १००/- अंकित दरका १३,७९,३५० कित्ता शेयरको खरीद प्रत्याभूतीकालागि श्री मुक्तिनाथ क्यापिटल लिमिटेडद्वारा खरीद प्रत्याभूतिको प्रतिवद्धता सहित सम्झौता भएको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य-मुख्य बूँदाहरु:** प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य-मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ :

१. निष्काशन कम्पनीले निष्काशन गर्न लागेको प्रति शेयर अंकित मूल्य रु. १००/- का दरले कुल ने. रु. १३,७९,३५,०००/- ( अक्षरेपी तेह्र करोड उनान्असी लाख पैतिस हजार मात्र) अर्थात १३,७९,३५० कित्ता साधारण शेयरका लागि प्रत्याभूतिकर्ता श्री मुक्तिनाथ क्यापिटल लिमिटेडले खरीद प्रत्याभूतिको दायित्व बहन गर्न मञ्जुर गर्दछ । प्रत्याभूतिको दायित्व प्रत्याभूत गर्न मन्जूर गरेको शेयर संख्यासम्म मात्र सिमित हुन्छ ।

२. निष्काशन कम्पनीले कुल निष्काशन रकमको ०.३०% का दरले अर्थात रु ४,१३,८५०/- (अक्षेरेपी चार लाख तेह्र हजार आठ सय पचास मात्र) प्रत्याभूतिकर्तालाई प्रत्याभूति शुल्कका रुपमा प्रदान गर्नेछ ।

३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु सर्वसाधारणबाट आंशिक वा पूर्ण रुपमा खरिद नभएको अवस्थामा खरिद प्रत्याभूतिकर्ताले माथि उल्लेखित प्रत्याभूति प्रतिवद्धता बमोजिम शेयर खरिद गर्ने मञ्जूर गर्दछ ।

४. यस सम्झौतापत्रको अवधि निष्काशन कम्पनी र धितोपत्र प्रत्याभूतिकर्ता बीच यस सम्झौतापत्रमा हस्ताक्षर भएको मितिबाट ६ महिना सम्मको लागि हुनेछ । सम्झौतापत्रमा हस्ताक्षर गरेको मिति वि.सं. २०८२/०५/०९ गते रहेको छ ।

५. निष्काशन कम्पनीले निष्काशन गर्न लागिएको शेयरको निष्काशन तथा बिक्री खुल्ला हुनु अगावै सार्वजनिक निष्काशनलाई प्रभावित गर्न सक्ने कुनै प्रकारको घटना घटेमा जस्तैः संचालकहरु वा १% भन्दा बढी शेयर धारण गर्ने संस्थापकहरु कर्जा सूचना केन्द्रको कालो सूचिमा परेमा वा (Force Majeure) जस्तै भुकम्प, बाढी, पहिरो र अन्य प्राकृतिक विपत्ती, बन्द हड्ताल जस्ता कारणले ठूलो नोक्सानी व्यहोर्नुपर्ने भएमा वा दायित्व श्रृजना भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभूतिकर्ताहरुलाई जानकारी गराउनु पर्नेछ । त्यसबाट आउन सक्ने जोखिमको पूनर्मूल्याङ्कन गरे पश्चात् मात्र यस सम्झौतापत्रको पालना गर्न गराउन निष्काशन कम्पनी मञ्जूर गर्दछ ।

६. उक्त सम्झौतापत्रको व्याख्यामा कुनै विवाद वा विभेद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ । यदि मध्यस्थता आवश्यक परेमा एक-आपसबाट स्वीकार गरिएका मध्यस्थकर्ता नियुक्त गरिनेछ जस्को निर्णय दुवै पक्षका लागि अन्तिम र बाध्यकारी हुनेछ । निष्काशन कम्पनी र खरीद प्रत्याभूतिकर्ताहरुले समान अनुपातमा मध्यस्थकर्ता सम्बन्धी सबै खर्चहरु संयुक्त रुपमा व्यहोर्नेछन् र प्रत्याभूतिकर्ताहरुले पनि उल्लेखित प्रतिशतको प्रत्याभूत गरिएको शेयरको अनुपातमा मध्यस्थकर्ता सम्बन्धी खर्चहरु व्यहोर्नेछन् ।

७. यस सम्झौताको कार्यान्वयन तथा व्याख्या प्रचलित कानून तथा मूलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम हुनेछ ।

## ग.१०.छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण :** धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानुन बमोजिम गरिनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा. ट्रेडटावर, थापाथली र यस निष्काशन कार्यकालागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १०(दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० (पचास हजार) कित्ता साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**आयोजना प्रभावितक्षेत्रका बासिन्दाहरुको हकमा**: आयोजना प्रभावित क्षेत्रका सम्पूर्ण स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरीद गर्न आवेदन दिन सक्नेछन् :

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजनाको प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित/पुष्टी हुने कागजात/प्रमाणपत्र सहित दरखास्त फाराम बुझाउनु पर्नेछ ।

२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा सो क्षेत्रमा स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धित नगरपालिका/गाउँपालिकाले सिफारिश गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

३. १६ वर्ष भन्दा कम उमेरका लागि आमाबाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।

४. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्विकृत भएको मिति वा सो पूर्व अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट आयोजना प्रभावित क्षेत्रमा बसाईं सराई गरी आएका बासिन्दाले यस विवरणपत्र स्विकृत भएको मितिसम्ममा बसाई/सराई गरी आएको व्यहोरा तथा मिति उल्लेख गरिएको स्थानीय निकायबाट जारी बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. आयोजना प्रभावित क्षेत्रको स्थानीय बासिन्दा हो वा होईन भन्ने सम्बन्धमा वा शेयर खरीद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित नगरपालिका/गाउँपालिका वा जिल्ला समन्वय समितिबाट स्थानीय हो भन्ने व्यहोराको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजनाको प्रभावित क्षेत्र छोडी अन्य क्षेत्र वा जिल्ला गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरीद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरीदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।

११. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ ।

१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरिने शेयरमा बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुन: आवेदन दिन पाउने छैनन् ।

१३. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

१४. रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नुपर्नेछ ।

१५. आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्य प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट समेत आवेदन फाराम बुझाउन सकिनेछ । तर त्यसरी सि-आस्वा मार्फत आवेदन दिने आवेदकको हितग्राही खातामा उल्लेख भएको विवरणमा नागरिकता जारी जिल्ला नुवाकोट र आयोजना प्रभावित क्षेत्र भित्र पर्ने स्थायी ठेगाना अनिवार्य उल्लेख भएको हुनुपर्नेछ । सो बाहेक अन्य जिल्लाबाट जारी भएको नागरिकता वा हितग्राही खाताको विवरणमा आयोजना प्रभावित क्षेत्र नखुलेको अवस्थामा त्यस्तो आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यस्ता आवेदकले तोकिएको संकलनकेन्द्र मार्फत नै आफु स्थानीय भएको पुष्टी हुने आवश्यक कागजात पेश गरी भौतिक आवेदन पेश गर्नुपर्नेछ ।

१६. हितग्राही खाता भएका स्थानीयले संकलन केन्द्र मार्फत भौतिक रुपमा आवेदन गर्दा आफ्नो हितग्राही खाता नं. समेत आवेदन फाराममा उल्लेख गर्न सक्नेछन् । त्यस्ता आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजको आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा जम्मा गरिनेछ ।

१७. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१८. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं. (प्यान) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**<u>वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :</u>**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

८. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

९. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१०. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
 क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
 ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
 ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
 घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
 ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
 च. आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।

११. आवेदकहरुले आवेदन दिंदा आस्बा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

१२. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१३. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१४. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नुपर्नेछ ।

१५. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१६. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१७. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**<u>सर्वसाधारणको हकमा :</u>**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा भर्नुपर्ने अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
 क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
 ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
 ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
 घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
 ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
 च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
 छ आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।

३. आवेदकहरुले आवेदन दिंदा आस्बा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

५. "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

६. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

७. दरखास्त फाराममा गलत विवरण भरेको वा उल्लेख गर्नुपर्ने सम्पूर्ण विवरण उल्लेख नगरेको वा भरेको नपाइएमा सो दरखास्त फारामलाई रद्द गरिनेछ ।

८. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नुपर्नेछ ।

९. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१०. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नम्बर र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नम्बर आवेदक स्वयंले यकिन गर्नुपर्नेछ ।

१२. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

## ग.११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** सो नभएको ।

**(ख) आधारभूत शेयरधनी :** सो नरहेको ।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** सो नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** यस संगठित संस्थामा अपि पावर कम्पनी लिमिटेडको ५९.६७ प्रतिशत अर्थात ३२,९२,००० कित्ता शेयर स्वामित्व ग्रहण गरिएको छ ।

**(ङ) संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :**
सो नभएको ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण वापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण :**
सो नभएको ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण**: कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** सो नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

## ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**क) लेखापरीक्षक/प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

- **लेखापरीक्षक**: कम्पनीको आ. व. २०८१/०८२ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण श्री मिलन एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्टले गर्नुभएको छ ।

**निष्काशन बैंक (Bankers to the Issue) :** यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | बैंक खाता नम्बर |
|---|---|---|---|
| १ | कुमारी बैंक लिमिटेड, नक्साल, काठमाण्डौ | केसिएल-सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक (KCL-SURYAKUNDA HYDRO ELECTRIC) | १२९००९८४०७२०००४१ |

- यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा श्री कुमारी बैंक लिमिटेड, नक्साल, काठमाण्डौ लाई तोकिएको छ । साथै आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी गराई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत निष्काशन बैंक तोक्न सकिने छ ।

- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ**: यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण कम्पनीले तयार पारेको छ ।

- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ**: यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउन्टेण्ट श्री शिशिर बि. एण्ड एसोसिएट्सका रहनु भएको छ ।

**(ख) माथि खण्ड (क)मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य-मुख्य बूदा तथा शर्तहरु :** सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण**: सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडका लागि संस्थापक शेयरधनीहरुको स्वःलगानी तथा लिड बैंकको रुपमा कुमारी बैंक लिमिटेड बाट ऋण व्यवस्थापन सम्झौता गरिएको छ । आर्थिक वर्ष २०८१/८२ को अषाढ मसान्त सम्ममा उक्त कर्जाको विवरण तपशिल बमोजिम रहेको छ :

| क्र. सं. | बैंक वित्तिय संस्थाहरुको नाम | हालसम्म प्राप्त कर्जा रकम | कर्जाको भुक्तानी अवधी | ब्याज भुक्तानीको तरिका | हालको ब्याजदर | हालसम्म भुक्तान गरीएको कर्जा रकम | हालको बाँकी कर्जा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | कुमारी बैंक लिमिटेड | १,२८३,९६०,३४४.७८ | कर्जा प्रवाह भएको १२० दिन भित्र दिर्घकालीन ऋणमा परिणत हुने | त्रैमासिक | १०% | ७८,६३०,९००.४१ | १,२०५,३२९,४४४.३७ |
| २ | नेपाल एसबिआई बैंक लिमिटेड | ४३२,८३८,९६०.३४ | | त्रैमासिक | १०% | २,०८४,३८९.८५ | ४३०,७५४,५७०.४९ |
| **जम्मा** | | १,७१६,७९९,३०५.१२ | | | | ८०,७१५,२९०.२६ | १,६३६,०८४,०१४.८६ |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा-मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा:** कम्पनीको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक रुपमा असर पार्ने गरी हालसम्म कुनै पनि प्रकारको विवाद, मुद्दा-मामिलाहरु परेको छैन ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :** यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । साथै, गुनासो सुन्न र सो को समाधानको लागि सम्पर्क अधिकारी श्री सबिन बुढाथोकीलाई निजकै कार्यालयमा वा निजलाइ कार्यालय समयभित्र कार्यालयको फोन नं ५९७००८२ (एक्स. २०३) मा सम्पर्क गरी आफ्नो गुनासो प्रेषित गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण:** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण:** हालसम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण:** हालसम्म कम्पनीले अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:** यस विवरण पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरु तथा आधारहरु गत आ.व.हरुको लेखा परिक्षण भइसकेका वित्तीय विवरणहरु, विद्युत बिक्री सम्झौता, आयोजना समाप्तिको अवधि तथा सोको लागतको अनुमान, आयोजनाका लागि ऋण लिने सम्बन्धमा बैंकसँग भएका सम्झौताहरु एवं हालको जलविद्युत बजारको स्थिति, कम्पनीको हालको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्ट संस्था श्री शिशिर बि. एण्ड एसोसिएट्सबाट प्रमाणित गरिएको छ ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**
गत तीन आर्थिक वर्षमा लेखापरीक्षकमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ :

| क्र.सं. | लेखापरीक्षकको नाम | लेखापरीक्षक बहाल रहेको अवधि | | परिवर्तनको कारण |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | के.पि.रेग्मी एण्ड एसोसिएट्स | ०७८ श्रावण | ०७९ आषाढ | लेखापरीक्षकको कार्यव्यस्थता |
| २ | एस एण्ड ए एसोसिएट्स | ०७९ श्रावण | ०८० आषाढ | लेखापरीक्षकको कार्यव्यस्थता |

गत तीन आर्थिक वर्षमा सञ्चालकहरुमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ :

| सि.नं. | संचालकहरुको नाम, थर | पद | संचालकमा बहाल रहेको अवधि | | परिवर्तनको कारण |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | पूर्ण लाल हिराचन | संचालक अध्यक्ष | २०८०/०३/२४ | २०८०/०७/०३ | कार्यव्यस्थता |
| २ | सकुन्त लाल हिराचन | संचालक | २०८०/०३/२४ | २०८०/०७/०३ | कार्यव्यस्थता |
| ३ | रजनी मर्हजन | संचालक | २०८०/०३/२४ | २०८०/०७/०३ | कार्यव्यस्थता |
| ४ | मान बहादुर ज्वारचन | स्वतन्त्र संचालक | २०८०/०३/२४ | २०८०/०७/०२ | कार्यव्यस्थता |
| ५ | इन्द्रमणि त्रिताल | संचालक | २०८०/०७/०३ | २०८१/०२/०३ | कार्यव्यस्थता |
| ६ | सतिस न्यौपाने | संचालक अध्यक्ष | २०८०/०७/०३ | २०८२/०५/२० | कार्यव्यस्थता |

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
कम्पनी सचिवको नाम : सिद्धार्थ शर्मा
ठेगाना : कलैया वडा नं. ११, बारा, नेपाल

योग्यताः स्नातक

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण** : कम्पनीको मिति २०८०/०३/२२ गते बसेको सञ्चालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु. १००/- अंकित दरको १३,७९,३५० कित्ता साधारण शेयरमध्ये रु. ६,८९,६७,५००/- बराबरको रु. १००/- अंकित दरको ६,८९,६७५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि र रु. ६,८९,६७,५००/- बराबरको रु. १००/- अंकित दरको ६,८९,६७५ कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्काशन गर्ने निर्णय भएको छ। साथै सो निष्काशन सम्बन्धी कार्य गर्नका लागि कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गर्ने निर्णय गरिएको छ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** आयकर ऐन, २०५८ को दफा ११ (३) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो दश वर्षसम्म पुरै आयकर छुट तथा सो पश्चात ५ वर्ष को लागि पचास प्रतिशत आयकर छुट पाउनेछ। साथै, विद्युत ऐन, २०४९ को दफा १२ (७) तथा आर्थिक ऐन, २०७२ को दफा (२) को उपदफा (१) अन्तर्गत आयोजना निर्माणको लागि आवश्यक स्टील पाइप, उपकरण आदिको आयातमा भन्सार महशुल १ प्रतिशत लाग्ने एवं मूल्य अभिवृद्धि कर पुरै छुट हुने सुविधा दिइएको छ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**
कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।
१.कम्पनीको रजिष्टर्ड (केन्द्रिय) कार्यालय का.म.न.पा., वडा नं. ११, ट्रेडटावर, थापाथली काठमाडौं।
२.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक- कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल काठमाडौं।

(छ) **बोनस शेयर सम्बन्धी व्यवस्था** : कम्पनीले प्रचलित ऐन, कानून र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुराः** यस विवरणपत्रद्वारा कम्पनीले निष्काशन गरिएको आफ्नो जारी पूँजी रु. ६८,९६,७४,४००/- को २० प्रतिशत अर्थात् १३,७९,३५० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जस मध्ये यस विवरण पत्र मार्फत जारी पूँजीको १० प्रतिशत अर्थात् प्रति साधारण शेयर रु. १००/- अङ्कित मूल्य (Par Value) का कुल ६,८९,६७५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि सुरक्षित गरिएको छ। त्यसैगरी, सर्वसाधारणको लागि छुट्याईएको ६,८९,६७५ कित्ता शेयरको १० प्रतिशतले हुन आउने ६८,९६७ कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि, २ प्रतिशतले हुन आउने १३,७९३ कित्ता शेयर निष्काशन कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि र ५ प्रतिशत अर्थात ३४,४८४ कित्ता शेयर सामूहिक लगानी कोष योजनाहरुको लागि सुरक्षित गरिएको छ।

(झ) **कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**
कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्थाः**
**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**
आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त बुझिलिने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ।

| क्र.स. | संकलन केन्द्रको नाम | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड, आयोजना स्थाल, दुप्चेश्वर गाउँपालिका (साबिकको घ्याङफेदी गा.वि.स.) नुवाकोट। | नन्द कुमार मण्डल | ९७४५३०६८२२ |
| २. | श्री ज्योती विकास बैंक लिमिटेड, समुन्द्रटार शाखा | अन्जना वस्ती | ९८०२३१४१९६ |
| ३. | श्री कृषि विकास बैंक लिमिटेड, खरानिटार शाखा | संगिता श्रेष्ठ | ९८४१४३३१५५ |

| | | | |
|---|---|---|---|
| ४. | श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खरानिटार शाखा | आशिष रुपाखेती | ९८५१२३७१६८ |
| ५. | श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड, रजिष्टर्ड कार्यालय, ट्रेडटावर थापाथली वडा नं. ११, काठमाडौं । | भानु भारती | ९८०११४७०७६ |

**बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**: यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लि.बाट इस्युर रेटिङ्ग गराई सो को रेटिङ्ग **मिति २०८२/०८/०२ गते** [CARE-NP BB-( IS) {Double B Minus (Issuer)}" प्रमाणपत्र प्राप्त गरेको छ । जसले समयमै कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैद्यता **मिति २०८३/११/०८** सम्म रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ. "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरु जनाउँदछ । दिईने आधारहरुमा प्रयोग गरिने "+(Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँदछ ।

(ठ) **विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण** : यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौं रहेको छ ।

(ड) **सकारात्मक पक्षहरु :**

- आयोजनाबाट प्राप्त हुने आयमा आयोजनाले व्यावसायिक उत्पादन गरेको मिति बाट पहिलो १० वर्ष पूर्ण रुपमा आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- कम्पनीको संस्थापक तथा सञ्चालकहरु जलविद्युत क्षेत्रमा लामो अनुभब हासिल गरी विभिन्न जलविद्युत परियोजनाहरु विकास र निर्माण कार्यमा सफल रहेको ।

(ढ) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था**: नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले नियुक्त गरेको शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(ण) **धितोपत्र बिक्री खुल्ला अवधि**: यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन दिन र बढीमा १५ दिनसम्म हुनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सर्वसाधारणहरुको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ ।

(त) **धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ को नियम ९(३) मा भएको व्यवस्थाहरुको विवरण :**

१. **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको** : कम्पनीले मिति २०६४/०२/३० मा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०८०/०३/२१ गते पब्लिक लिमिटेडको रुपमा परिणत भई मिति २०८०/०३/२५ गते कारोवार संचालन स्वीकृति प्राप्त गरी आफ्नो उद्देश्य अनुसारको कारोबार संचालन गरिरहेको छ ।

२. **प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको** : यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०८२/०८/१२ गते सम्पन्न भएको बार्षिक साधारण सभाबाट अनुमोदन भए अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए बमोजिमको चार्टर्ड एकाउण्टेण्ट श्री मिलन एसोसिएट्सलाई नियुक्ती गरि कम्पनीको आ.व. २०८१/०८२ सम्मको लेखापरिक्षण कार्य समेत सम्पन्न भैसकेको छ ।

३. **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृत लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृती लिइसकेको :** कम्पनीले आफ्नो उद्देश्य अनुसार माथिल्लो तादी जलविद्युत आयोजनाबाट विद्युत उत्पादनको लागि विद्युत ऐन २०४९, बमोजिम विद्युत उत्पादनको अनुमति पत्र विद्युत विकास विभागबाट मिति २०७२/०७/१८ गते प्राप्त गरिसकेको छ । सो आयोजनाको निर्माण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुसार विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्रसारण प्रणाली भएको ठाउँमा पुर्‍याई बिक्री गर्ने, प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गर्ने सम्झौता मिति २०६८ साल चैत्र ०३ गते भैसकेको छ ।

४. **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माणकार्य शुरु गरिसकेको** : कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गाहरु खरीद गरिएको र सरकारी वन क्षेत्रको जग्गा नेपाल सरकारबाट लिजमा भोगाधिकारका लागि प्रक्रियामा रहेको तथा आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०८२/०३/२५ गतेबाट परिक्षण उत्पादन शुरु गरेको र मिति २०८२/०४/१२ गतेबाट पूर्ण रुपमा व्यापारिक उत्पादन गरिरहेको छ ।

५. **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा**: यस आयोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार सामानको प्राप्ति समेत भई आयोजनाको निर्माण कार्य सप्पन्न गरिएको छ ।

६. **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता :** कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए बमोजिम सर्वसाधारणमा साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक श्री कुमारी क्यापिटल लिमिटेडसँग सम्झौता भैसकेको ।

७. **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको**: यस कम्पनीको आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

८. संस्थापकहरुले आफुले लिन कबुल गरेको ५५,१७,३९४ कित्ता शेयरको प्रति शेयर रु. १००/- का दरले हुन आउने रु. ५५,१७,३९,४००/- शत् प्रतिशत चुक्ता भैसकेको छ ।

९. **आयोजना निर्माणका लागि फाइनान्सिएल क्लोजर (Financial Closure) भैसकेको**: यस आयोजना निर्माणका लागि लिड बैंकको रुपमा कुमारी बैंक लिमिटेडको अगुवाईमा नेपाल एसबिआई बैंक लि. को सहभागितामा सहवित्तियकरण मार्फत फाइनान्सिएल क्लोजर भै आयोजनाको निर्माण कार्य समेत सम्पन्न भईसकेको छ ।

१०. **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको :** सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडबाट उत्पादन हुने सम्पूर्ण विद्युत खरिदको लागि नेपाल विद्युत प्रधिकरण सँग मिति २०६८ चैत्र ०३ गते सम्झौता सम्पन्न भई कार्यान्वयन समेत भैसकेको छ ।

११. **सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम प्रत्याभुत गराएको** : सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम श्री मुक्तिनाथ क्यापिटल लिमिटेडद्वारा प्रत्याभुति गर्ने प्रतिबद्धता प्राप्त भएको छ ।

१२. **विद्युत नियमन आयोगबाट प्राथमिक सार्वजनिक निष्काशनका लागि स्वीकृति प्राप्त भएको** : यस सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणकालागि निष्काशन गर्न लागेको कुल १३,७९,३५० कित्ता धितोपत्रको प्राथमिक सार्वजनिक निष्काशनका लागि श्री विद्युत नियमन आयोगको मिति २०८१/०१/२४ को पत्रबाट स्वीकृति प्राप्त भएको छ ।

### ग.२३ संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीको संचालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री संजिव न्यौपाने | अध्यक्ष | |
| २. | मधुसुदन कोइराला | कार्यकारी सञ्चालक | |
| ३. | श्री सिर्जना खड्का | संचालक | |

२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :


कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your Future
(A wholly owned subsidiary of Kumari Bank Limited)
Licensed by Securities Board of Nepal (SEBON)

Head Office
Kathmandu - 1, Durga Bhawan, Nagpokhari
Phone : 977-1-5970082
Email : info@kumaricapital.com
Website : www.kumaricapital.com
Co. Regd. No. 176694 / 074 / 075
PAN : 606868806


Ref: F/Y-2082/083-MB-630

मिति: २०८२/०५/१५

**श्री नेपाल धितोपत्र वोर्ड,**
खुमलटार, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स सर्टिफिकेट बारे ।**

महोदय,
केन्द्रीय कार्यालय काठमाडौं महानगरपालिक-१४, ट्रेडटावर, थापाथली काठमाण्डौ ठेगाना भएको श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रीक लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/– अंकित दरको १३,७९,३५० (तेह्र लाख उनान्असी हजार तिन सय पचास मात्र) कित्ता साधारण शेयर सार्वजनिक निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी भए अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानुन अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा धितोपत्र ऐन २०६३ वा यस ऐन अर्न्तगत बनेका नियम, विनियमाली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण गर्दछौं ।
४. हाम्रो विचारमा कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।
५. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
६. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबंधक तर्फबाट
**कुमारी क्यापिटल लिमिटेड**
**नाम** : श्री पुष्प शर्मा
**पद** : प्रमुख कार्यकारी अधिकृत
**दस्तखत** :
**कार्यालयको छाप** : कुमारी क्यापिटल लिमिटेड KUMARI CAPITAL LIMITED Invest for your Future

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र

**SHISHIR B. & ASSOCIATES**
*Chartered Accountants*
**Firm Registration No.: 1025**

Baluwatar
Kathmandu-4, Nepal
Phone : 977 9851185267
E-mail: ca.shishirb@gmail.com

**Report on Examination of Projected Financial Statements**

To the Board of Directors
Suryakunda Hydro Electric Limited
Kathmandu, Nepal

We have examined the projected financial statements of Suryakunda Hydro Electric Limited (the Company), for the period from FY 2082-2083 to FY 2084-2085, in accordance with Nepal Standard on Assurance Engagement 3400, "The Examination of Prospective Financial Information", issued by the Institute of Chartered Accountants of Nepal. The preparation and presentation of the projection including the underlying assumptions, set out in "Annexure A" to the projected financial statements and additional disclosures provided in "Annexure B", is the responsibility of the Management. Our responsibility is to examine the evidence supporting the forecast. Our responsibility does not include verification of the forecasts. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the prerequisites of Securities Board of Nepal (SEBON) for approval to issue initial public offering of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection and the additional disclosures required by SEBON mentioned in "Annexure B" is properly prepared on the basis of the assumptions as set out in "Annexure A" to the Projected Financial Statements and on a consistent basis with the historical financial statements as per the relevant financial reporting framework.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

This report is issued after revision of certain assumptions made by management, in replacement of earlier report issued on 2025.08.29.

For Shishir B. & Associates
Chartered Accountants

Shishir Bhattarai
Proprietor

SHISHIR B. & ASSOCIATES CHARTERED ACCOUNTANTS

Date: November 30, 2025
Place of Signature: Kathmandu, Nepal
UDIN: 251130CA00936yVMng

**SHISHIR B. & ASSOCIATES**
*Chartered Accountants*
**Firm Registration No.: 1025**

Baluwatar
Kathmandu-4, Nepal
Phone : 977 - 9851185267
E-mail: ca.shishirb@gmail.com

**Report on Review of Historical Financial Statements**

To the Board of Directors
Suryakunda Hydro Electric Limited
Kathmandu, Nepal

***Introduction***

We have reviewed the accompanying financial statements of Suryakunda Hydro Electric Limited, which comprise the statement of financial position as at Ashwin 31, 2082, and the statement of profit or loss and comprehensive income, statement of changes in equity and statement of cash flows for the quarter then ended, and a summary of significant accounting policies and other explanatory information.

***Management's Responsibility for the Financial Statements***

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with the Nepal Financial Reporting Standard (NFRS) and applicable laws and regulations. The responsibility also includes designing, implementing, and maintaining such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

***Reviewer's Responsibility***

Our responsibility is to express a conclusion on the accompanying financial statements. We conducted our review in accordance with Nepal Standard on Review Engagements (NSRE) 2400 (Revised) , Engagements to Review Historical Financial Statements. NSRE 2400 (Revised) requires us to conclude whether anything has come to our attention that causes us to believe that the financial statements, taken as a whole, are not prepared in all material respects in accordance with the applicable financial reporting framework. This Standard also requires us to comply with relevant ethical requirements.

A review of financial statements in accordance with NSRE 2400 is a limited assurance engagement. We perform procedures, primarily consisting of making inquiries of management and others within the entity, as appropriate, and applying analytical procedures, and evaluate the evidence.

The procedures performed in a review are substantially less than those performed in an audit conducted in accordance with Nepal Standards on Auditing. Accordingly, we do not express an audit opinion on these financial statements.

SHISHIR B. & ASSOCIATES CHARTERED ACCOUNTANTS

***Conclusion***

Based on our review, nothing has come to our attention that causes us to believe that these financial statements do not present fairly, in all material respects, the financial position of the Company as at Ashwin 31, 2082, and its financial performance and cash flows for the quarter then ended, in accordance with the Nepal Financial Reporting Standard (NFRS).

Shishir Bhattarai
Proprietor
Shishir B. & Associates
Chartered Accountants

Date: November 30, 2025
Place: Kathmandu, Nepal
UDIN: 251130CA009368mWpm

Firm Regd. No. 910
PAN No. 109001823

**MILAN ASSOCIATES**
Baluwatar, Kathmandu, Nepal
Email: milanassociates@gmail.com

**INDEPENDENT AUDITOR'S REPORT**
**TO THE SHAREHOLDERS OF SURYAKUNDA HYDRO ELECTRIC LIMITED**

**Report on the Audit of the Financial Statements**

***Opinion***
We have audited the accompanying financial statements of **Suryakunda Hydro Electric Limited (the Company)** which comprise the Statement of Financial Position as at Ashadh 32, 2082 (16 July 2025), the Statement of Profit or Loss, Statement of Changes in Equity and the Statement of Cash Flow for the year then ended and notes to the financial statements including the summary of significant accounting policies.

In our opinion and to the best of our information and according to the explanations provided to us, the accompanying financial statements present fairly, in all material respects, the financial position of the Company as at Ashadh 32, 2082 (16 July 2025) and its financial performance and its cash flows for the year then ended in accordance with the Nepal Financial Reporting Standards (NFRSs).

***Basis for Opinion***
We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements Section of our report. We are independent of the Company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

***Key Audit Matters***
Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements for the year ended Ashadh 32, 2082 (16 July 2025). These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

We have determined that there are no key audit matters to be communicated through this report

***Responsibility of management and those charged with governance for the financial statements***
The management of the Company is responsible for the preparation and fair presentation of these financial statements in accordance with NFRSs and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

MILAN ASSOCIATES CA KATHMANDU

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

***Auditor's responsibilities for the audit of the financial statements***

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgement and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the financial statements, whether due to fraud or error, design and performed audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omission, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion of the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cause significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosure in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

MILAN ASSOCIATES CA KATHMANDU

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identified during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

***Report on Other Legal and Regulatory Requirements***

Based on our examination, we further report that:

i. We have obtained all the information and explanations, which, to the best of our knowledge and belief, were considered necessary for the purpose of our audit;

ii. Proper books of accounts as required by law have been kept by the Company as far as appears from our examination of such books;

iii. The Statement of Financial Position as at Ashadh 32, 2082 (16 July 2025), the Statement of Profit or Loss, the Statement of Changes in Equity and the Statement of Cash Flow for the year then ended are prepared in accordance with the Company Act, 2063 and the same are in agreement with the books of accounts maintained by the Company;

iv. During our examination of the books of account of the Company and to the best of our information and explanations given to us, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any office holder or any employee of the Company has acted deliberately contrary to the provisions of law relating to accounts or committed any misappropriation or caused loss or damage to the Company relating to the accounts in the Company.

MILAN ASSOCIATES CA KATHMANDU

CA. Milan Rai
Proprietor
Milan Associates
Chartered Accountants

Date: 26 Ashwin 2082
Place: Kathmandu, Nepal
UDIN: 251029CA015068DRKBp